# बालमैत्री विद्यालयमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

शिक्षाशास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र

**शोधकर्ता**
बाबुराम पोखरेल
एम.एड.दोस्रो वर्ष
परीक्षा रो.नं. २१४०१६९(२०६४)
त्रि.वि.द.नं. २६९४-८४

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

२०६६

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८
☎ : ०२१-५४५६१७
☎ : ०२१-५४५७१७
फ्याक्स : ०२१-५४५७१७

पत्र सङ्ख्या :
चलानी नम्बर :

मिति २०६६/०३/०७

विषय : शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालित सुकुना बहुमुखी क्याम्पस शिक्षा शास्त्र संकायको शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री बाबुराम पोखरेलले बालमैत्री विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था विषयको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । नीजबाट तयार पारिएको प्रस्तुत अध्ययन कार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...................................
तोयानाथ अधिकारी
शोध निर्देशक
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

सुकुना बहुमुखी क्याम्पस

SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ

INDRAPUR, MORANG

स्थापित : २०४८

☎ : ०२१-५४५६१७

☎ : ०२१-५४५७१७

फ्याक्स : ०२१-५४५७१७

पत्र सङ्ख्या :

चलानी नम्बर :

मिति २०६६/५/२६

विषय : स्वीकृत पत्र

**बालमैत्री विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था** शीर्षक राखी त्रि.वि.अन्तर्गत सञ्चालित सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङको शैक्षिक योजना तथा व्यवस्थापन विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री बाबुराम पोखरेलले उपप्राध्यापक श्री तोयानाथ अधिकारीज्यूको निर्देशनमा तयार पार्नुभएको शोधपत्रलाई मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**शोधमूल्याङ्कन समिति**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | (signed) |
| २. | श्री तोयानाथ अधिकारी | शोधनिर्देशक | (signed) |
| ३. | श्री गणेशप्रसाद दहाल | सदस्य, शोध समिति | ........ |
| ४. | श्री हेमराज ढकाल | बाह्‍य परीक्षक | (signed) |

EXAMINED

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र **बालमैत्री विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था** नविनतम विषयमा आधारित छ । यसले भोलिका दिनमा बालमैत्री विद्यालयसँग सम्बन्धित विषयमा गरिने अध्ययन अनुसन्धानका लागि उपयोगी कार्य गर्नेछ । पुराना अनुसन्धानमा टेकेर नयाँ दिनमा नयाँ अनुसन्धानहरू गर्नका लागि यसले मार्ग प्रसस्त गर्नेछ ।

यो शोधपत्र श्री सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङका उप-प्राध्यापक श्री तोयानाथ अधिकारीज्यूको कुशल निर्देशनमा तयार पारिएको छ । आफ्नो व्यक्तिगत, प्राज्ञिक एवं प्राध्यापनसम्बन्धी व्यस्तताको बाबजुद पनि शोधपत्रको शुरुदेखि अन्त्यसम्म निरन्तर रूपमा सद्भावपूर्ण तरिकाले समय दिएर अमूल्य सुझाव, सल्लाह र निर्देशन दिनु हुने शोध निर्देशकज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध प्रस्ताव स्वीकृतिदेखि शोधपत्र तयारीका क्रममा पनि विभिन्न रचनात्मक टिप्पणी तथा सल्लाह दिई यस विषयमा अनुसन्धान गर्ने अवसर प्रदान गर्नु हुने तथा अनुसन्धान कार्यलाई सहज बनाउनु हुने श्रद्धेय क्याम्पस प्रमुख श्री रामप्रसाद काफ्लेज्यू, सहायक क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठज्यू तथा शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति आभार प्रकट गर्न चाहन्छु ।

अनुसन्धानका क्रममा सूचना संकलनमा सहयोग पुऱ्याउनु हुने प्र.अ. शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थी, प्रशिक्षक, वि.नि. तथा स्रोतव्यक्तिज्यूहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्र लेखन, परिमाजर्न तथा प्रुफमा सहयोग पुऱ्याउनु हुने दाजु मनोहरि पोखरेल, श्रीमती द्रोणकुमारी पोखरेल तथा अनन्य मित्र नीलमणि खनालप्रति सदा ऋणी छु साथै बाल्यकालदेखि नै शिक्षा आर्जन गर्न सदा प्रोत्साहन गर्नु हुने माता निर्मला पोखरेललाई म श्रद्धा व्यक्त गर्न चाहन्छु र शिक्षाको श्रीगणेश गराउने बाल्यकालका गुरु टेकनाथ भट्टराई, इन्दु पोखरेल, ऋषिकेश पोखरेल र श्री अन्नपूर्ण राष्ट्रिय प्रा.वि. खार्पा रातमाटा र शारदा उ.मा.वि. खार्पाको श्रद्धामय स्मरण गर्न चाहन्छु । यस शोधपत्र टंकनमा सहयोग पुऱ्याई पूर्णता प्रदान गर्नु हुने भाइ राजुप्रति म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा मेरो कार्यप्रति श्रद्धा राख्नु हुने, समय समयमा विभिन्न राय, सल्लाह, सुझाव प्रदान गर्नु हुने तथा सदा कल्याण चाहनु हुने र उत्साह प्रदान गर्नु हुने सम्पूर्ण आफन्तजन, मित्रवर्ग, सहपाठी साथीहरू र शुभचिन्तक महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो मेहनत र परिश्रमबाट तयार भएको यो शोधपत्र उपयोगी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

बाबुराम पोखरेल

## शोध सार

विद्यार्थीहरूले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो र मनोवैज्ञानिक रूपमा मर्यादित र मनोबल उच्च महसुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । बालमैत्री विद्यालयले बाल सहभागिता, समावेशीकरण, विभेद र दण्डको अन्त्य, सक्रिय र प्रभावकारी सिकाइसहितको रमाइलो विद्यालय वातावरणमा जोड दिन्छ । प्रत्येक बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्न, उनीहरूलाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयको वातावरण, शिक्षकले सञ्चालन गर्ने शिक्षण-सिकाइ क्रियाकलाप र शिक्षकका व्यवहारहरू मैत्रीपूर्ण हुन आवश्यक छ ।

विद्यालयप्रति बालबालिकाहरूलाई आकर्षित गर्न, कक्षाकोठालाई रूचीपूर्ण बनाउन, शिक्षण-सिकाइ क्रियाकलापमा प्रभावकारिता र सान्दर्भिककता ल्याउन, बालबालिकाहरूप्रति शिक्षकले गर्ने व्यवहार मैत्रीपूर्ण बनाउन, विद्यालयमा दण्ड र भयरहित वातावरण सिर्जना गर्न र बालअधिकारको संरक्षण गर्न प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय सञ्चालक, शैक्षिक नीति निर्माता, शैक्षिक योजनाकार आदिका लागि यो अध्ययनको प्राप्ति तथा निष्कर्ष उपयोगी हुनेछ । बालमैत्री विद्यालय स्थापनामा नेपाल सरकारले नै नयाँ नीति अगाडि सारेको यस अवस्थामा बालमैत्री विद्यालयमा सञ्चालन गरिने शिक्षण-सिकाइ क्रियाकलाप पहिचान गर्न अति जरुरी भएको हुँदा यो अध्ययन गरिएको हो ।

बालमैत्री विद्यालयमा सञ्चालन गर्न उपयुक्त हुने शिक्षण-सिकाइ क्रियाकलाप पहिचान गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । त्यसकारण बालमैत्री विद्यालयमा कस्ता शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छन् ? भन्ने मूल अनुसन्धानात्मक प्रश्नलाई निष्कर्षमा पुऱ्याउन यो अध्ययन केन्द्रित रहेको छ ।

बालबालिकाहरू नै सिकाइका केन्द्रविन्दु हुन् । बालकेन्द्रीत शिक्षण विधिहरू र खास गरि खेलको माध्यमबाट सिकाइ गर्ने सक्रिय सिकाइका पद्धतिहरू बालमैत्री विद्यालयका आधारहरू हुन् । मण्टेश्वरी (सन् १९४२) को स्व तथा स्वत शिक्षा तथा विद्यालयलाई बालबालिकाको घरको रूपमा विकास गर्ने सैद्धान्तिक आधारमा यो अध्ययनलाई पूर्णता दिइएको छ । प्लान इन्टरनेशनल (सन् २००८) ले गरेको अध्ययनको निष्कर्ष स्वरूप विना डर सिकौं (Learn without fear) भन्ने अर्न्राष्ट्रिय अभियानबाट पनि यस अध्ययनलाई थप आधार प्राप्त भएको छ ।

यस अध्ययनमा आगमन विधिको प्रयोग गरी गुणात्मक तरिकाले व्याख्यात्मक विश्लेषण गरी शोध शीर्षकसम्बन्धी समस्यालाई समाधान गरिएको छ । उद्देश्यमूलक नमूना छनोट प्रक्रियालाई अपनाइ मोरङ जिल्लामा सञ्चालित बालमैत्री विद्यालयका नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, विद्यार्थी एवम् वि.नि. स्रोतव्यक्ति तथा प्रशिक्षकहरूसँग अन्तर्वार्ता, छलफल, प्रश्नावलीका माध्यमबाट सूचनाहरू लिइएको छ साथै विद्यालयहरूको प्रत्यक्ष अवलोकन पनि गरिएको छ ।

बालमैत्री विद्यालयका विशेषताहरू, शिक्षकको भूमिका, कक्षा क्रियाकलापहरू, दायित्व तथा शैक्षिक उपलब्धि, सिकाइ प्रक्रिया, विद्यालयको वातावरण, कक्षा व्यवस्थापन जस्ता विषय पक्षमा प्राप्त सूचनाहरू तथा तथ्याङ्कहरूलाई विश्लेषण गरेर यो अध्ययनलाई पूर्णता दिइएको छ । हालसम्म बालमैत्री विद्यालयको सन्दर्भमा सैद्धान्तिक स्पष्टता विद्यालयहरूमा प्राप्त भैनसकेको अवस्था भए तापनि बालकेन्द्रित शिक्षण पद्धति अपनाएर सक्रिय सिकाइ, दण्डरहीत सिकाइ, विद्यार्थी सहभागिता, समावेशीकरण र विद्यालयमा रमाइलो शिक्षण वातावरण सिर्जनामा भने विद्यालयहरू लागि परेको अवस्था पाइयो । बालमैत्री विद्यालयमा सञ्चालन गरिने खेलको माध्यमबाट शिक्षण, बालगीत, कविता तथा कथाको प्रयोग, अभिनय तथा नाटकीकरण, परियोजना कार्य, क्षेत्र भ्रमण र सिर्जनात्मक कार्य प्रमुख शिक्षण-सिकाइ क्रियाकलापहरू हुन् ।

बालमैत्री विद्यालयमा शिक्षक पथ प्रदर्शक तथा निर्देशकको रूपमा रहेर विद्यालयहरूलाई स्व-सिकाइका लागि उपयुक्त रमाइलो वातावरण सिर्जना गर्न कार्यरत रहनु पर्ने र खेलको माध्यमबाट सिकाइ, बालगीत, कविता तथा कथाको प्रयोग, अभिनय तथा नाटकीकरण, परियोजना कार्य, क्षेत्र भ्रमण र सिर्जनात्मक कार्यजस्ता कक्षा कार्य सञ्चालन गर्नुको साथै विद्यालयमा योजनाबद्ध अतिरिक्त क्रियाकलाप सञ्चालन, मनोवैज्ञानिक छात्रवृत्तिको व्यवस्था, शान्ति शिक्षाको व्यवस्था, विना डर सिक्ने अवस्थाको सिर्जना गरेर वास्तविक र अर्थपूर्ण सिकाइको लागि विद्यालयहरू लागिपर्नु पर्ने देखिन्छ । विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न केन्द्रदेखि विद्यालय तहसम्म सबै पक्ष समन्वयात्मक रूपमा योजनाबद्ध कार्यमा जुट्न आवश्यक देखिन्छ र विद्यलयलाई बालबालिकाहरूको आफ्नै घरको रूपमा विकास गराउनु पर्ने देखिन्छ ।

## सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| प्र.अ. | - | प्रधानाध्यापक |
| वि.नि. | - | विद्यालय निरीक्षक |
| स्रो.व्य. | - | स्रोतव्यक्ति |
| जि.शि.अ. | - | जिल्ला शिक्षा अधिकारी |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| नि.मा.वि | - | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| उ.मा.वि. | - | उच्च माध्यमिक विद्यालय |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| न.पा. | - | नगरपालिका |
| जि.वि.स. | - | जिल्ला विकास समिति |

# विषयसूचि

## परिच्छेद : एक
## परिचय


१.१. पृष्ठभूमि १

१.२. समस्याको कथन ५

१.३. अध्ययनको औचित्य ६

१.४. अध्ययनको उद्देश्य ७

१.५. अनुसन्धानात्मक प्रश्न ७

१.६. अध्ययनको परिसिमा ८


## परिच्छेद : दुई
## सैद्धान्तिक ढाँचा तथा पूर्व साहित्यको पुनरावलोकन


२.१ बालमैत्री विद्यालयको सैद्धान्तिक ढाँचा ९

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन १३

२.३. शैक्षिक उपादेयता १६


## परिच्छेद : तीन
## अनुसन्धान विधि


३.१ अनुसन्धानात्मक ढाँचा १८

३.२ नमुना छनौटका आधारहरू १८

३.३ अनुसन्धानका साधनहरू २०

३.४. तथ्याङ्क विश्लेषण प्रक्रिया २२


## परिच्छेद : चार
## तथ्याङ्कको विश्लेषण र विवेचना


४.१. नमुना छनौटमा परेका विद्यालयहरूको अभिलेखबाट प्राप्त सूचनाहरूको विश्लेषण २३

४.२. बालमैत्री विद्यालयका सम्बन्धमा प्रधानाध्यापक.तथा शिक्षकहरूबाट प्राप्त धारणा २९

४.३. बालमैत्री विद्यालयसम्बन्धी विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा अभिभावकहरूको धारणा ३७

४.४. बालमैत्री विद्यालयसम्बन्धी विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा प्रशिक्षकहरूको धारणा ४३

४.५. बालमैत्री विद्यालयका सन्दर्भमा विद्यार्थीहरूको धारणा ४७

४.६. नमुना विद्यालयहरूको अबलोकनबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण ५२

४.७. सैद्धान्तिक ढाँचाका आधारमा विद्यालयहरूको विश्लेषण ५७


## परिच्छेद : पाँच
## प्राप्ति, निश्कर्ष तथा सुझावहरू


५.१. प्राप्तिहरू ६४

५.२. निश्कर्ष ६८

५.३ सुझावहरू ७०

## तालिकासूचि


| तालिका नं. | तालिकाहरू | पेज नं. |
|---|---|---|
| १. | शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको विवरण तालिका | २४ |
| २. | दलित विद्यार्थीहरूमा शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्नेहरूको विवरण तालिका | २५ |
| ३. | जनजाति विद्यार्थीहरूमा शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्नेहरूको विवरण तालिका | २६ |
| ४. | जम्मा विद्यार्थीहरूको विवरण तालिका | २४ |
| ५. | नमुना विद्यालयको सिकाइ उपलब्धि विवरण तालिका | २७ |
| ६. | नमुना विद्यालयको शिक्षक विवरण तालिका | २८ |
| ७. | नमुना विद्यालयको विद्यार्थी नियमितता तालिका | २९ |
| ८. | बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका | ३० |
| ९. | बालमैत्री विद्यालयमा शिक्षकको भूमिकासम्बन्धी तालिका | ३१ |
| १०. | बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलाप तालिका | ३२ |
| ११. | बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापसम्बन्धी तालिका | ३३ |
| १२. | बालमैत्री विद्यालयमा दायित्वसम्बन्धी तालिका | ३४ |
| १३. | बालमैत्री विद्यालयको शैक्षिक उपलब्धिसम्बन्धी तालिका | ३५ |
| १४. | बालमैत्री विद्यालयका समस्यासम्बन्धी तालिका | ३६ |
| १५. | बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका | ३८ |
| १६. | बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलाप तालिका | ३९ |
| १७. | बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापसम्बन्धी तालिका | ४० |
| १८. | बालमैत्री विद्यालय  बनाउन दायित्वसम्बन्धी तालिका | ४१ |
| १९. | बालमैत्री विद्यालयका समस्या तालिका | ४२ |
| २०. | बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका | ४३ |
| २१. | बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलाप तालिका | ४४ |
| २२. | बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापसम्बन्धी तालिका | ४५ |
| २३. | बालमैत्री विद्यालयका समस्या तालिका | ४७ |
| २४. | बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका | ४८ |
| २५. | कक्षा क्रियाकलापसम्बन्धी तालिका | ४९ |
| २६. | बालमैत्री विद्यालयका शैक्षिक क्रियाकलाप तालिका | ५० |
| २७. | बालमैत्री विद्यालयका समस्यासम्बन्धी तालिका | ५१ |
| २८. | खेलको माध्यमबाट सिकाइ तालिका | ५३ |

# परिच्छेद : एक

## परिचय

### १.१. पृष्ठभूमि

बालबालिकाहरू घर, परिवार अनि समाजबाट अनौपचारिक शिक्षा प्राप्त गर्दै विद्यालयमा प्रवेश गर्दछन् । बालबालिकाहरूको चौतर्फि विकासका लागि आवश्यक आधारभूत कुराहरू प्राप्त गर्ने घर पछिको दोस्रो ठाउँ विद्यालय हो । विद्यालयमा उनीहरूले पाठ्यपुस्तक, शिक्षकको व्यवहार, साथीभाइको संगत, विद्यालयको नीति-नियम तथा विद्यालयमा सञ्चालन गरिएका विभिन्न गतिविधि तथा क्रियाकलापहरूबाट सिक्ने मौका पाउँछन् । यदि विद्यालयको वातावरण भयमुक्त छ, दण्डरहीत शिक्षा प्राप्त गर्ने अवस्था छ, बालबालिकाहरू आफूलाई सुरक्षित महसुस गर्छन्, आफ्नो चाहना र क्षमता अनुसार सिकाइ क्रियाकलापहरूमा भाग लिन पाउँछन्, विद्यालय परिवार, शिक्षक, विद्यार्थी, व्यवस्थापक, कर्मचारी आदिबाट माया, सहयोग, हौसला र प्रोत्साहन पाउँछन् भने उनीहरू विद्यालयमा रमेर सिक्न सक्दछन् । यो सिकाइ वातावरण र शिक्षकले कक्षाकोठामा सञ्चालन गर्ने शिक्षण-सिकाइ क्रियाकलापले प्रत्येक विद्यार्थीलाई लामो समयसम्म हाँसीखुसीका साथ विद्यालयमा सहज रूपमा विताउन सक्ने वातावरणको सिर्जना गर्नु पर्दछ ।

शिक्षा प्राप्त गर्नु बालबालिकाहरूको नैसर्गिक अधिकार हो र सबै बालबालिकाहरूले निर्वाध रूपमा उक्त अधिकारको उपभोग गर्न पाउनु पर्छ भन्ने विश्वव्यापी मान्यतालाई नेपाल सरकारले पनि सबैको लागि शिक्षा दिने प्रतिवद्धतास्वरूप स्वीकारेको छ । प्रत्येक बालबालिकाहरूको विद्यालयमा पहुँच सुनिश्चित गर्न, उनीहरूलाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयको वातावरण, शिक्षकले सञ्चालन गर्ने शिक्षण-सिकाइ क्रियाकलाप र शिक्षकका व्यवहारहरू नै जिम्मेवार हुन्छन् । यसका लागि सिकाइलाई विद्यार्थीको रूची, क्षमता र स्तर सुहाँउदो बनाउन पनि आवश्यक छ । यही बालबालिकाहरूको विकास क्रम र उनीहरूको विशेषताहरूलाई ध्यानमा राख्दै बालअधिकारको सुनिश्चितता हुने गरी विद्यार्थीहरूको रुची, आवश्यकता, क्षमता र परिवेशलाई समेत ध्यानमा राखी सहभागितामूलक विधिको माध्यमबाट जीवनोपयोगी ज्ञान, सीप र धारणाको विकास गराउने वातावरणको सिर्जना गर्न दण्डरहीत, भयमुक्त र रमाइलो

वातावरणयुक्त कक्षाकोठा व्यवस्थापन गरी क्रियाकलापमा आधारित सक्रिय सिकाइ सञ्चालन गर्नु नै बालमैत्रीपूर्ण सिकाइ हो र यस प्रकारको सिकाइ-वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । त्यसैले बालमैत्री विद्यालयमा शिक्षकको भूमिका सहजकर्ता र सहयोगीको रूपमा रहेको हुन्छ ।

हाल नेपालका प्राथमिक विद्यालयहरूमा खुद भर्ना दर क्रमशः बृद्धि हुदै गए तापनि विद्यालयमा विद्यार्थीहरूलाई टिकाइ राख्न र तोकिएको समयमा प्राथमिक तह पूरा गराउन विद्यालयले अझै थप प्रयाशहरू गर्नु पर्ने देखिन्छ । बालबालिकाहरूले बीचैमा विद्यालय छाड्ने र निश्चित समयमा नै प्राथमिक तह पूरा नगर्ने धेरै कारणहरू हुनसक्दछन्, ती मध्ये एउटा प्रमुख कारण विद्यालय बालमैत्री नहुनु हो । विद्यालयमा बालसुलभ क्रियाकलाप सञ्चालन हुन नसक्नु, विद्यालयले बालबालिकाहरूलाई आकर्षित गर्न नसक्नु, कक्षाकोठा रूचिपूर्ण नहुनु, शिक्षकले विद्यार्थीहरूप्रति गर्ने व्यवहार सहभागीमूलक, सकारात्मक र मित्रवत् नहुनु, विद्यालयको वातावरण भयमुक्त हुन नसक्नु, विद्यालयमा पुरस्कारको भन्दा बढी दण्डले प्रश्रय पाउनु आदि अवस्था हाम्रा विद्यालयहरूमा विद्यमान छन् । त्यसकारण सबै विद्यालयहरू बालमैत्रीपूर्ण बन्न सकेका छैनन् । विद्यालयमा शिक्षकले सञ्चालन गर्ने क्रियाकलापहरू मैत्रीपूर्ण बन्न अझै बाँकी छन् । प्रत्येक बालकालिकाहरूलाई विद्यालयले स्वागत गर्न सक्नुपर्छ र प्रत्येक विद्यार्थीलाई विद्यालयले रमाइलो वातवरण दिन सक्नुपर्छ । यसका लागि उपयुक्त किसिमका क्रियाकलापहरू सञ्चालन गर्नु विद्यालयको प्रमुख कर्तव्य हुन जान्छ, जुन क्रियाकलापहरूबाट विद्यालय बालमैत्रीपूर्ण बन्न सकोस् ।

## ऐतिहासिक पृष्ठभूमि

मानव सभ्यताको सुरुआतसँगै शिक्षा प्रदान गर्ने क्रमको जव थालनि भयो त्यसै बेलादेखि सिकारूको इच्छा-आकांक्षा मुताविक होइन कि सिकाउने व्यक्तिको चाहना, रुचि र उसैले नै निर्धारण गरेको आवश्यकताका विषयमा शिक्षा दिन थालेको पाइन्छ । जीवन धान्न तथा दैनिक व्यवहार सञ्चालन गर्न आवश्यक पर्ने ज्ञान, सीप र प्रवृत्ति नै प्रदान गर्नु शिक्षाको मुख्य उद्देश्य हो । त्यस समयमा यही मात्र आवश्यकताको विषय थियो । यसरी हेर्दा शिक्षा प्रदान गर्ने कार्य अति रूखो र कठिनतम कार्य नै हो । नेपालमा पनि आधुनिक विद्यालय शिक्षाको सुरूआत हुनुपूर्व हिन्दू तथा बौद्ध शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न गुरूकूल, आश्रम र विहारहरू शिक्षा प्रदान गर्ने संस्थाका रूपमा सञ्चालन भएको पाइन्छ ।

त्यस समयमा सिकारूहरूले गुरूहरूको सेवा गर्नु पर्ने कार्यलाई नै प्रधानता दिइएको थियो । जब वि.सं. १९१० मा दरवार हाइ स्कुलको सथापना पश्चात नेपालमा आधुनिक विद्यालय शिक्षाको सुरूआत भयो त्यस समयमा पनि मैत्रीपूर्ण वातावरणभन्दा पनि गुरू र चेलाको पुरानो मान्यता अनुसार नै शिक्षण कार्य सञ्चालन भएको देखिन्छ । विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा बालकेन्द्रित शिक्षण-सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने मान्यताको परिणमस्वरूप नै बालमैत्री क्रियाकलापको धारणाको सुत्रपात गर्न मद्दत पुगेको छ ।

दोस्रो विश्वयुद्ध पश्चात धेरै बालबालिकाहरूको जीवन अन्धकारमय भएको परिप्रेक्षमा सन् १९२३ मा एग्लैन्टाइन जेवले बालअधिकारसम्बन्धी अगाडि सारेको अवधारणाले ६६ वर्षपछाडि वा सन् १९८९ मा मात्र बालअधिकार महासन्धीको रूपमा मूर्त रूप लियो । सन् १९८९ नोभेम्वर २० का दिन संयुक्त राष्ट्रसंघीय महासभाद्वारा बालअधिकार महासन्धी पारित भएपछि सन् १९९० सेप्टेम्वर १४ मा नेपालले पनि उक्त बालअधिकार महासन्धीलाई अनुमोदन गऱ्यो । यसरी बाल बचाउ, बाल संरक्षण, बाल सहाभागिता र बाल विकासलाई सुनिश्चित गर्नेतर्फ विश्व नै उन्मुख हुन थाल्यो । यसै सन्दर्भमा सिकाइ प्रक्रियामा बालमैत्री अवधारणासँग सम्बन्धित विषयमा वेलायती नागरिक प्रो.वाल्सले Criteria of the child Friendlyness नामक कार्यपत्र सन् १९९५ मा प्रस्तुत गरे । उनले आफ्नो त्यस कार्यपत्रमा बालमैत्री अवधारणाका तीन आधारहरू प्रस्तुत गरेका छन् । जुन यसप्रकार छन् :

(क) विधि (Method) (ख) साधन (Tools) र (ग) सूचकहरू (Indicators)

सन् १९९६ मा थाइल्याण्डमा "Thailand Child Friendly School Programme" Save the Children (US) ले सुरू गरेपछि बालमैत्री विद्यालयको अवधारणा पहिलो पटक कार्यान्वयनको तहमा उत्रियो । यस कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायका व्यक्तिहरू समेतको सहभागितामा थाइल्याण्डका २८ वटा विद्यालयहरूका समस्याहरू र बालबालिकाहरूका आवश्यकताहरू पहिचान गर्ने काम गरियो । यिनै सम्पूर्ण सरोकारवालाहरूको संलग्नतामा नै ती सम्पूर्ण विद्यालयहरूको विद्यालय सुधार योजना निर्माण गरेर कार्यान्वयन गरियो उक्त विद्यालय सुधार योजनाको अवधि सन् १९९६ देखि सन् १९९९ सम्म चार वर्षको रहेको थियो । यस योजनामा रहेका प्राथमिकताका क्षेत्रहरू यसप्रकार छन् :

(क) बालअधिकारको प्रवर्धन (Child Rights),

(ख) विद्यालय स्वास्थ्य (School Health),

(ग) जीवनोपयोगी शिक्षा (Life-Skill Education),

(घ) ग्रामिण विकासका लागि शिक्षा (Education for Rural Development),

(ङ) सिकाइ सामग्री (Learning Materials),

(च) क्षमता अभिवृद्धि (Capacity Building),

(छ) जोखिममा रहेका बालबालिकाहरूका लागि छात्रवृत्ति (Scholarship) र

(ज) प्रारम्भिक बालविकास (Early Childhood Development)

यी २८ वटा विद्यालयहरूले बनाएका विद्यालय सुधार योजनाहरू प्रभावकारी रहे र यसको प्रभाव अन्य मूलुकहरूमा समेत क्रमशः प्रसारित हुन पुग्यो ।

नेपालको सन्दर्भमा बालमैत्री अवधारणाको प्रयोग लगभग त्यसै समयदेखि नै भएको देखिन्छ । सन् १९९९ मा Save the Children (US) को सहयोग र सक्रियतामा कन्चनपुर जिल्लाका झलारी , पिपलारी र लेखतमुलारी तीन गा.वि.स.का १० विद्यालयहरूमा पहिलो पटक बालमैत्री विद्यालयको अवधारणलाई प्रयोग गरेर विद्यालयका गतिविधि सञ्चालन गर्ने कार्यको थालनी गरियो । यसै गरी सन् २००० मा Save the Children (US) कै सक्रियतामा सिराहा जिल्लाका असनपुर, लालपुर र फुलकाकट्टी गा.वि.स.का तीन विद्यालयमा यो अवधारणालाई विस्तार गरियो । सिराहा जिल्लामा यस अवधारणाको क्रमशः विस्तार गरेर हाल १० वटा विद्यालयहरूमा यसको कार्यान्वयन भइरहेको छ (निरौला, २०६४) ।

वि.सं. २०६४ सम्ममा युनिसेफ नेपाल र नेपाल सरकारको संयुक्त सहयोगमा काभ्रे जिल्लाका २६ वटा विद्यालयहरूमा कक्षा १-३ सम्म, ७९ विद्यालयहरूमा कक्षा १-२ सम्म र ६२ विद्यालयहरूमा कक्षा १ मा मात्र गरी १६७ विद्यालयहरूमा बालमैत्री अवधारणाको कार्यान्वयन गरेर विद्यालयका क्रियाकलापहरू सञ्चालन गरिदै आएको छ । मोरङ जिल्लामा युनिसेफ नेपालकै सहयोगमा वि.सं. २०६३ देखि हालसम्म विभिन्न गा.वि.स.का २५ वटा विद्यालयका कक्षा १ मा यस अवधारणाअनुसारका कक्षाहरू सञ्चालनमा ल्याइएको छ भने वि.सं. २०६५ देखि Save the Children (Norway) को सहयोगमा थप ९ विद्यालयहरूमा यस्ता कक्षाहरू सञ्चालित छन् । यसै गरी Save the Children (Norway) कै सहयोगमा

सुनसरीका ६ गा.वि.स.का १७, सप्तरीका ३५ विद्यालयहरू, सप्तरीका ३५ विद्यालयहरू, सिराहका ६० विद्यालयहरू र उदयपुरका Save the Children को सहयोगमा ५४ र युनिसेफ नेपालको सहयोगमा ३० गरी जम्मा ८४ वटा विद्यालयहरूमा पनि बालमैत्री शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गरिदै आएको छ (Save the Children, 2008) ।

सेभ द चिल्ड्रेन (नर्वे) र नेपाल शिक्षक युनियनको सहकार्य र शिक्षा विभागको समन्वयमा बालमैत्री विद्यालय शिक्षक-प्रशिक्षण पुस्तिका २०६२ तयार गरिएको छ र विभिन्न जिल्लाका शिक्षकहरू तथा विद्यालय निरीक्षकहरूलाई बालमैत्री विद्यालयको अवधारणा विद्यालयमा प्रयोगसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भइसकेको छ । यसबाट यो कार्यक्रम नेपालका सबै जिल्लाहरूमा कार्यान्वयन गर्ने क्रममा रहेकोछ भन्न सकिन्छ ।

## १.२ समस्याको कथन

बालमैत्री विद्यालयको अवधारणालाई प्रत्येक विद्यालयमा विस्तार गर्दै लैजानु पर्ने आजको आवश्यकता नै हो । विद्यालयहरूमा उपयुक्त किसिमको मैत्रीपूर्ण शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन नगरिएको कारण विद्यालयहरू मैत्रीपूर्ण बन्न सकेका छैनन् । विद्यालय यातना केन्द्रझै बनेका छन् र सन्त्रासपूर्ण वातावरणमा बालबालिकाहरू पढ्न बाध्य छन् । घरबाट विद्यालय जाँदा बालबालिकाहरू रूदै-रूदै जान्छन् र विद्यालय छुट्टीको घण्टि बज्नासाथ खुसीसाथ रमाउँदै जेलबाट भागेको कैदीजस्तै घर आइपुग्छन् । यो स्थितिको सिर्जना हुनुमा शिक्षकले विद्यालयमा सञ्चालन गरेको शिक्षण-सिकाइ क्रियाकलाप र विद्यालयको वातावरण नै जिम्मेवार रहेकोछ । विद्यार्थीहरूलाई रमाइलो लाग्ने र प्यारो वातावरण विद्यालयको छैन । त्यसैले विद्यालयहरूमा त्यस्तो वातावरण बनाउन अति आवश्यक देखिन्छ । यसका लागि विद्यालय बालमैत्रीपूर्ण बन्नु पर्दछ ।

सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने अवसरको सुनिश्चितता गर्न प्रत्येक विद्यालयलाई बालमैत्री विद्यालयको रूपमा परिमार्जित गर्नुपर्दछ । शिक्षकको व्यवहार बालमैत्रीपूर्ण हुनुपर्दछ, शिक्षण – सिकाइ क्रियाकलाप उपयुक्त र बालमैत्रीपूर्ण हुनुपर्दछ । यसका लागि विद्यालय बालमैत्रीपूर्ण बन्न आवश्यक छ र बालमैत्रीपूर्ण विद्यालयमा सञ्चालन गरिने शिक्षण-सिकाइ क्रियाकलापहरूको बारेमा सुधार नगरी विद्यालयले गुणस्तरीय शिक्षा

प्रदान गर्न सक्दैन । त्यसकारण बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलापहरूका बारेमा अध्ययन अनुसन्धान गर्नु आजको आवश्यकता हो ।

## १.३. अध्ययनको औचित्य

आज पनि विद्यालयहरूमा परम्परागत शैली अपनाएर नै शिक्षण क्रियाकलाप सञ्चालन गरिरहेको अवस्था विद्यमान छ । स्वयं अभिभावकहरूले पनि आफ्ना बालबालिकाहरूलाई 'कुटी-कुटी पढाउनु है' भनेर वा 'यो फटाहा छ, स्कूलमा पठाएपछि तह लाग्छ' भन्ने सोच राखेर विद्यालयमा पठाउने प्रचलन कायम छ भने विद्यालयमा पनि शिक्षकले Chalk, Talk and Stick पद्धति अपनाएर पढाउने चलन अझै कायम छ । यो अवस्थामा एकत बालमैत्री विद्यालय प्रतिको सचेतना अभिवृद्धि गर्न आवश्यक छ भने अर्कोतर्फ प्राथमिक शिक्षामा देखिएका पहुँच, नियमितता तथा गुणस्तरीयताका समस्याहरूलाई निर्मूल पार्नु पर्ने पनि खाँचो छ । विद्यालयप्रति बालबालिकाहरूलाई आकर्षित गर्न, कक्षाकोठालाई रुचीपूर्ण बनाउन, शिक्षण-सिकाइ क्रियाकलापमा प्रभाकारिता र सान्दर्भिकता ल्याउन, बालबालिकाहरूप्रति शिक्षकले गर्ने व्यवहार सहभागितामूलक र मैत्रीपूर्ण बनाउन, विद्यालयमा दण्ड र भयरहीत वातावरण सिर्जना गर्न र बालअधिकारको संरक्षण गर्न कुनै पनि विद्यालयले सञ्चालन गर्नु पर्ने शैक्षिक क्रियाकलापहरू यस अनुसन्धानको निष्कर्ष स्वरूप प्राप्त हुनेछन् । त्यसका आधारमा बालमैत्री विद्यालय के हो ? यसका विशेषताहरू के के हुन्छन् ? बालमैत्री विद्यालयमा कसरी शिक्षण-सिकाइ क्रियाकलापहरूलाई रुचिपूर्ण बनाउन सकिन्छ ? भन्ने जस्ता सवालका सन्दर्भमा अध्ययन अनुसन्धान गर्न नितान्त जरुरी भएको छ । त्यसकारण सम्पूर्ण विद्यालयका सेवा क्षेत्रभित्रका बालबालिकाहरूलाई विद्यालयप्रतिको आकर्षण बढाउन, विद्यालय प्रवेश गरेका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा नियमित गराएर तह पार गर्ने समय सुनिश्चित गर्न, शिक्षण-सिकाइ क्रियाकलाप रुचीपूर्ण र अर्थपूर्ण बनाइ गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक पर्ने विद्यालयले सञ्चालन गर्ने सिकाइ क्रियाकलापको निक्यौंल गर्न यो अनुसन्धानको प्राप्ति उपयोगी हुनेछ । यो विषय यति महत्वपूर्ण हुँदा हुँदै पनि आजसम्म बालमैत्री विद्यालयमा शिक्षण-सिकाइ क्रियाकलापका क्षेत्रमा कुनै अध्ययन अनुसन्धान गरिएको पाइएन । त्यसैले यो नवीन विषयमा अध्ययन गरी ठोस निष्कर्ष प्रत्युत्पादन गर्नु नितान्त सान्दर्भिक र औचित्यपूर्ण ठानेको छु ।

आगामी समयमा यस विषयमा अध्ययन अनुसन्धान गर्नेहरूका लागि यो एक महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहनेछ । शैक्षिक योजनाकारका लागि यो अध्ययन अनुसन्धानले शैक्षिक योजना निर्माणमा सहयोग पुऱ्याउने छ । पाठ्यक्रम निर्माताका लागि समेत यो पाठ्यक्रम निर्माणमा उपयोगी हुनेछ । शिक्षकले विद्यार्थीहरूलाई शिक्षण गर्ने क्रममा समेत नयाँ-नयाँ तरिकाहरू प्रस्तुत गर्न सक्नेछ । नीति निर्माताका लागि पनि शैक्षिक नीति निर्माण गर्ने त्रममा यो अध्ययन उपयोगी हुनेछ । सिकाइसम्बन्धी एक नयाँ अवधारणा यसले प्रस्तुत गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) बालमैत्री विद्यालय सञ्चालन गर्ने उपयुक्त प्रक्रियाको पहिचान गर्ने ।

ख) बालमैत्री विद्यालयमा सञ्चालन गर्न उपयुक्त शिक्षण-सिकाइ क्रियाकलाप विश्लेषण गर्ने ।

ग) बालमैत्री विद्यालयमा भएको सिकाइ क्रियाकलापहरूको अवस्था पत्ता लगाउने ।

घ) बालमैत्री विद्यालयमा भएका समास्याहरू पहिचान गरी समाधानका उपायहरू सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्न

बालमैत्री विद्यालयमा शिक्षण-सिकाइ क्रियाकलाप कस्तो हुनुपर्दछ ? र अवस्था कस्तो रहेको छ ? यस प्रश्नलाई अनुसन्धान प्रश्नको रूपमा स्थापित गरेर एक ठोस अध्ययन अनुसन्धान गरी सोको प्राप्तिलाई मार्ग निर्देशनको रूपमा स्थापित गर्न यो अनुसन्धान गरिएको छ । यो अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयाश गरिएको छ :

क) बालमैत्री विद्यालयका विशेषताहरू के के हुन् ?

ख) बालमैत्री विद्यालयमा शिक्षकको भूमिका कस्तो रहन्छ ?

ग) बालमैत्री विद्यालयमा के कस्ता सिकाइ क्रियाकलापहरू सञ्चालित छन् ?

घ) बालमैत्री विद्यालयमा के कस्ता क्रियाकलापहरू सञ्चालित हुन्छन् ?

ङ) कुनै पनि विद्यालयलाई कसरी बालमैत्रीपूर्ण बनाउन सकिन्छ ?

## १.६. अध्ययनको परिसिमा

सम्पूर्ण विद्यालयहरू बालमैत्रीपूर्ण हुनुपर्दछ । कुनै पनि विद्यालयमा अध्ययनरत बालबालिकाहरूको चौचर्फि विकास गराउन विद्यालयले उचित वातावरण सिर्जना गर्नेतर्फ आवश्यक पहल गर्नु जरुरी हुन्छ । यति व्यापक विषय क्षेत्र यो भएको हुदाँ यस अध्ययनले बाल मैत्री विद्यालयको सम्पूर्ण क्षेत्र ओगट्न सकेको छैन । यस अध्ययनले प्राथमिक तहका विद्यालयहरूलाई मात्र आफ्नो अध्ययनको क्षेत्र बनाएको छ । प्राथमिक तहका मोरङ जिल्लाका सम्पूर्ण विद्यालयहरूलाई पनि यस अध्ययनले समेट्न सकेको छैन । मोरङ जिल्लाका बालमैत्री कक्षा सञ्चालन भएका ५ वटा विद्यालयहरूलाई मात्र आफ्नो अध्ययनको क्षेत्र बनाएर ती विद्यालयका प्राथमिक तहमा सञ्चालन गरिएका शिक्षण-सिकाइ क्रियाकलापहरूको अध्ययन गरी यहाँ निष्कर्ष निकालिएको छ । त्यसकारण यो अनुसन्धानात्मक अध्ययनले प्राथमिक तहमा के कस्ता शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गरेर विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन सकिन्छ भन्ने विषयमा खास निष्कर्ष निकाल्ने छ । त्यसकारण यस अध्ययनका परिसिमा निम्नानुसार रहेका छन् :

क. यो अध्ययन अनुसन्धान मोरङ जिल्लामा अवस्थित विद्यालयहरूमा आधारित भएर गरिएकोले यसको नतिजा समान्यीकरण नहुन पनि सक्छ ।

ख. नमुना छनोटमा परेको कुनै विद्यालय उ.मा.वि., मा.वि., नि.मा.वि. भए पनि त्यस विद्यालयको प्रा.वि. खण्डको बालमैत्री कक्षा सञ्चालन भएको कक्षा मात्र यो अध्ययनको क्षेत्र रहेको छ ।

ग. विद्यालयमा सञ्चालन भएका शैक्षिक क्रियाकलापहरूसँग मात्र यो अध्ययन केन्द्रित रहेको छ ।

घ. आर्थिक कारणले पनि यस अध्ययनलाई ब्यापकता दिन कठिनाइ परेको हुनाले सिमित विद्यालयहरूलाई मात्र अध्ययनको लागि छनोट गरिएको छ ।

# परिच्छेद : दुई

## सैद्धान्तिक ढाँचा तथा सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि समस्याको विकल्पको खोजी गर्न गरिने अध्ययनको लागि त्यस विषयसँग सम्बन्धित पूर्व साहित्यहरूको पुनः अध्ययन गर्नुपर्दछ । यसले समस्याको समाधानको लागि के कस्ता विकल्पहरूको खोजी भएका छन् भन्ने सम्बन्धमा यथार्थ जानकारी प्रदान गर्दछ । सोधकर्तालाई खोजी हुन बाँकी समस्याहरूको बारेमा नै आफ्नो अध्ययनलाई केन्द्रित गराउने अवसर प्राप्त हुन्छ । एउटै विषय वा समस्यामा खोजी कार्य दोहोरीने अवस्था नहोस् भन्नका लागि सोध कर्ताले सम्बन्धित पूर्व साहित्यहरूको सङ्क्षिप्त अध्ययन गर्न अत्यन्त आवश्यक हुन जान्छ भने अर्कोतर्फ आफ्नो अध्ययनलाई परिपुष्ट रूपमा स्थापित गर्न पनि यसको आवश्यकता पर्दछ । यस शोध अध्ययनका क्रममा साहित्य समीक्षालाई दुई भागमा विभाजन गरी पुनरावलोकन गरिएको छ ।

### २.१ बालमैत्री विद्यालयको सैद्धान्तिक ढाँचा

विद्यार्थीहरूका प्रत्येक क्रियाकलापहरू बालविकासका लागि उपयोगी हुनुपर्छ । क्रियाकलापमा आधारित सिकाइ प्रभावपूर्ण रहन्छ । मंगल (२०००) ले उल्लेख गरेअनुसार "Any manifestation of life is activity and Behaviour is a collective name for these activities." (Mangal, 2000 : 380) भनिएकोमा क्रियाकलापजन्य व्यवहारहरू नै सिकाइ हुन् । बालबालिकाले देखाउने क्रियाकलापको समग्र रूप नै उसका व्यवहार हुन् । व्यवहारको प्रस्तुती क्रियाकलापहरू हुन् र क्रियाकलापले व्यवहारको निर्धारण गर्दछ । विद्यालयको वातावरणमा बालबालिकाहरूलाई समायोजनका लागि उनीहरूका चाहना तथा आवश्यकता र उनीहरूको सन्तुष्टिले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । विद्यालयमा सञ्चालन गरिने क्रियाकलापहरू नै समायोजनका साधनहरू हुन् र विद्यालयको वातावरणले व्यक्तिलाई सीर्जनशील बनाउँछ र सिर्जनात्मक क्रियाकलापमा ऊ लागिपर्छ ।

अभिप्रेरणा विद्यालयको शैक्षिक वातावरणले सिर्जना गर्नुपर्छ । व्यवहारवादी मनोवैज्ञानिकहरू पुनर्बल लाई अभिप्रेरणाको प्रमुख तत्व मान्दछन् । "The role of reinforcement as a prime factor for the motivation of behaviour." (Mangal, 2000 : 123) सिक्न तत्पर बनाउन, उत्सुकता जगाउन र सिकाइमा सफलता तथा राम्रो

उपलब्धि हाँसिल गराउन अभिप्रेरणा आवश्यक छ साथै विद्यालयमा टिकाइ राख्न विद्यालयको वातावरण सधै अभिप्रेरणा जगाउने खालको भएको हुनुपर्छ ।

शिक्षकका लागि निरन्तर शिक्षा भन्ने प्रसङ्ग एक गतिशील धारणा हो । शिक्षक स्वयंले प्रत्येक दिन नयाँ ज्ञान प्राप्त गर्नुपर्दछ । शिक्षा ज्ञान प्रदान गर्ने दाता होइन । शिक्षकले संस्थागत प्रयास तथा व्यक्तिगत अभिरुचिको परिणामस्वरूप आफूलाई प्रत्येक दिन नवीन गराउनु पर्छ । शिक्षकको शिक्षण सिकाइ व्यवहारमा देखापर्न सक्ने संभावित समस्याहरू, कमीहरूको समाधान गर्न सुपरिवेक्षणको भूमिका पनि महत्वपूर्ण हुन्छ (ढकाल, २०५८) भने यसका लागि निरन्तर रूपमा शिक्षक शिक्षाको व्यवस्था गर्नु पनि त्यति नै आवश्यक पर्दछ । शिक्षक तालिमको व्यवस्था गर्नु तथा पुनर्ताजगी गर्दै जानुले शिक्षकमा सिकाइ-क्रियाकलाप सञ्चालनमा दक्षता अभिवृद्धि हुन्छ नै । (तालिम प्राप्त शिक्षकले शिक्षण-सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीहरूको महत्व आत्मसात गरी उपयुक्त विधि, सामग्री प्रयोग गरी क्रियाकलाप निर्माण गर्न सक्दछन् (शैक्षिक तालिम केन्द्र.'ख', २०६४) ।

समाजबाट नै शिक्षाको जन्म हुन्छ र शिक्षा प्रत्येक व्यक्तिको जीवनसँग सान्दर्भिक र समाजलाई राम्रो हुने गरी आफ्नो व्यक्तिगत विकासमा आफै सक्षमता प्राप्त हुने किसिमले व्यवस्थापन गर्नुपर्छ (Thakur, 2004) । यो शिक्षाको नयाँ अवधारणा हो । यसले समाजले चाहेअनुसारको शिक्षामा जोड दिन्छ र सिकारुको प्रतिभा स्वयं प्रस्फुटन गराउन उद्दत गराउने वातावरणमा विशेष जोड दिन्छ । अनुभवउन्मुख शिक्षा व्यक्तित्व विकासमा प्रवल हुन्छ । स्व-क्रियाकलापले नै अनुभव आर्जन गर्दछ । त्यसैले प्रत्येक बालबालिकालाई स्वयं नै क्रियाकलापमा सहभागी गराउनु शिक्षा प्रदान गर्नु हो ।

मण्टेश्वरी (सन् १९४२) का अनुसार शिक्षण गरेर सिकाइ हुने कुरालाई मन्टेश्वरीले पूर्ण रूपमा त अस्वीकार गरिनन् तर स्वीकार पनि गरिनन् । मन्टेश्वनरीको यो सिद्धन्तलाई जोन आदम्सले कक्षा शिक्षणको मृत्युको घण्टि भने तापनि यो सिद्धान्त व्यक्तिलाई स्वतः क्रियाशील बनाउने पक्षसँग सम्बन्धित छ र शिक्षकले बालकको मानसिक तथा मनोवैज्ञानिक विकाससँग सरोकार राख्दछ । स्व-शिक्षा वा स्वतःशिक्षा नै वास्तविक शिक्षा हो भन्ने उनको विश्वास छ । उनी कुनै पनि वयस्कले बालबालिकाको स्व-शिक्षा आर्जनमा बाधा गर्नु हुदैन र उनीहरू स्वंयलाई सिक्ने अवसर प्रदान गर्नुपर्छ भन्ने मान्यतामा अगाडि बढेकिछिन् । उनका अनुसार शिक्षकको भूमिका रहन्छ तर बच्चाको ध्यान केन्द्रित गर्नमा,

उनीहरूलाई व्यस्त राख्नमा, सिक्नका लागि बाटो देखाउनमा र गतिविधि तथा क्रियाकलाप गर्न शक्ति प्रदान गर्नमा (Montessori, 1942, Aggarwal, 2000 बाट उदृत) विकासको रूपमा शिक्षालाई परिभाषित गरेर पूर्ण रूपमा स्वतन्त्रतापूर्वक क्रियाकलापमा सहभागी भएर बालबालिकाहरूले सिक्न सक्दछन् र यो शिक्षा नै वास्तविक शिक्षा हो भन्ने मान्यता मन्टेश्वरी को रहेको छ । उनको विद्यालय बालबालिकाहरूको घर (Children's house ) हो । बालबालिकाहरूको भावी जीवनमा घरायसी काम कारवाहीका सिलसिलामा प्रयोग गर्नु पर्ने सम्पूर्ण सामग्रीहरू त्यस "बालबालिकाको घर" मा उनीहरू प्रयोग गर्न पाउँछन् र सिकाइ गर्दछन् । यो एउटा प्रयोगात्मक कक्ष हो ।

मन्टेश्वरी (सन् १९४२) द्वारा प्रतिपादित यस सिद्धान्तका केही सवल पक्षहरू छन् । त्यहाँ भएका दुर्वल पक्षहरूलाई हटाएर केही प्रमुख सवल पक्षहरूलाई यहाँ केलाउने प्रयाश गरिएको छ । मन्टेश्वरी विधिका केही प्रमुख सवल पक्षहरू यस प्रकार छन्-

१. यो विधि साना बालबालिकाहरूका लागि विशेष उपयोगी छ । मन्टेश्वरी (सन् १९४२) भन्छिन् : The Child was God (मन्टेश्वरी, सन् १९४२) । त्यसो भए विद्यालय एक मन्दिर हो र शिक्षकको कर्तव्य सम्पूर्ण बालबालिकाहरूको विकास (उपलब्धि) को पहिचान राख्नु हो ।
२. यो विधि वैज्ञानिक आधारमा आधारित छ । यो काल्पनिक मनगढन्ते कुरा होइन । यो वैज्ञानिक सिद्धान्त अनुभव र अवलोकनमा आधारित छ ।
३. मन्टेश्वरी विधिको केन्द्रिय मर्म व्यक्तिगतवादमा आधारित सिकाइ हुने अवस्थाको सिर्जना गर्नु हो । व्यक्ति भिन्नताहरू भएका बालबालिकाहरू प्रत्येकलाई उपचारात्मक अवस्थाको सिर्जना गर्नु पनि पर्दछ र प्रत्येकको रुचीको पनि स्वागत हुनपर्दछ । व्यक्तिगत शिक्षण मूल मर्म व्यक्तिगत विकासमा यसले सघाउ पुऱ्याउँछ ।
४. बालबालिकाहरूको स्वतन्त्रताको रक्षा गर्नु यस सिद्धान्तको मर्म हो । स्व-नियन्त्रित र स्व-निर्देशित क्रियाकलापबाट नै अनुशासन कायम गर्नमा यस विधिले जोड दिन्छ ।
५. ज्ञानेन्द्रीय तालिम (Sense Training) को उपयोग यस विधिले गरेको छ । मानव ज्ञानका ढोका ज्ञानेन्द्रीयहरू हुन् । यी सबै अङ्गहरूको उपयोग गरेर मूर्तबाट अमूर्त तर्फ ज्ञानलाई लैजानु यस विधिको सवल पक्ष हो ।

६. पढाइ र लेखाइको लागि यो विशिष्ट (Unique) विधि हो । पढाइ र लेखाइको लागि उपयोगी अभ्यास यसले गराउँछ ।

७. प्रयोगात्मक अभ्यासमा यो विधि आधारित छ । बालबालिकाहरूका लागि आफै गरेर सिक्ने मौका यस विधिले प्रदान गर्दछ ।

८. सामाजिक जीवनका लागि यो उपयोगी मानिन्छ । यो विधि व्यक्तिगततालाई ध्यान दिने प्रकृतिको भएर पनि सामाजिक मूल्य मान्यताले भरिपूर्ण छ । यस विधिमा बालबालिकाहरू एक-आपसमा सिक्ने मौका पाउँछन् ।

९. यस विधिमा दण्डको स्थान छैन । कुनै अशान्तिको सङ्केत यसमा छैन (Montessori, 1942)।

विद्यार्थीहरू खाली भाँडो होइनन्, उनीहरूको त आन्तरिक क्षमतालाई रुचीपूर्ण विषयवस्तुको माध्यमबाट प्रस्फुटन गराउनु पर्दछ । शिक्षकले परामर्श दाताको रूपमा To assist the student to grow to wards socialization by utilizing his own resources and potential (शर्मा, २०६१) गर्न भूमिका निर्वाह गर्नुपर्छ । बालबच्चाको अध्ययन शिक्षकले गर्नुपर्छ भन्ने भाव होस् या त The more teacher knows of experimental psychology the more he knows how to teach. भनी मन्टेश्वरी (स्न १९४२) ले प्रयोगात्मक मनोविज्ञानलाई आधार बनाइ शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कुरा होस् दुवै बालमैत्री विद्यालयका आधार बन्न सक्छन् । टोल म्यान (स्न १९३८) का सिकाइ सिद्धान्तहरूबाट पनि Self organized Activity मा जोड दिइएको छ भने उनको सिद्धान्तको योगदानको पक्ष पनि कक्षाकोठामा विषयवस्तुलाई यस किसिमबाट प्रस्तुत गर्नु पर्दछ कि जसले विविध विषयमा Sign of meaning विद्यार्थीहरूलाई दिन सकोस् भन्ने नै हो । जुन अर्थपूर्ण सिकाइसँग सम्बन्धित छ ।

प्रभावकारी क्रियाकलापले व्यक्तिलाई सिकाइमा सहभागी बनाउन उत्प्ररित गर्दछ । Learning takes place through activity . For learning to be effective, the learner has to praticipate (Aggarwal, 2000) फ्रोबेल (सन् १८२७) ले भनेको Self-activity र learning by doing अथवा मन्टेश्वरी (स्न १९४२) को principle of self-education of Auto-education अनुसारको Children's house (Aggarwal, 2000) ले पनि बालबालिकाहरूलाई मैत्रीपूर्ण व्यवहार गर्नुपर्दछ भन्ने कुराको नै पुष्टि गर्दछ ।

व्यहारवादी मनोविज्ञानका विभिन्न सिद्धान्तहरू त्यस्तै बालकेन्द्रीत सिकाइसँग सम्बन्धित विभिन्न विधिहरूका साथसाथै मन्टेश्वरी(सन् १९४२) को सिकाइ सिद्धान्तहरूलाई आधारभूमि बनाइ यस शोध कार्यमा शोध शीर्षकका पक्षमा विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## २.२ सन्बन्धित साहित्यको पुनरावलोकन

यस शोध कार्य गर्दा शोध विषयसँग सम्बन्धित पूर्व साहित्यहरूको दुर्लभता महशुस भएको छ । बालमैत्री विद्यालयसँग सम्बन्धित केही पुस्तिकाहरू तथा लेख-रचनाहरू उपलब्ध भए तापनि यस विषयसँग सम्बन्धित विश्लेषणमा आधारित पूर्व-साहित्य सामग्रीहरू भेटिएका छैनन् । यो विषय आफैमा एउटा नवीनतम विषय हो, त्यसैले यस विषयमा अध्ययन-अनुसन्धानहरू प्रयाप्त हुन सकेको छैन । तसर्थ यहाँ शोध कार्य गर्दा केही लेखरचनाहरू तथा सिमित दस्तावेजहरूको समीक्षात्मक अध्ययन गरी शोध शीर्षकको अध्ययनलाई निर्दिष्ट गराउने प्रयत्न गरिएको छ । बालमैत्री विद्यालयसँग सम्बन्धित पुस्तिका तथा लेख रचनाहरूको समीक्षात्मक अध्ययनबाट प्राप्त जानकारीहरूलाई बालमैत्री विद्यालयका विशेषता, शिक्षकको भूमिका तथा शिक्षण सिकाइ क्रियाकलाप पत्ता लगाउन उपयोग गरिएको पनि छ । यहाँ केही सामग्रीहरूको सङ्क्षिप्त चित्रण गरिएको छ ।

शिक्षा विभाग (२०६२) का अनुसार प्रत्येक विद्यालयको वातावरण बालमैत्रीपूर्ण हुनुपर्छ । तर यो कार्य सजिलो छैन किनभने परम्परालाई भत्काएर नयाँ सोच र धारणाका साथ मित्रवत शिक्षक बनेर मैत्रीपूर्ण शिक्षण-सिकाइ क्रियाकलापमा आफूसमेत सहभागी बन्नु पर्दछ । शिक्षकले आफू गुरु बनेर होइन, सहजकर्ता बनेर वा विद्यार्थीहरूको एक असल र योग्य साथी बनेर सहयोग गर्न सक्नुपर्छ । शिक्षकको कार्य विद्यार्थीहरूमा उत्प्रेरणा जगाई सक्रिय र सहभागितात्मक शिक्षण-सिकाइ क्रियाकलापको प्रयोग गर्न, बालरुचिअनुसार उनीहरूसँग व्यवहर गर्न, उनीहरूलाई कक्षामा नियमित गराउन र तोकिएको अवधिमा कक्षा वा तह पूरा गराउन प्रयत्नरत रहनु नै हो (शिक्षा विभाग, २०६२) ।

बालमैत्री विद्यालयका बालबालिकाहरूले कुनै पनि किसिमको भेदभावपूर्ण वातावरणमा पढ्नु पर्ने छैन, कुनै शारीरिक दण्ड वा मानसिक एवम् मनोवैज्ञानिक पिडाबाट तडपिन पर्ने छैन र बालबालिकाको बचाउ, संरक्षण, सहभागिता र विकासमा शिक्षकका

प्रयासहरू केन्द्रित हुनेछन् । बालबालिकाहरूको सर्वोत्तम हितलाई विद्यालयले ध्यान पुऱ्याउने छ, उनीहरूको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउने किसिमको उपयुक्त कार्यको थालनी हुनेछ र उनीहरूलाई सशक्तीकरणद्वारा निर्णय प्रक्रियामा विद्यालयले सहभागी गराउने छ । बालमैत्री विद्यालयका अभिभावकहरू पनि चेतनशील हुनेछन् किनकि विद्यालयले आफ्ना बालबालिकाहरूका अभिभावक तथा समुदायमा पनि चेतना जगाउने कार्यहरू पटक-पटक सञ्चालन गरेको हुनुपर्छ ।

शिक्षकको दायित्व बालबालिकाको चौतर्फि विकासमा निहीत छ । शिक्षकले सदैव आफ्ना बालबालिकाहरूप्रति सकारात्मक सोचाइ राख्नुपर्दछ । बालबालिकाहरूलाई प्रेरणा, हौसला र प्रोत्साहन दिनु, उनीहरूलाई विश्वास गर्नु तथा उनीहरूका समस्या तथा कठिनाइहरूलाई बुझी सोको निराकरणमा समेत लागिपर्न शिक्षकको कर्तव्य नै हुनआउँछ । यसरी हेर्दा विद्यार्थीहरूको लागि सच्चा र मर्यादित अभिभावकको रूपमा पनि प्रतिस्थापित हुनुपर्दछ । नत्र भने विद्यालय समयमा विद्यार्थीहरू अभिभावक विहीन हुन पुग्छन्, जुन राम्रो कुरा होइन (शिक्षा विभाग, उही) ।

पाठक रिमाल (२०६१) का अनुसार बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलापहरू बाल सुलभ, हीतकारक, सिकाइ उपलब्धिसँग सम्बन्धित र रमणीय हुनुपर्छ भन्ने मान्यता राखिन्छ । गीत अथवा कथाले केटाकेटीको मस्तिष्कलाई सजिलैसँग छुन सक्ने हुनाले शिशुशिक्षा र बाल सिकाइका प्रक्रियामा कथा भन्नु तथा गीत सुनाउनुलाई अत्यन्त प्रभावकारी एव. सफल पद्धतिको रूपमा लिइन्छ (पाठक रिमाल, २०६१) । कथा सुनाउँदा घटनाका विषयवस्तुलाई शव्दमार्फत सिलसिलावद्ध रूपमा हाउभाउ र नक्कलसहितको प्रस्तुतिले बालबालिकाहरूको मस्तिष्कलाई चाँडै छुन सकिन्छ । प्रसिद्ध शिक्षाविद मन्टेश्वरी र फ्रोबेलले पनि केटाकेटीहरूलाई खेलाएर पढाउनु पर्ने कुरामा जोड दिएका छन् र जसमध्ये कथालाई एक सशक्त एवम् प्रभावकारी माध्यमको रूपमा व्याख्या गरेका छन् । संगीतसम्बन्धी क्रियाकलाप सञ्चालन भईरहने खुसी विद्यालय (Happy School) मा विद्यार्थीहरूको अधिकतम सहभागिता रहन्छ ।

खेलको माध्यमबाट सिकाइ प्रभावपूर्ण सिकाइ हुनसक्छ । सबै बालबालिकाहरू रङ्गीचङ्गी बस्तुहरूसँग खेल्न रमाउँछन् । ४-६ वर्षका केटाकेटीहरू भाँडाकुटी, सानो साथी समूह र खेलौना तथा गुडियासँग वार्तालाप गरेर खेल्न रुचाउँछन् भने ७-९ वर्षका

केटाकेटीहरू वाहिर साथीहरूसँग खेल्न मन पराउँछन् । त्यसै गरी १०-१२ वर्षका केटाकेटीहरू उफ्रने, दौडने र ठूलो साथी समूहसँग खेल्न मन पराउँछन् । केटाकेटीको उमेर भनेको खेल्ने उमेर हो त्यसैले यस अवस्थामा खेल्न नपाएमा केटाकेटीहरूमा थुप्रै मनोवैज्ञानिक एवम् संवेगात्मक समस्याहरू देखिने गर्छ (पाठक  रिमाल २०६१) विद्यालय पनि बालबालिकाहरूको विकास गराउने पवित्र थलो हो, समस्या बढाउने गृह होइन । त्यसकारण विद्यालयमा पनि उचित किसिमका खेलहरूको माध्यमबाट सिकाइ गराइएमा सिकाइ क्रियाकलाप रुखो हुदैन, प्रभावपूर्ण रहन्छ ।

शिक्षकले आफ्ना बालबालिकाहरूलाई सधै धनात्मक पुनर्वलको प्रयोग गर्नुपर्छ । हरेक सही क्रियाकलाप गरेकोमा एउटा सकारात्मक पुरस्कार (स्यावासी, धन्यवाद आदि) दिनाले विद्यार्थीहरू ठूलो सफलता प्राप्त भएको महसुस गर्दछन् । यसले सिकारुलाई सकारात्मक व्यवहार मात्र दोहोऱ्याउन अभिप्रेरित गर्दछ (पाठक रिमाल, २०६१) ।

प्लान इन्टरनेशनल (सन् २००८) ले गरेको अध्ययनअनुसार सजाय तथा दण्डले मूलतः बालबालिकाहरूमा डर तथा सन्त्रासको वातावरण सिर्जना गर्दछ । प्लान अन्तर्राष्ट्रियले विभिन्न देशहरूमा गरेका अनुसन्धानहरूबाट प्राप्त भएका प्राप्तिहरूलाई केलाउँदा संसारका विद्यालयहरूमा दण्डका विभिन्न प्रक्रियाहरू अझै व्याप्त छन् । यस्ता शारीरिक दण्ड तथा मानसिक अशान्तिहरूलाई विद्यालयले पूर्ण रूपमा नै हटाउनु पर्दछ । Corporal Punishment, Sexual Violence र Bullying लाई नै विद्यालयबाट पूर्ण रूपमा हटाएर शिक्षा दिने वातावरण मिलाउनु आजको आवश्यकता हो । यसका लागि अन्तराष्ट्रिय स्तरमा अभियान नै सुरु भै सकेको छ र यस अभियानमा नेपाल सरकारले पनि प्रतिवद्धता जाहेर गरेको छ । प्रत्येक विद्यालयमा कुनै पनि बालबालिकाले कुनै पनि प्रकारको दण्ड वा अशान्ति भोग्नु वा सामना गर्नु नपरोस् भन्नाका लागि स्थानीय तहमा सम्पूर्ण सरोकारवालाहरूलाई सचेत गराउन पनि आवश्यक छ र दोस्रो कुरा नीति निर्माण गर्ने तहबाट पनि राष्ट्रिय रूपमा यसका लागि योजना बनाइ लागु गर्नु पर्ने आवश्यकता रहन्छ । अन्तर्राष्ट्रिय अनुसन्धान सञ्जालको विकास गर्नु, विद्यालयमा हुने दण्ड वा अशान्तिका लागि कानूनी उपचारको व्यवस्था मिलाउनु, शिक्षा-सरोकारवालाहरूलाई चेतनामूलक कार्यमा सहभागी गराउँदै जाने, सञ्चारमाध्यमलाई उचित परिचालन गर्ने, शिक्षकलाई तालिम प्रदान गर्नेजस्ता उपायहरूको तत्काल उपयोग गर्नु विद्यालयलाई दण्डरहीत र शान्तिपूर्ण बनाउने

प्रयत्नहरू हुन् । यी प्रयत्नहरूले विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन नै मद्दत पुग्दछ । स-साना बालबालिकाहरू सजाय, डर र त्रासमा होइन, माया र स्नेहप्रति बढी आकर्षित हुन्छन् । मायालु वातावरणमा नै बालबालिकाहरूको सिकाइको अपेक्षा गर्न सकिन्छ । बालकालिकाहरूले अनपेक्षित व्यवहार प्रदर्शन गर्दा शारीरिक तथा मानसिक सजाय पाएमा त्यसले उनीहरूको आनीवानी, क्रियाकलाप, सोचाइ तथा व्यवहारको विकासमा बाधा ल्याउन सक्छ । तसर्थ विद्यालयहरूमा सजायरहित शिक्षण सिकाइका तरिकाहरू तथा सकाारात्मक अनुशासनपद्धतिमा शिक्षकहरू अभ्यस्त हुन आवश्यक छ । अनुशासन भनेको दण्ड होइन, बरु बालबालिकाहरूमा व्यवहार स्व-नियन्त्रण सिकाउनु हो । यसका लागि शिक्षकले बालबालिकाहरू के गर्न सक्दैनन्मा होइन, सधै के गर्न सक्छन्मा जोड दिनु पर्छ साथै कुनै व्यवहारलाई 'यसो नगर' भनी सिधै भन्नुभन्दा यसका सट्टा व्यवहारहरू वा विकल्पहरू प्रस्तुत गर्दा उपयुक्त हुन्छ । त्यसकारण विद्यालयमा दण्डका बैकल्पिक उपायहरू अपनाएर बालबालिकाहरूको व्यवहार परिमार्जन गर्न सकिन्छ (Plan International, 2008)।

## २.३. शैक्षिक उपादेयता

आजका बालबालिकाहरूका लागि शिक्षा आर्जन गर्नु अनिवार्य छ । सबैका लागि शिक्षा भन्ने आदर्श वाक्य पूरा गराउन सबैका लागि विद्यालय हुन आवश्यक छ । कुनै विद्यालय सबैका लागि हुन त्यो विद्यालय बालमैत्रीपूर्ण हुनु अति आवश्यक हुन्छ । त्यसकारण बालमैत्रीपूर्ण विद्यालयले सबैका लागि विद्यालयमा पहुँचको सुनिश्चितता गर्दछ भने विद्यालयमा भर्ना भएको बालबालिकाहरूका लागि टिकाइ राख्न सक्दछ र गुणस्तरीय शिक्षा प्रदान गर्दछ ।

यसै सन्दर्भमा बालमैत्री विद्यालय कस्तो हुनु पर्दछ ? यसका विशेषताहरू के कस्ता हुन्छन् ? यस्तो विद्यालयमा शिक्षकको भूमिका के कस्तो रहन्छ ? र बालमैत्री विद्यालयमा कस्ता शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ ? भन्ने विषय नै महत्वपूर्ण छ । यी विविध पक्षका बारेमा खोज अनुशन्धान गर्न निश्चित सैद्धान्तिक ढाँचाको आवश्यकता पर्दछ । व्यवहारवादी मनोविज्ञान, बालकेन्द्रित शिक्षण-सिकाइका सिद्धान्तहरूका साथै मन्टेश्वरीको स्वतः तथा स्व-शिक्षा यस अध्ययनका सैद्धान्तिक धरातलहरू हुन् । यस अध्ययनलाई ठोस निष्कर्षमा पुऱ्याउन यीनै सैद्धान्तिक ढाँचाहरूले सहयोग पुऱ्याएका छन् ।

आज नेपाल सरकारले विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन भनी केही कार्यक्रमहरू पनि अगाडि सार्न थालेको छ । बालमैत्री कक्षा व्यवस्थापनमा थप सहयोग, बालमैत्री शिक्षण-सिकाइ तालिमहरू सञ्चालन गर्ने आदि कार्यमा पनि शिक्षा मन्त्रालय तथा शिक्षा विभागले कार्यको थालनी गरेको छ । यस कार्यका लागि पनि खास मार्ग निर्देश गर्न यो अध्ययन सहयोगी हुन्छ ।

यी विविध पक्षहरूलाई मध्यनजर राखी बालमैत्रीपूर्ण विद्यालयहरूका सन्दर्भमा गरिएको यो अध्ययन अत्यन्त उपयोगी हुन्छ भन्ने ठानिएको छ ।

# परिच्छेद : तीन

# अनुसन्धान विधि

समस्याको अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । यहाँ गुणात्मक अनुसन्धान ढाँचाअनुसार शोध अध्ययनको कार्यविधि अपनाइएको छ । विशेष गरेर यसमा अध्ययनको जनसंख्या, नमुना छनौट, अनुसन्धानका साधनहरू, तथ्याङ्क (सूचना) सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषण तरिकाको बारेमा प्रष्ट्याउन खोजिएको छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

यस अध्ययनका क्रममा वर्णनात्मक प्रक्रिया अपनाई गुणात्मक ढाँचाबाट विश्लेषणत्मक विधि प्रयोग गरी अनुसन्धान गरिएको छ । यस अध्ययनलाई वस्तुगत, बैध र विश्वसनीय बनाउन प्रश्नावली, अन्तर्वार्ता, अवलोकन र प्रत्यक्ष भ्रमणको प्रयोग गरिएको छ । यसका अतिरिक्त विद्यालयहरूबाट प्राप्त विभिन्न अभिलेखहरू तथा अन्य द्वितीय स्रोतबाट तथ्याङ्कहरू संकलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कहरूलाई गुणात्मक ढङ्गबाट व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनका लागि शोधकर्ता स्वयम् फिल्डमा गई नमुना छनोटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, वि.नि., स्रोतव्यक्ति तथा प्रशिक्षकहरूसँग छलफल, अन्तरक्रिया, अन्तर्वार्ताका माध्यमबाट वास्तविक र यथार्थ तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरी एवम् द्वितीय स्रोतबाट प्राप्त सूचनाहरूलाईसमेत व्याख्यात्मक तरिका उपयोग गरी वर्णनात्मक एवम् गुणात्मक ढाँचाका आधारमा विश्लेषण गरी यो अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## ३.२. नमुना छनौटका आधारहरू

यस अध्ययनमा नमुना छनोटमा उद्देश्यमूलक छनोट विधि अपनाइ अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

### ३.२.१. अध्ययनको जनसंख्या छनौट

कुनैपनि शोध विषयको अध्ययन गर्न निश्चित क्षेत्र र जनसंख्याको आवश्यकता पर्दछ । शोधकर्ताले समय र लगानीको आधारमा सम्भव भएसम्म अध्ययनको लागि फराकिलो क्षेत्र लिनु राम्रो हुन्छ । तर यहाँ सिमित स्रोत र साधनको कारणले गर्दा शोध विषयको अध्ययनको लागि धेरै ठूलो क्षेत्र समेट्न सम्भव नभएकोले मोरङ जिल्ला अन्तर्गतका बालमैत्री कक्षा सञ्चालन भएको २५ वटा विद्यालयहरू मध्ये ५ वटा विद्यालयहरूलाई मात्र अध्ययन क्षेत्रको रूपमा समेटिएको छ । बालमैत्री कक्षा सञ्चालन गरिएका यी २५ वटा विद्यलयहरूको नामावली अनुसुचि १ मा राखिएको छ ।

बालमैत्री कक्षा सञ्चालन भएका २५ वटा विद्यालयहरूका प्र.अ., शिक्षकहरू, वि.व्य.स. का अध्यक्षहरू, अभिभावकहरू, जि.शि.का. मोरङका वि.नि तथा स्रोतव्यक्तिहरू, शैक्षिक तालिम केन्द्र 'ख' विराटनगर, तथा सेभ द चिल्ड्रेन मोरङका प्रशिक्षकहरू र विद्यालयका विद्यार्थीहरूलाई यस शोध अध्ययनको जनसंख्या मानिएको छ । उक्त व्यक्तिहरूको प्रत्यक्ष संलग्नता र सहयोगमा विद्यालय शिक्षाको गुणस्तर निर्भर रहने र विद्यालयको बालमैत्रीपूर्ण वातावरण सिर्जनामा सहयोग पुग्ने हुन्छ । बालमैत्री विद्यालयको कक्षा व्यवस्थापनमा खास गरी प्र.अ., वि.व्य.स. अध्यक्ष र शिक्षकको भूमिका रहने हुन्छ भने कक्षामा शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने दायित्व शिक्षकको नै रहन्छ । शिक्षक तथा प्र.अ. का लागि बालमैत्री तालिम सञ्चालन गर्ने र आवश्यक प्राविधिक सहयोग पुऱ्याउने काम प्रशिक्षकहरूको हो । त्यसकारण उपरोक्त व्यक्तिहरूबाट यस शोध शीर्षकका बारेमा समस्याहरूको समाधानका विकल्पहरू सही ढङ्गले पहिचान हुन सक्ने भएकोले उक्त जनसंख्यालाई यस शोध अध्ययनको जनसंख्याको रूपमा लिइएको छ ।

### ३.२.२. नमुना छनौट

अनुसन्धान पद्धतिमा जनसंख्याको फराकिलो क्षेत्र लिएर प्रसस्त समय, स्रोत, साधन र सामर्थ्य प्रयोग गरी समस्याको विकल्प खोज्ने एउटा शोधकर्ताका लागि त्यति सजिलो काम होइन । अध्ययनको लागि निर्धारण गरिएको पुरै जनसंख्यालाई प्रत्यक्ष सम्पर्क गर्नु र अनुभव लिनु एक प्रकारको चुनौति नै हो । अध्ययनको विषयलाई केन्द्रित गरी निर्धारित जनसंख्याबाट प्रतिनिधिमूलक नमुना छनौट गर्दा शोध अध्ययन प्रक्रियामा सरलता आउन

सक्छ । तसर्थ जनसंख्या भित्रका सबै पक्षको प्रतिनिधित्व हुने गरी नमुना छनौट गरिएको छ । उद्देश्यमा केन्द्रित भएर प्रतिनिधिमूलक नमुना छनौट गर्दा विशेष गरेर जनसंख्या भित्रका बालमैत्री कक्षा सञ्चालन भएका सरकारी विद्यालयहरूका अनुभवी एवम् शोध समस्यासँग परिचित र स्पष्ट प्रतिक्रिया दिन सक्ने क्षमता भएका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, वि.नि., स्रोतव्यक्ति, प्रशिक्षक आदिलाई लिइएको छ ।

नमुना छनौट प्रक्रियामा संयोग छनौट (Random Sampling) विधि प्रयोग गर्दा छानिएका व्यक्तिहरूबाट जनसंख्याको वास्तविक प्रतिनिधित्व हुन सक्ने सम्भावना कम हुने र त्यसबाट अध्ययनको विषयलाई सहयोग पुग्न नसक्ने भएकोले निर्धारित जनसंख्याबाट उद्देश्यमूलक नमुना छनौट (Purposive Sampling) विधि प्रयोग गरिएको छ । यस विधिमा निर्धारित जनसंख्या मध्येबाट नमुना छनौट गर्दा विद्यालयको किसिम र स्तरलाई समेत ध्यान दिइएको छ, (नमुना छनोटको विस्तृत विवरण अनुसूचि ७ र ८ मा दिइएको छ) ।

### ३.३. अनुसन्धानका साधनहरू

शैक्षिक अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन निश्चित साधनहरूको आवश्यकता पर्दछ । बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलापहरूको विश्लेषण गर्न मूलत दुई प्रकारका अनुसन्धान साधनहरूलाई प्रयोग गरिएको थियो । ती साधनहरू यसप्रकार रहेका छन् :

#### ३.३.१. प्राथमिक स्रोत (Primary sources) सम्बन्धी साधनहरू

यस शोध अध्ययनका क्रममा स्वयं शोधकर्ताले नमुना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, अभिभावक र विद्यार्थीहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता, छलफल तथा अन्तरक्रियाका माध्यमबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको थियो । यस क्रममा शोधकर्ता विद्यालयहरूमा पुगेर विद्यालयको अवस्था, कक्षाक्रियाकलापहरू तथा अन्य विविध पक्षका सम्बन्धमा अवलोकनबाट समेत सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । सूचना सङ्कलनका क्रममा निम्न ढाँचाहरूको प्रयोग गरिएको छ ।

क) अन्तर्वार्ता : यस शोध अध्ययनका क्रममा अध्ययनको नमुना जनसंख्या भित्रका विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रशिक्षकहरू, वि.व्य.स.अध्यक्ष तथा अभिभावकहरू र विद्यार्थीहरूलाई बालमैत्री विद्यालयमा (कक्षा १ र २ मा) सञ्चालन गरिने शैक्षिक क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू निर्माण गरेर मौखिक रूपमा प्रश्नहरू सोधी प्राप्त प्रतिक्रियाहरूलाई विश्लेषणसहित टिपोट गरिएको थियो, (यी अन्तर्वार्ता प्रश्नावलीहरू अनुसूचि ३, ४ र ५ मा राखिएका छन्) ।

ख) प्रश्नावली : अध्ययनको लागि छनौट गरिएको नमुना जनसंख्या भित्रका प्र.अ., तथा शिक्षकहरूलाई लिखित रूपमा प्रश्नावली निर्माण गरी वितरण गरिएको थियो । प्रश्नावली वितरण गर्दा प्रत्यक्ष सम्पर्क गरी शोध विषयवस्तुको परिचय समेत गराइएको थियो, (प्रश्नावली अनुसूचि २ मा छ) ।

ग) छलफल : अभिभावक तथा विद्याथीहरूसँग सामूहिक छलफल गरिएको थियो । छलफलबाट प्राप्त सूचनाहरूलाई टिपोट गरेर सोका आधारमा पनि शोध समस्याका बारेमा निष्कर्षमा पुग्न विश्लेषण गरिएको थियो ।

घ) अवलोकन : यस शोध अध्ययनलाई निचोडमा पुर्‍याउन यो शोधकर्ताले प्रत्यक्ष अवलोकन विधि पनि अपनाइएको थियो । कक्षाकोठाभित्रका क्रियाकलाप, वाहिरी क्रियाकलाप तथा कक्षाकोठा व्यवस्थापनका पक्षमा अवलोकनबाट पनि सूचनाहरू सङ्कलन गरेर विश्लेषण गरिएको छ, (अवलोकन फारम अनुसूचि ६ मा छ) ।

### ३.३.२. द्वितीय स्रोत (Secondary sorces) सम्बन्धी साधनहरू

यस शोध अध्ययनलाई निष्कर्षमा पुर्‍याउन थप सहयोगी सूचनाहरूको लागि जनसंख्यामा परेका विद्यालयका निरीक्षण पुस्तिका, स्टाफ बैठक र वि.व्य.स. बैठकका निर्णय पुस्तिका, विद्यालयका कार्ययोजना, बार्षिक कार्यक्रम, पाठयोजनाहरू, विद्यालय सुधार योजना लगायत विद्यालयका अन्य शैक्षिक अभिलेख तथा दस्तावेजहरू तथा अन्य सन्दर्भ ग्रन्थहरूको समेत सङ्क्षिप्त विश्लेषण गरी आवश्यक सूचनाहरू लिने प्रयास गरिएको छ ।

### ३.४. तथ्याङ्क विश्लेषण प्रक्रिया

शोध अध्ययनका लागि प्राथमिक स्रोतबाट संकलित तथ्याङ्कहरूलाई जस्ताको तस्तै प्रयोग गर्नु सार्थक हुदैन । किनकि सुरुमा सङ्कलन भएका कतिपय तथ्याङ्कहरू, सूचनाहरू अव्यवहारिक, अस्पष्ट र अनावश्यक पनि हुन सक्छन् । वास्तवमा सुरुमा प्राप्त भएका प्राथमिक तथ्याङ्कहरू कोरा हुन्छन् । ती कोरा तथ्याङ्कहरूलाई प्रशोधन वा छनौट गरी स्पष्ट, अर्थपूर्ण र व्यवस्थित बनाउनु पर्ने हुन्छ । यसैलाई तथ्याङ्क विश्लेषण भनिन्छ ।

विषयको प्रकृतिअनुसार तथ्याङ्क विश्लेषणका विधिहरू भने फरक फरक हुन्छन् । गुणात्मक अनुसन्धानमा खुला अन्तर्वाता, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजमा आधारित तथ्याङ्कहरूको प्रयोग गरिएको हुन्छ । अन्तर्वाताबाट प्राप्त तथ्याङ्कहरूमा शोधकर्ताको अनुभव, विचार र धारणालाई प्रत्यक्ष वाक्याँशमा राखी अनुसन्धानको निष्कर्ष त्यसैमा सिमित रहने अध्ययन गुणात्मक अध्ययन हुन जान्छ । त्यसकारण यस अध्ययनमा पनि तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानका साधनहरू र प्राप्त तथ्याङ्कहरूको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरिकाले विश्लेषण गरिएको छ ।

तथ्याङ्क विश्लेषणको गुणात्मक तरिकाअनुसार कोरा तथ्याङ्कलाई छानविन गरी अनावश्यक र असान्दर्भिक तथ्याङ्कलाई हटाइएको छ । कतिपय अस्पष्ट सूचनाहरूलाई विश्लेषणात्मक अध्ययन गरी स्पष्ट र अर्थपूर्ण बनाइएको छ । शोध विषयसँग सम्बन्धित सूचनाहरूलाई अनुसन्धानको साधन र अध्ययनको जनसंख्याको भिन्नताअनुसार सामुहीकरण गरिएको छ । तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्क शास्त्रीय मापन अर्थात गणितीय प्रणालीको प्रयोग गरिएको छैन । तथ्याङ्कलाई गुणात्मक पक्षबाट विश्लेषण गरी उद्देश्य केन्द्रित बनाउन सान्दर्भिक सिद्धान्तहरूको आधार लिइएको छ । समस्याको अध्ययनलाई दिशाबोध गराउन उपलब्ध तथ्याङ्कहरूको व्याख्यात्मक तरिकाले विश्लेषण गर्दै पूर्व आधारित सिद्धान्तहरूसँग सम्बन्ध जोड्ने प्रयत्न गरिएको छ । यसप्रकार यस शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउन विशेष गरी गुणात्मक अनुसन्धान प्रक्रिया (Qualitative Research Process) को प्रयोग गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र विवेचना

अध्ययनको यस खण्डमा प्राथमिक र द्वितीय स्रोतहरूबाट प्राप्त भएका सूचनाहरूको विश्लेषण तथा विवेचना गरिएको छ । सङ्कलित तथ्याङ्क तथा सूचनाहरूको अर्थपूर्ण विवेचनाका लागि तथ्याङ्कहरूको प्रशोधन र विश्लेषण आवश्यक हुन्छ । अनुसन्धानको उत्तर प्राप्त गर्न आँकाडाहरूलाई स्तरीकरण, निर्धारण, क्रम हेरफेर र सङ्क्षेपमा प्रस्तुत गर्नु नै विश्लेषण हो। यहाँ प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गर्न गुणात्मक अनुसन्धानको प्रक्रिया प्रयोग गरिएको छ । त्यसैले यहाँ गुणात्मक तथ्यहरूलाई विवरणात्मक र विश्लेषणात्मक रूपमा विश्लेषण गर्दै प्रस्तुतीकरण गरिएको छ । अध्ययनलाई निष्कर्षमा पुऱ्याउन आवश्यकताअनुसार सान्दर्भिक सिद्धान्तहरूको आधार लिइएको छ । त्यस्तै गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याउन शैक्षिक लेख तथा शिक्षासँग सम्बन्धित ऐन, नियम, तथा प्रतिवेदनहरूको पनि सहयोग लिइएको छ । शोध अध्ययनको समस्याअनुसार अनुसन्धानका साधनहरूको निर्माण गरी सो साधनबाट प्राप्त सूचनाहरूलाई समस्यासँग केन्द्रित तथ्याङ्क तथा सूचनाको विश्लेषण गरी अध्ययनको निचोडलाई समष्टिमा निकालिएको छ ।

नेपालका विद्यालयहरूको वर्तमान अवस्थालाई हेर्दा विद्यालयहरूमा बालमैत्री शिक्षण-सिकाइ क्रियाकलापका बारेमा सैद्धान्तिक स्पष्टता छैन । जसले गर्दा यसको कार्यान्वयनमा समस्या देखिन्छ । विद्यालयहरूमा के कस्ता सम्भाव्यताहरू रहेका छन् र के कस्ता थप सहायताको आवश्यकता छ सोको लेखाजोखा गर्नु पर्ने देखिन्छ । विद्यालयले बालमैत्री क्रियाकलापहरू  सञ्चालन गर्न विभिन्न चरणहरूको कार्ययोजना बनाउन बाँकी देखिन्छ । बालमैत्री शिक्षण सिकाइ क्रियाकलापहरूको खोजी, सङ्कलन, तयारी र सञ्चालनमा अझै कमी छ । सामग्रीहरूको सङ्कलन, निर्माण, संरक्षण र प्रयोगमा पनि कमी नै छ । निरन्तर मूल्याङ्कन पद्धतिको वास्तविक प्रयोग हुन सकेको छैन । शिक्षकहरू जागरुक र उत्सुक छन् । विद्यार्थीहरू सिर्जनात्मक बन्दै गएको पाइएको छ । अभिभावक, समुदाय र अन्य सरोकारवालाहरूलाई जागरुकता ल्याउन अझै बाँकी छ ।

बालमैत्री विद्यालयमा प्रत्यक्ष शारीरिक दण्डको अवस्था घट्दै गएको भए तापनि सबै प्रकारका दण्डहरूको पूर्णतया अन्त्य हुन सकेको अवस्था भने छैन । शिक्षण- सिकाइ क्रियाकलापमा सक्रियता र विद्यार्थी सहभागिताको स्थितिमा भने सुधार आएको छ ।

## ४.१. नमुना छनोटमा परेका विद्यालयहरूको अभिलेखबाट प्राप्त सूचनाहरूको विश्लेषण

यस अध्ययनमा  नमुना छनौटमा परेका विद्यालयहरूको शैक्षिक पक्षको वर्तमान अवस्थालाई अभिलेखबाट प्राप्त सूचनाहरूलाई निम्नानुसार उल्लेख गरी विश्लेषण गरिएको छ :

### ४.१.१. शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको प्राप्त विवरण विश्लेषण

शैक्षिक क्षेत्रमा भएको राष्ट्रिय लगानीलाई सदुपयोग गरेमा शैक्षिक विकास संभव छ । राष्ट्रिय लगानीको खेर गइरहेको अंश नै शैक्षिक क्षति हो । बीचैमा विद्यालय छाड्ने अवस्था पनि शैक्षिक अन्तरगत एक हो । यस्ता शैक्षिक क्षति न्यून गर्नु बालमैत्री विद्यालयको प्रमुख उद्देश्य हो । नमुना छनोटमा परेका विद्यालयहरूको बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको संख्यात्मक विवरण निम्न तालिकामा देखाइएको छ :

**शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको विवरण तालिका**

तालिका नं. १

| क्र. सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | | परीक्षामा सम्मिलित | | बीचैमा विद्यालय छाड्ने संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | श्री पञ्चायत उ.मा.वि. पथरी | ३२१ | ३२६ | २७१ | २७७ | ५० | ४९ |
| २. | श्री कालिका मा.वि. टाँडी | १०३ | १०६ | १०३ | १०६ | ० | ० |
| ३. | श्री नि.मा.वि. कन्चनवारी | १४९ | १५० | १२२ | १३१ | २७ | १९ |
| ४. | श्री जनता बाल प्रा.वि. वुधनगर | १३३ | २०३ | १३३ | १९४ | ० | ९ |
| ५. | श्री रघुपति प्रा.वि. विराटनगर | २९६ | २६३ | २०३ | १८० | ९३ | ८३ |

शैक्षिक तथ्याङ्क, जि.शि.का. मोरङ, २०६५

बिचैमा विद्यालय छाड्ने जम्मा छात्राहरूमा सबैभन्दा बढी रघुपति प्रा.वि. विराटनगरमा ३१.४ प्रतिशत, नि.मा.वि. कञ्चनवारीमा १८.१ प्रतिशत र पञ्चायत उ.मा.वि. पथरीमा १५.६ प्रतिशत पाइयो भने छात्रतर्फ रघुपति प्रा.व. विराटनगरमा ३१.५ प्रतिशत, पञ्चायत उ.मा.वि. पथरीमा १५ प्रतिशत, नि.मा.वि. कञ्चनवारीमा १२.६६ प्रतिशत र जनता बाल प्रा.वि. बुधनगरमा ४.४ प्रतिशत रहेका छन् ।

**दलित विद्यार्थीहरूमा शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्नेहरूको विवरण तालिका**

तालिका नं. २

| क.सं. | विद्यालयको नाम | जम्मा दलित विद्यार्थी | | परीक्षामा सम्मिलित | | बीचैमा विद्यालय छाड्ने संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | श्री पञ्चायत उ.मा.वि. पथरी | ५८ | ६५ | ४९ | ५६ | ९ | ९ |
| २. | श्री कालिका मा.वि. टाँडी | २७ | ३२ | २७ | ३२ | ० | ० |
| ३. | श्री नि.मा.वि. कन्चनवारी | ३१ | २१ | २७ | २० | ४ | १ |
| ४. | श्री जनता बाल प्रा.वि. वुधनगर | ३३ | ३१ | ३३ | २८ | ० | ३ |
| ५. | श्री रघुपति प्रा.वि. विराटनगर | ४४ | २३ | ३८ | २० | ६ | ३ |

शैक्षिक तथ्याङ्क, जि.शि.का. मोरङ, २०६५

बिचैमा विद्यालय छाड्ने दलित छात्राहरूमा सबैभन्दा बढी पञ्चायत उ.मा.वि. पथरीमा १५.५ प्रतिशत, रघुपति प्रा.व. विराटनगरमा १३.६ प्रतिशत र नि.मा.वि. कञ्चनवारीमा १२.९ प्रतिशत पाइयो भने दलित छात्रतर्फ पञ्चायत उ.मा.वि. पथरीमा १३.८ प्रतिशत, रघुपति प्रा.व. विराटनगरमा १३.०४ प्रतिशत, जनता बाल प्रा.वि. बुधनगरमा ९.६ र नि.मा.वि. कञ्चनवारीमा ४.७ प्रतिशत रहेका छन् ।

**जनजाति विद्यार्थीहरूमा शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्नेहरूको विवरण तालिका**

तालिका नं. ३

| क्र.सं. | विद्यालयको नाम | जम्मा जनजाति विद्यार्थी | | परीक्षामा सम्मिलित | | बीचैमा विद्यालय छाड्ने संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | श्री पञ्चायत उ.मा.वि. पथरी | १७१ | १८० | १४४ | १५६ | २७ | २४ |
| २. | श्री कालिका मा.वि. टाँडी | ५० | ४३ | ५० | ४३ | ० | ० |
| ३. | श्री नि.मा.वि. कन्चनवारी | ७४ | ८६ | ६२ | ८१ | १२ | ५ |
| ४. | श्री जनता बाल प्रा.वि. वुधनगर | ० | ० | ० | ० | ० | ० |
| ५. | श्री रघुपति प्रा.वि. विराटनगर | २४ | २३ | २४ | १८ | ० | ५ |

शैक्षिक तथ्याङ्क, जि.शि.का. मोरङ, २०६५

बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको विवरण हेर्दा कालिका मा.वि. टाँडीको सून्य प्रतिशत पाइयो भने जनता बाल प्रा.वि. बुधनगरको पनि न्यून पाइयो । पञ्चायत उ.मा.वि. पथरीमा बीचैमा विद्यालय छाड्ने बालबालिकाहरू तुलनात्मक रूपमा बढी देखियो । छात्रहरूभन्दा सबै विद्यालयमा छात्राहरूको विद्यालय छाड्ने दर बढी पाइयो ।

### ४.१.२. जम्मा विद्यार्थी विवरण

नमुना छनोटमा परेका विद्यालयहरूमा प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरूको विवरण यसप्रकार छ :

**जम्मा विद्यार्थीहरूको विवरण तालिका**

तालिका नं. ४

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | | दलित विद्यार्थी | | जनजाति विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | श्री पञ्चायत उ.मा.वि. पथरी | ३२१ | ३२६ | ५८ | ६५ | १७१ | १८० |
| २. | श्री कालिका मा.वि. टाँडी | १०३ | १०६ | २७ | ३२ | ५० | ४३ |
| ३. | श्री नि.मा.वि. कन्चनवारी | १४९ | १५० | ३१ | २१ | ७४ | ८६ |
| ४. | श्री जनता बाल प्रा.वि. वुधनगर | १३३ | २०३ | ३३ | ३१ | ० | ० |
| ५. | श्री रघुपति प्रा.वि. विराटनगर | २९६ | २६३ | ४४ | २३ | २४ | २३ |

शैक्षिक तथ्याङ्क, जि.शि.का. मोरङ, २०६५

### ४.१.३. नमुना विद्यालयको सिकाइ उपलब्धि विवरण

बालमैत्री विद्यालयको प्रमुख उद्देश्य अध्ययनरत बालबालिकाहरूको सिकाइ उपलब्धि उच्च बनाउनु पनि हो । त्यसकारण यहाँ नमुना छनोटमा परेका विद्यालयहरूको प्राथमिक तह कक्षा-१ र २ का प्रमुख तीन विषयको सिकाइ उपलब्धि विवरण हेरिएको छ । जुन निम्नानुसार छ :

**नमुना विद्यालयको सिकाइ उपलब्धि विवरण तालिका**

तालिका नं. ५

| क.सं. | विद्यालयको नाम | कक्षा-१ र २ का सिकाइ उपलब्धि | | | कैफियत |
|---|---|---|---|---|---|
| | | अंग्रेजी | नेपाली | गणित | |
| १. | श्री पञ्चायत उ.मा.वि. पथरी | ५२ | ४६ | ६१ | |
| २. | श्री कालिका मा.वि. टाँडी | ४८ | ४६ | ५० | |
| ३. | श्री नि.मा.वि. कन्चनवारी | ४९ | ६० | ४८ | |
| ४. | श्री जनता बाल प्रा.वि. वुधनगर | ५१ | ४७ | ५९ | |
| ५. | श्री रघुपति प्रा.वि. विराटनगर | ४७ | ५२ | ४८ | |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकामा सुन्यान्त गरेर औषत सिकाइ उपलब्धिलाई देखाइएको छ । अंग्रेजी विषयमा सिकाइ उपलब्धि राम्रो भएको विद्यालय पञ्चायत उ.मा.वि. पथरी भयो भने सबैभन्दा न्यून भएको रघुपति प्रा.वि. देखियो । नेपाली विषयमा कन्चनवारी नि.मा.वि. र गणित विषयमा पञ्चायत उ.मा.वि. को सबैभन्दा बढी देखियो भने नेपाली विषयमा पञ्चायत उ.मा.वि. र गणितमा कन्चनवारी नि.मा.वि. र रघुपति प्रा.वि.को न्यून पाइयो ।

### ४.१.४. नमुना विद्यालयको शिक्षक विवरण

नमुनामा परेका विद्यालयको शिक्षक विवरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

**नमुना विद्यालयको शिक्षक विवरण तालिका**

तालिका नं. ६

| क्र. सं. | विद्यालयको नाम | जम्मा दरबन्दी (प्रा.) | | | राहत | | तालिम | | श्रेणी | | | माथिल्लो योग्यता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | म. | पु. | म. | पु. | म. | पु. | I | II | III | म. | पु. |
| १. | श्री पञ्चायत उ.मा.वि. पथरी | ११ | ५ | ६ | १ | | ४ | ५ | | | ११ | २ | ४ |
| २. | श्री कालिका मा.वि. टाँडी | ७ | २ | ५ | २ | १ | २ | ४ | | | ७ | | |
| ३. | श्री नि.मा.वि. कन्चनवारी | ८ | ५ | ३ | | | ५ | ३ | | १ | ७ | १ | |
| ४. | श्री जनता बाल प्रा.वि. वुधनगर | ३ | १ | २ | १ | १ | १ | २ | | | ३ | | २ |
| ५. | श्री रघुपति प्रा.वि. विराटनगर | ८ | ४ | ४ | २ | २ | ४ | ४ | | | ८ | २ | १ |

शैक्षिक तथ्याङ्क, जि.शि.का. मोरङ, २०६५

यस तालिकामा प्राथमिक तहका शिक्षकहरूको मात्र विवरण समावेश गरिएको छ । साथै यस तालिकामा नीजि स्रोतका शिक्षकहरूलाई समेटिएको छैन । किनकी नीजि स्रोतका शिक्षकहरू लामो समय विद्यालयमा रहन सक्ने दिगो स्रोत नदेखिएकोले यहाँ समेटिएको छैन ।

### ४.१.५. नमुना विद्यालयको विद्यार्थी नियमितता

बालमैत्री शिक्षण-सिकाइ क्रियाकलाप विशेषतः कक्षा १ देखि नै शुरु गर्नु आवश्यक हुन्छ । नयाँ विद्यालयमा भर्ना भएका विद्यार्थीहरूलाई नियमित गराउन तथा विद्यालयमा टिकाइ राख्न र गुणस्तरीयता कायम गर्न बालमैत्री अवधारणाको कार्यान्वयन आवश्यक छ । त्यसकारण यी विद्यालयहरूको कक्षा १ का विद्यार्थीहरूको नियमितालाई निम्न तालिकामा देखाइएको छ :

**नमुना विद्यालयको विद्यार्थी नियमितता तालिका**

तालिका नं. ७

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ को विद्यार्थी उपस्थिति प्रतिशतमा (वार्षिक) | कक्षा २ को विद्यार्थी उपस्थिति प्रतिशतमा (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १. | श्री पञ्चायत उ.मा.वि. पथरी | ७५.६ | ८२.२ | |
| २. | श्री कालिका मा.वि. टाँडी | ७०.८ | ७९.१ | |
| ३. | श्री नि.मा.वि. कन्चनवारी | ६४.३ | ७१.० | |
| ४. | श्री जनता बाल प्रा.वि. वुधनगर | ९०.५ | ९२.० | |
| ५. | श्री रघुपति प्रा.वि. विराटनगर | ६१.९ | ६८.७ | |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकामा कक्षा-१ र २ का विद्यार्थीहरूको वार्षिक उपस्थितिलाई केलाएर औषत उपस्थितिलाई प्रतिशतमा देखाइएको छ । समग्रमा हेर्दा यो औषत उपस्थिति भएको हुँदा सबै विद्यालयहरूको कक्षा-१ को उपस्थिति प्रतिशत ६१.९% भन्दा न्यून देखिएन भने कक्षा-२ को ६८.७ % भन्दा न्यून पाइएन जुन तथ्य भविष्यको लागि आशा लाग्दो छ । जनता बाल प्रा.वि. बुधनगरको कक्षा-१ को उपस्थिति ९०.५% र कक्षा-२ को ९२% देखिनाले यस विद्यालयको सफलताको नै संकेत गर्दछ ।

## ४.२. बालमैत्री विद्यालयका सम्बन्धमा प्रधानाध्यापक तथा शिक्षकहरूबाट प्राप्त धारणा

कस्तो विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ ? कुनैपनि विद्यालयलाई बालमैत्री-पूर्ण बनाउन के–के गर्नु पर्छ ? बालमैत्री विद्यालयका विशेषताहरू के कस्ता हुन्छन् ? बालमैत्री विद्यालयमा कस्ता कक्षा क्रियाकलाप तथा शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिन्छन् ? बालमैत्री विद्यालयका समस्याहरू कस्ता रहन्छन् ? भन्नेजस्ता विविध प्रश्नहरू नमुना विद्यालयका प्र.अ. तथा शिक्षकहरूसँग सोधिएको थियो । यी प्रश्नहरूका आधारमा प्रश्नावली फारमको प्रयोग गरी सरोकारवालाहरूको विचार लिएर समस्या सामाधानको उपायहरूको खोजी गर्न उनीहरूसँग लिइएको विवरणको नतिजा यस प्रकार रहेको छ ।

### ४.२.१. प्रधानाध्यापक तथा शिक्षकहरूका अनुसार बालमैत्री विद्यालयका विशेषताहरूको विश्लेषण

बालमैत्री विद्यालयका विशेषताहरूका सन्दर्भमा नमुना विद्यालयका पाँच जना प्र.अ. तथा दश जना शिक्षकहरूले आ-आफ्ना विचारहरू व्यक्तगर्नु भएको थियो । सो उत्तरका आधारमा  निम्न विश्लेषण गरिएको छ :

**बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका**

तालिका नं. ८

| सि. नं. | बालमैत्री विद्यालयका विशेषता | प्र.अ. /शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बालकेन्द्रित क्रियाकलाप | १५ | १००% |
| २ | सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय | ९ | ६०% |
| ३ | बालअधिकारको सुनिश्चित भएको | १५ | १००% |
| ४ | सक्रिय शिक्षण - सिकाइ क्रियाकलाप संचालन भएको | १५ | १००% |
| ५ | बाल सहभागितामा जोड दिइने | १५ | १००% |
| ६ | समावेशीकरणको  अवस्था | ६ | ४०% |
| ७ | दण्डहीन वातावरण | १५ | १००% |
| ८ | विभेदरहीत अवस्था रहेको | १२ | ८०% |
| ९ | उपयुक्त भौतिक वातावरण भएको | १५ | १००% |
| १० | समुदायको संलग्नता | ६ | ४०% |
|  | जम्मा | १५ जना |  |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार बालकेन्द्रित क्रियाकलाप, बालअधिकारको सुनिश्चितता भएको, सक्रिय शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन भएको, बालसहभागितामा जोड दिइने, दण्डरहीत वातावरण र उपयुक्त भौतिक वातावरण भएको भन्ने विशेषताहरूलाई सतप्रतिशत उत्तरदाताहरूले जोड दिएका छन् भने विभेदरहीत अवस्था रहेको भन्ने

विशेषतामा ८०%, सबै बालबालिकालाई स्वागत गर्ने विद्यालयमा ६०%, समुदायको संलग्नता र सभावेशीकरणको अवस्थामा ४०% उत्तरदाताले आफ्नो विचार प्रकट गरेका छन् ।

माथिको विश्लेषणका आधारमा बालकेन्द्रित कक्षा क्रियाकलाप सञ्चालन हुने विद्यालय, सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय, बालअधिकारको सुनिश्चित भएको विद्यालय, सक्रिय शिक्षण-सिकाइ क्रियाकलाप संचालन भएको विद्यालय, बाल सहभागितामा जोड दिइने अवस्था भएको विद्यालय, दण्डहीन वातावरण भएको विद्यालय, विभेदरहीत अवस्था रहेको विद्यालय र उपयुक्त भौतिक वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भन्न सकिन्छ ।

### ४.२.२. बालमैत्री विद्यालयमा शिक्षकको भूमिकाका सन्दर्भमा प्रधानाध्यापक तथा शिक्षकहरूको धारणा

बालमैत्री विद्यालयमा शिक्षकको भूमिकाका सन्दर्भमा नमुनामा परेको विद्यालयका प्र.अ. तथा शिक्षकहरूको धारणा यस प्रकार रहेको पाइयो ।

**बालमैत्री विद्यालयमा शिक्षकको भूमिकासम्बन्धी तालिका**

तालिका नं.९

| सि. नं. | प्रतिक्रिया | उत्तरदताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक सक्रिय हुने | ९ | ६०% |
| २ | विद्यार्थीलाई संधै सक्रिय बनाइ राख्ने | १५ | १००% |
| ३ | शिक्षक आफू निस्क्रिय हुने | – | ०% |
| ४ | शिक्षक निर्देशक तथा पथ प्रदर्शक हुने | १५ | १००% |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

बालमैत्री विद्यालयमा शिक्षकको भूमिका विद्यार्थीलाई संधै सक्रिय बनाइ राख्ने हुनुपर्छ तथा शिक्षकले आफूलाई निर्देशक तथा पथ प्रदर्शकको भूमिका निर्वाह गर्न लगाउनुपर्छ भन्ने धारणामा १००% उत्तरदाताहरू रहेको देखियो भने शिक्षक सक्रिय हुने भूमिकामा धारणा राख्ने उत्तरदाताहरू ६०% मात्र रहे । यसैगरी शिक्षकको निस्क्रिय भूमिका

भने कुनै पनि उत्तरदाताले स्वीकारेको पाइएन । विश्लेषणका आधारमा बालमैत्री विद्यालयमा शिक्षकले विद्यार्थीलाई सधैँ सक्रिय बनाइ राख्ने तथा आफू निर्देशक एवम् पथप्रदर्शकको रूपमा भूमिका निर्वाह गर्ने हुनुपर्दछ भन्ने तथ्य प्राप्त हुन्छ ।

### ४.२.३. बालमैत्री विद्यालयमा सञ्चालित कक्षा क्रियाकलापहरूका सन्दर्भमा प्रधानाध्यापक तथा शिक्षकहरूको धारणा

मूल शोध प्रश्नसँग सम्बन्धित हुने गरी बालमैत्री विद्यालयका कक्षा क्रियाकलापका सम्बन्धमा प्र.अ. तथा शिक्षकहरूको धारणा निम्नानुसार प्राप्त भयो ।

**बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलाप तालिका**

तालिका नं.१०

| सि.नं. | कक्षा क्रियाकलापहरू | उत्तरदताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेलको माध्यमबाट शिक्षण | १५ | १००% |
| २ | बालगीत, कथा, कविताको प्रयोग | १५ | १००% |
| ३ | पजलहरूको प्रयोग | ६ | ४०% |
| ४ | अभिनय नाटकीकरण | १२ | ८०% |
| ५ | परियोजना कार्य | १० | ६६% |
| ६ | क्षेत्र भ्रमण | ९ | ६०% |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार खेलको माध्यमबाट शिक्षण, बालगीत, कथा, कविताको प्रयोगमा १००% उत्तरदाताले कक्षा क्रियाकलापमा सञ्चालन गर्नुपर्छ भन्ने धारणा राखेको पाइयो भने अभिनय तथा नाटकीकरणमा ८०%, परियोजना कार्यमा ६६%, क्षेत्रभ्रमणमा ६०% र पजलहरूको प्रयोगमा ४०% उत्तरदाताहरूले विचार प्रकट गरे ।

माथि प्रस्तुत गरिएको विभिन्न प्र.अ. तथा शिक्षकले दिएको उत्तरका आधारमा विश्लेषण गर्दा बालमैत्री विद्यालयमा खेलको माध्यमबाट कक्षा क्रियाकलापहरू सञ्चालन गरी विषयबस्तुको शिक्षण गर्ने, उपयुक्त किसिमका बालगीत, कथा तथा कविताहरको प्रयोग

गरी कक्षा क्रियाकलाप सञ्चालन गर्ने, विषयबस्तुअनुसार अभिनय तथा नाटकीकरणको प्रयोग गरी कक्षा क्रियाकलाप सञ्चालन गर्ने, विद्यार्थीहरूको क्षमता र विषयअनुसार विद्यार्थीहरूलाई परियोजना कार्य गर्न लगाउने, समयसमयमा क्षेत्र भ्रमणको व्यवस्था गर्ने जस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गरिन्छन् ।

### ४.२.४. बालमैत्री विद्यालय सञ्चालनमा शैक्षिक क्रियाकलापसम्बन्धी प्रधानाध्यापक तथा शिक्षकहरूको धारणा

बालमैत्री विद्यालयमा वर्षभरि सञ्चालन गरिने शैक्षिक क्रियाकलापहरूका सन्दर्भमा नमुनामा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूको प्रतिक्रिया यस प्रकार रहेको पाइयो ।

**बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापसम्बन्धी तालिका**

तालिका नं.११

| सि. नं. | शैक्षिक क्रियाकलाप | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वर्ष भरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप | १५ | १००% |
| २ | गरीब तथा जेहन्दार छात्रवृत्ति | १२ | ८०% |
| ३ | दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति | ९ | ६०% |
| ४ | शान्ति शिक्षा दिने | ९ | ६०% |
| ५ | शैक्षिक भ्रमण कार्यक्रम | १२ | ८०% |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन | १५ | १००% |
| ७ | योजनावद्ध शिक्षण | १५ | १००% |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार वर्षभरिको लागि योजना बनाएर अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्ने तथा योजनावद्ध शिक्षण प्रक्रिया कार्यान्वयन गर्ने विकल्पमा सत्प्रतिसत उत्तरदाताहरूको सहमति रह्यो भने गरीव तथा जेहन्दार छात्रवृत्ति वितरण र शैक्षिक भ्रमण कार्यक्रममा ८०% र दलित र पिछडिएकाका लागि छात्रवृत्ति र शान्ति शिक्षा दिने भन्ने विकल्पमा ६०% उत्तरदाताहरूले

आफ्नो राय प्रकट गरका छन् । यहाँ बालमैत्री विद्यालयहरूमा यी विकल्पहरू मध्ये एक भन्दा बढी विकल्पमा एकै उत्तरदाताले राय प्रकट गर्ने अवस्था रहेको छ ।

माथिका विश्लेषणको आधारमा बालमैत्री विद्यालयमा वार्षिक रूपमा सञ्चालन गरिने प्रमुख शैक्षिक क्रियाकलापहरू वर्ष भरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप, गरीब तथा जेहन्दार छात्रवृत्ति, शैक्षिक भ्रमण कार्यक्रम, निरन्तर विद्यार्थी मूल्याङ्कन र योजनावद्ध शिक्षण हुन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.५. विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन दायित्वका सन्दर्भमा प्रधानाध्यापक तथा शिक्षकको धारणा

कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण बनाउने दायित्वका सन्दर्भमा नमुनामा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूको प्रतिक्रिया यहाँ तालिकामा प्रस्तुत गरिएको छ :

**बालमैत्री विद्यालयमा दायित्वसम्बन्धी तालिका**

तालिका नं.१२

| सि. नं. | सवैभन्दा बढी दायित्व रहने व्यक्ति/संस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ. को | २ | १३.३३% |
| २ | शिक्षकको | ३ | २०% |
| ३ | प्र.अ. र शिक्षकको | ९ | ६०% |
| ४ | जि.शि.का. को | १ | ६.६६०% |
| ५ | सरकारको | - | ०% |
| ६ | अन्य संघसंस्थाको | - | ०% |
| ७ | अभिभावकको | - | ०% |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

यस तालिकाको विश्लेषण गर्दा कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन प्र.अ. र शिक्षकको भूमिका महत्वपूर्ण रहन्छ भन्ने प्रतिक्रिया प्रकट गर्ने ६०% प्र.अ. तथा शिक्षकहरू

पाइए भने शिक्षकको भूमिकालाई महत्वपूर्ण स्वीकार्ने प्र.अ. तथा शिक्षकहरू २०% रहे । प्र.अ.को मात्र र जि.शि.का. को भूमिका स्वीकार्ने उत्तरदाताहरू नगन्य मात्र रहे भने सरकार, संघ/संस्था र अभिभावकको भूमिका गौण रहने प्रतिक्रिया यहाँ प्रकट भएको पाइयो । यस तालिको विश्लेषणबाट विद्यालयलाई बालमैत्रीपूर्ण तरिकाबाट सञ्चालन गर्न प्रमुख रूपमा प्र.अ. र शिक्षकको नै जिम्मेवारी तथा दायित्व हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.६. शैक्षिक उपलब्धि बारेमा प्रधानाध्यापक तथा शिक्षकको धारणा

बालमैत्री विद्यालय र अन्य सामान्य विद्यालयका बालबालिकाहरूमा शैक्षिक उपलब्धि बीच कस्तो भिन्नता हुन्छ भन्ने पत्ता लगाउन नमुनामा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूलाई बालमैत्री कक्षाका विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा कति भिन्नता पाउनु भयो भन्ने प्रश्न सोधिएको थियो । यस प्रश्नका ५ वटा विकल्पहरूमा प्र.अ. तथा शिक्षकहरूबाट प्राप्त नतिजा यस प्रकार छ :

**बालमैत्री विद्यालयको शैक्षिक उपलब्धिसम्बन्धी तालिका**

तालिका नं.१३

| सि. नं. | शैक्षिक उपलब्धि वृद्धि प्रतिशत | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५% भन्दा कम | - | - |
| २ | ५% देखि १०% सम्म बढी | ९ | ६०% |
| ३ | १०% भन्दा बढी | ६ | ४०% |
| ४ | पहिले भन्दा न्यून | - | - |
| ५ | कुनै भिन्नता हुने | - | - |
| | जम्मा | १५ जना | १००% |

स्थलगत सर्वेक्षण, २०६५

बालमैत्री कक्षा सञ्चालन भएपछि बालबालिकाहरूको शैक्षिक उपलब्धिमा ५% देखि १०% सम्म वृद्धि भएका विद्यालयहरू ६०% र १०% भन्दा बढी शैक्षिक उपलब्धिमा वृद्धि हुने विद्यालयहरू ४०% रहेको तथ्य माथिको तालिकाले प्रस्तुत गरेको छ ।

यहाँ प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषणबाट बालमैत्री विद्यालयमा १०% भन्दा बढीसम्म शैक्षिक उपलब्धिमा बृद्धि हुने अवस्था रहन्छ ।

### ४.२.७. बालमैत्री विद्यालयका समस्या सम्बन्धमा प्रधानाध्यापक तथा शिक्षकको धारणा

आफ्ना विद्यालयलाई बालमैत्रीपूर्ण बनाउने क्रममा केही कठिनाइहरू तथा समस्याहरू आइपरेका हुन सक्छन् । विद्यालयलाई बालमैत्रीपूर्ण बनाउने क्रममा आइपर्ने समस्याहरू के कस्ता हुन्छन् भन्ने तथ्य पत्ता लगाउनका लागि नमुना छनौटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूसँग विद्यालयलाई बालमेत्रीपूर्ण बनाउन तपाईंले भोग्नु भएका समस्याहरू के के छन् भन्ने प्रश्नको उत्तरमा उत्तरदाताहरूबाट आएका उत्तरहरूलाई तलको तालिकामा देखाइएको छ :

**बालमैत्री विद्यालयका समस्यासम्बन्धी तालिका**

तालिका नं. १४

| सि. नं. | समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भौतिक व्यवस्थापनमा कठिनाइ | १५ | १००% |
| २ | अभिभावकमा चेतनाको कमी | १० | ६६.६६% |
| ३ | सवै शिक्षकलाई तालिम नहुनु | १५ | १००% |
| ४ | माथिल्लो कक्षामा बालमैत्री कक्षा हुन नसक्नु | १५ | १००% |
| ५ | विद्यालयको कमजोर आर्थिक अवस्था | १२ | ८०% |
| ६ | नियमित पृष्ठपोषणको अभाव | ९ | ६०% |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार भौतिक व्यवस्थापनमा कठिनाइ, सबै शिक्षकलाई तालिम नहुनु, माथिल्ला कक्षामा बालमैत्री कक्षा हुन नसक्नु जस्ता समस्याहरूमा सत्प्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो भने विद्यालयको कमजोर आर्थिक स्थितिबाट सिर्जना भएका समस्याका बारेमा मत जाहेर गर्ने ८०%, अभिभावकको चेतनामा कमिमा ६६.६६% र नियमित पृष्ठपोषणको अभावमा ६०% उत्तरदाताहरू पाइयो ।

माथिको विश्लेषणबाट बालमैत्री विद्यालयका प्रमुख समस्याहरू भौतिक व्यवस्थापनमा कठिनाइ, सबै शिक्षकलाई तालिम नहुनु, माथिल्लो कक्षामा बालमैत्री कक्षा हुन नसक्नु, विद्यालयको कमजोर आर्थिक अवस्था, अभिभावकमा चेतनाको कमी, नियमित पृष्ठपोषणको अभाव हुन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.३. बालमैत्री विद्यालयसम्बन्धी विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा अभिभावकहरूको धारणा

बालमैत्री विद्यालयका विशेषताहरू के के हुन सक्छन् ? अन्य विद्यलाय र बालमैत्री विद्यालयमा के के फरक हुन्छ ? के कस्ता क्रियाकलापहरू सञ्चालन गरेर विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन सकिन्छ ? बालमैत्री विद्यालयमा के कस्ता समस्याहरू विद्यमान हुन्छन् ? बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापहरूको अवस्था कस्तो हुन्छ ? आदि प्रश्नहरूका सम्वन्धमा नमुना छनौटमा परेका विद्यालयहरूका वि.व्य.स. अध्यक्ष तथा अभिभागकहरूसँग प्रश्नावली, अन्तरक्रिया, छलफल, अन्तर्वार्ता आदिका माध्यमबाट विचार तथा धारणाहरू लिइएको थियो । यिनै विचार तथा धारणाहरूका आधारमा शोध शीर्षकसँग सम्वन्धी समस्याहरूको समाधान गर्ने सूचनाहरू प्राप्त भएका छन् । यी वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरूको धारणालाई यहाँ प्रस्तुत गरिन्छ :

### ४.३.१. बालमैत्री विद्यालयका विशेषतासम्वन्धी धारणा

बालमैत्री विद्यालयका विशेषताहरूका सन्दर्भमा सोधिएको प्रश्नका आधारमा नमुनामा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष तथा अभिाभावकहरूको प्रतिक्रिया यस प्रकार छ :

बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका

तालिका नं. १५

| सि. नं. | बालमैत्री विद्यालयका विशेषता | प्र.अ. / शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बालकेन्द्रित क्रियाकलाप | १५ | १००% |
| २ | सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय | १५ | १००% |
| ३ | बालअधिकारको सुनिश्चित भएको | १५ | १००% |
| ४ | सक्रिय शिक्षण - सिकाइ क्रियाकलाप संचालन भएको | १५ | १००% |
| ५ | बाल सहभागितामा जोड दिइने | १५ | १००% |
| ६ | समावेशीकरणको  अवस्था | १५ | १००% |
| ७ | दण्डहीन वातावरण | १५ | १००% |
| ८ | विभेदरहीत अवस्था रहेको | १५ | १००% |
| ९ | उपयुक्त भौतिक वातावरण भएको | १५ | १००% |
| १० | समुदायको संलग्नता | १५ | १००% |
|  | जम्मा | १५ जना |  |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार विकल्पमा दिइएका सबै विशेषताहरूमा नै सतप्रतिसत उत्तरदाताहरूले जोड दिएको पाइयो ।

माथिको वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरूको धारणाको विश्लेषणबाट कुनै पनि बालमैत्री विद्यालयका बालकेन्द्रित क्रियाकलाप, सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय, बालअधिकारको सुनिश्चित भएको, सक्रिय शिक्षण-सिकाइ क्रियाकलाप संचालन भएको, बाल सहभागितामा जोड दिइने, समावेशीकरणको  अवस्था, दण्डहीन वातावरण, विभेदरहीत अवस्था रहेको, उपयुक्त भौतिक वातावरण भएको र समुदायको संलग्नता भएका विद्यालय बालमैत्रीपूर्ण हुन्छन् भन्ने निकाल्न सकिन्छ ।

### ४.३.२. बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापसम्बन्धी धारणा

बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापहरूका सन्दर्भमा नमुना छनोटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्षहरू तथा अभिभावकहरूको धारणालाई तलको तालिकामा देखाइएको छ :

**बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलाप तालिका**

तालिका नं. १६

| क.सं. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खेलको माध्यमबाट शिक्षण | १५ | १०० |
| २. | बालगीत, कविता, कथाको प्रयोग | १५ | १०० |
| ३. | पजलहरूको प्रयोग | ६ | ४० |
| ४. | अभिनय नाटकीकरण | १२ | ८० |
| ५. | परियोजना कार्य | १२ | ८० |
| ६. | क्षेत्र भ्रमण | १२ | ८० |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाबाट खेलको माध्यमबाट शिक्षण गर्ने तथा बालगीत, कविता, कथा आदिको प्रयोग गरेर कक्षा शिक्षण सञ्चालन गर्ने पक्षमा सत्प्रतिशत उत्तरदाता पाइएको छ भने अभिनय तथा नाटकीकरण, परियोजना कार्य र क्षेत्र भ्रमण गरेर शिक्षण गर्ने भनाइमा सहमत हुने उत्तरदाताहरू ८०% पाइयो । त्यस्तै पजलहरूको प्रयोग गरेर कक्षा कार्य सञ्चालन गरिन्छ भन्ने भनाइमा ४०% मात्र उत्तरदाताहरू सहमत भएको पाइयो ।

यस विश्लेषणको आधारमा बालमैत्री विद्यालयमा खेलको माध्यमबाट शिक्षण, बालगीत, कविता, कथाको प्रयोग, अभिनय नाटकीकरण, परियोजना कार्य र क्षेत्र भ्रमण जस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गर्न उपयुक्त हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.३. बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलाप सञ्चालनसम्बन्धी धारणा

कक्षा क्रियाकलापका अतिरिक्त विद्यालयमा वर्षभरि सञ्चालन गरिने समग्र शैक्षिक क्रियाकलापहरूका बारेमा नमुनामा परेका विद्यालयहरूका वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरूलाई प्रश्न सोधिएको थियो । बालमैत्री विद्यालयमा सञ्चालन गरिने शैक्षिक क्रियाकलापहरूका सन्दर्भमा प्राप्त धारणा निम्न तालिकामा देखाइएको छ :

**बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापसम्बन्धी तालिका**

तालिका नं. १७

| क्र.सं. | शैक्षिक क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप | १५ | १०० |
| २. | गरीव तथा जेहन्दार छात्रवृत्ति | ३ | २० |
| ३. | दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति | १५ | १०० |
| ४. | शान्ति शिक्षा दिने | ९ | ६० |
| ५. | शैक्षिक भ्रमण कार्यक्रम | १२ | ८० |
| ६. | निरन्तर मूल्याङ्कनको कार्यान्वियन | १२ | ८० |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

बालमैत्री विद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूमा प्रमुख रूपमा वर्षभरि योजना बनाएर अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने तथा दलित तथा पिछडिएका विद्यालर्थीहरूका लागि छात्रवृत्ति दिइने कार्यक्रममा सत्प्रतिशत उत्तरदाताहरूकाले आफ्नो धारणा व्यक्त गरेको पाइयो । शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गर्ने तथा निरन्तर मूल्याङ्कन कार्यक्रमको कार्यान्वियन गर्ने विकल्पमा ८०% उत्तरदाताहरू सहमत भएको पाइयो । त्यसैगरि शान्ति शिक्षा दिने कार्यक्रम पनि सञ्चालन गर्ने भन्ने सन्दर्भमा ६०% मात्र उत्तरदाता सहमत भएको पाइयो भने गरीव तथा जेहन्दार छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिन्छन् भन्ने उत्तरदाता मात्र २०% रहेको पाइयो ।

यसप्रकार बालमैत्री विद्यालयमा हाल सञ्चालन गरिने शैक्षिक क्रियाकलापहरू वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप, दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति, शान्ति शिक्षा दिने, शैक्षिक भ्रमण कार्यक्रम र निरन्तर मूल्याङ्कनको कार्यान्वयन प्रमुख छन् भन्ने निष्कर्ष माथिको विश्लेषणबाट प्राप्त हुन्छ ।

### ४.३.४. विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन दायित्वका सन्दर्भको धारणा

विद्यालयलाई बालमैत्रीपूर्ण बनाउने क्रममा दायित्वका सन्दर्भमा प्राप्त वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरूको धारणा यहाँ तालिकामा प्रस्तुत गरिएकोछ ।

**बालमैत्री विद्यालय बनाउन दायित्वसम्बन्धी तालिका**

तालिका नं.१८

| क्र.सं. | सवैभन्दा बढी दायित्व कस्को | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्र.अ.को | - | |
| २. | शिक्षकको | - | |
| ३. | प्र.अ. र शिक्षकको | १२ | ८० |
| ४. | जि.शि.का. को | ३ | २० |
| ५. | सरकारको | - | |
| ६. | अन्य संघसंस्थाको | - | |
| ७. | अभिभावकको | - | |
| | जम्मा | १५ जना | १००% |

स्थलगत सर्वेक्षण, २०६५

कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन २०% सरकारको दायित्व र ८०% प्र.अ. र शिक्षकको दायित्व रहन्छ भन्ने तथ्य यस तालिकाले देखाएको छ । अन्य विकल्पहरूमा कुनै पनि उत्तरदाताहरूले मत राखेनन् । यो विश्लेषणका आधारमा कुनै विद्यालयलाई बालमैत्रीपूर्ण तरिकाबाट सञ्चालन गराउने सन्दर्भमा विद्यालयका प्र.अ. र शिक्षकको दायित्व प्रमुख रहन्छ र सहयोगीको भूमिका जि.शि.का.ले निर्वाह गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.५ बालमैत्री विद्यालयका समस्याका सन्दर्भको धारणा

नमुना छनोटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्षहरू तथा अभिभावकहरूलाई बालमैत्री विद्यालय बनाउन भोग्नु परेका समस्याहरूका सम्बन्धमा प्राप्त धारणालाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

**बालमैत्री विद्यालयका समस्या तालिका**

तालिका नं.१९

| क.सं. | समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भौतिक व्यवस्थापनमा कठिनाइ | १५ | १०० |
| २. | अभिभावकको चेतनाको कमी | ३ | २० |
| ३. | सबै शिक्षकलाई तालिम नहुनु | ६ | ४० |
| ४. | माथिल्ला कक्षामा मैत्रीपूर्ण वातावरण हुन नसक्नु | १५ | १०० |
| ५. | विद्यालयको कमजोर आर्थिक अवस्था | १५ | १०० |
| ६. | नियमित पृष्ठपोषणको अभाव | ९ | ६० |
| | जम्मा | १५ जना | |

स्थलगत सर्वेक्षण, २०६५

विद्यालयलाई बालमैत्रीपूर्ण बनाएर सञ्चालन गर्ने क्रममा भोग्नु पर्ने समस्याहरूमा भौतिक व्यवस्थापनमा आइपर्ने कठिनाइ, माथिल्ला कक्षाहरू मैत्रीपूर्ण बनाउन नसकिएको अवस्था तथा विद्यालयको आर्थिक अवस्था कमजोर हुनुलाई नै सत्प्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो भने नियमित पृष्ठपोषण नहुनुलाई पनि ६०% उत्तरदाताहरूले समस्या नै स्वीकारेका छन् । सबै शिक्षकलाई तालिम नहुनु भन्ने समस्यामा ४०% र अभिभावकमा चेतनाको कमीमा २०% उत्तरदाता अध्यक्ष तथा अभिभावकहरू सहमत भएको पाइयो ।

माथिको विश्लेषणबाट बालमैत्री विद्यालयका प्रमुख समस्याहरू भौतिक व्यवस्थापनमा कठिनाइ, सबै शिक्षकलाई तालिम नहुनु, माथिल्ला कक्षामा मैत्रीपूर्ण वातावरण हुन नसक्नु, विद्यालयको कमजोर आर्थिक अवस्था र नियमित पृष्ठपोषणको अभाव रहनु हुन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.४. बालमैत्री विद्यालयसम्बन्धी विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा प्रशिक्षकहरूको धारणा

जि.शि.का.मा कार्यरत वि.नि. तथा स्रोतव्यक्तिहरू, शैक्षिक तालिम केन्द्रका तथा सेभ द चिल्ड्रेनका प्रशिक्षकहरू पनि बालमैत्री विद्यालयसँग प्रत्यक्ष सरोकारवाला नै हुन् । त्यसैले यस अध्ययनका क्रममा सरोकारवाला पक्षहरू कोही पनि नछुटुन् भन्ने उद्देश्यले वि.नि. स्रोतव्यक्ति तथा प्रशिक्षकहरूसँग पनि बालमैत्री विद्यालयसम्बन्धी विविध प्रश्नहरू सोधेर राय, सुझाव तथा धारणाहरू सङ्कलन गरिएको थियो । यस क्रममा प्राप्त धारणाहरूलाई तल क्रमशः प्रस्तुत गरिएको छ ।

#### ४.४.१. बालमैत्री विद्यालयका विशेषतासम्बन्धी धारणा

बालमैत्री विद्यालयका विशेषताहरू के के हुन सक्छन् भन्ने प्रश्न सोधेर वि.नि., स्रोतव्यक्ति तथा प्रशिक्षकहरूको धारणा लिइएको थियो । वि.नि., स्रोतव्यक्ति तथा प्रशिक्षकहरूबाट प्राप्त भएका धारणाहरूलाई तलको तालिकामा देखाइएको छ :

**बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका**

तालिका नं.२०

| क्र.सं. | बालमैत्री विद्यालयका विशेषताहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सबै बालबालिकाहरूलाई स्वागत गर्ने विद्यालय | ६ | १०० |
| २. | बालअधिकारको सुनिश्चित भएको | ६ | १०० |
| ३. | बालकेन्द्रित क्रियाकलाप भएको | ६ | १०० |
| ४. | सक्रिय शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन हुने | ६ | १०० |
| ५. | बाल सहभागितामा जोड दिइने | ६ | १०० |
| ६. | समावेशीकरणको अवस्था | ४ | ६६.६ |
| ७. | दण्डरहीत वातावरण | ६ | १०० |
| ८. | विभेदरहीत अवस्था भएको | ४ | ६६.६ |
| ९. | उपयुक्त भौतिक वातावरण भएको | २ | ३३.३ |
| | जम्मा | ६ जना | |

स्थलगत सर्वेक्षण, २०६५

सबै बालबालिकाहरूलाई स्वागत गर्ने विद्यालय, बालअधिकारको सुनिश्चितता भाएको विद्यालय, बालकेन्द्रित क्रियाकलाप भएको, बालसहभागितामा जोड दिइने र दण्डरहीत वातावरण बालमैत्री विद्यालयका प्रमुख विशेषताहरू हुन् भन्ने धारणा सत्प्रतिशत उत्तरदाताहरूले राखेको पाइयो । त्यसैगरी उपयुक्त भौतिक वातावरण भएको विद्यालय भन्ने विकल्पमा सहमत हुने उत्तरदाताहरू सबैभन्दा कम अथवा मात्र ३३.३% मात्र पाइयो ।

माथिको तालिकाको विश्लेषणबाट बालमैत्री विद्यालयका मुख्य विशेषताहरू सबै बालबालिकाहरूलाई स्वागत गर्ने विद्यालय, बालअधिकारको सुनिश्चित भएको बालकेन्द्रित क्रियाकलाप भएको, सक्रिय शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन हुने, बाल सहभागितामा जोड दिइने र दण्डरहीत वातावरण हुन्छन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.४.२. बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापसम्बन्धी धारणा

बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापहरू के कस्ता हुन्छन् भन्ने सम्बन्धमा वि.नि. स्रोत व्यक्ति तथा प्रशिक्षहरूको धारणा बुझ्न यससँग सम्वन्धित प्रश्नहरू सोधिएको थियो । यी प्रश्नहरूबाट प्राप्त उत्तरका आधारमा प्राप्त भएको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलाप तालिका**

तालिका नं. २१

| क.सं. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खेलको माध्यमबाट शिक्षण | ६ | १०० |
| २. | बालगीत, कविता, कथाको प्रयोग | ६ | १०० |
| ३. | पजलहरूको प्रयोग | ३ | ५० |
| ४. | अभिनय नाटकीकरण | ६ | १०० |
| ५. | परियोजना कार्य | ६ | १०० |
| ६. | क्षेत्र भ्रमण | ६ | १०० |
| ७. | सिर्जनात्मक कार्य | ५ | ८३.३ |
| | जम्मा | ६ जना | |

स्थलगत सर्वेक्षण, २०६५

बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापहरू खेलको माध्यमबाट शिक्षण, बालगीत, कविता, कथाको प्रयोग, अभिनय तथा नाटकीकरण, परियोजना कार्य, क्षेत्र भ्रमण र सिर्जनात्मक कार्यमा जोड दिने उत्तरदाताहरू प्राय सबै पाइए । तर पजलहरूको प्रयोग गर्ने कुरामा भने मात्र ५०% उत्तरदाताहरू सहमत भएको पाइयो ।

यसबाट बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापहरूमा खेलको माध्यमबाट शिक्षण, बालगीत, कविता, कथाको प्रयोग, अभिनय नाटकीकरण, परियोजना कार्य, क्षेत्र भ्रमण र सिर्जनात्मक कार्य सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.४.३. बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापसम्बन्धी धारणा

बालमैत्री विद्यालयमा वर्षभरि सञ्चालन गरिने शैक्षिक क्रयाकलापका सन्दर्भमा सोधिएका प्रश्नहरूका आधारमा वि.नि., स्रोतव्यक्ति तथा प्रशिक्षकहरूको धारणालाई यहाँ तालिकामा देखाइएको छ :

**बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापसम्बन्धी तालिका**

तालिका नं. २२

| क्र.सं. | शैक्षिक क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप | ६ | १०० |
| २. | गरीव तथा जेहन्दार छात्रवृत्ति | ४ | ६६.६ |
| ३. | दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति | २ | ३३.३ |
| ४. | शान्ति शिक्षा दिने | ६ | १०० |
| ५. | शैक्षिक भ्रमण कार्यक्रम | ६ | १०० |
| ६. | निरन्तर मूल्याङ्कनको कार्यान्वयन | ६ | १०० |
| | जम्मा | ६ जना | |

स्थलगत सर्वेक्षण, २०६५

वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, शान्ति शिक्षा दिने, शैक्षिक भ्रमण सञ्चालन गर्ने, निरन्तर मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गर्ने भन्नेजस्ता शैक्षिक कार्यक्रमहरू बालमैत्री विद्यालयले सञ्चालन गर्नुपर्छ भन्ने मतमा सत्प्रतिशत उत्तरदाताहरू पाइए भने गरीव तथा जेहन्दार छात्रवृत्ति प्रदान गर्ने पक्षमा ६६.६% र दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति भन्ने विकल्पका पक्षमा मात्र ३३.३% उत्तरदाताहरू पाइए ।

यस विश्लेषणका आधारमा बालमैत्री विद्यालयले वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप, गरीव तथा जेहन्दार छात्रवृत्ति, शान्ति शिक्षा दिने, शैक्षिक भ्रमण कार्यक्रम र निरन्तर मूल्याङ्कनको कार्यान्वयन गर्ने वार्षिक शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.४.४. विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन दायित्वका सन्दर्भको धारणा

विद्यालय त्यसै आफै बालमैत्रीपूर्ण बन्न सक्दैन । त्यससँग सरोकारवालाहरू सबै पक्षको आ-आफ्नो दायित्व पूरा गर्नु पर्दछ । कुनै एक पक्षले मात्र यो कार्य सफलतापूर्वक सम्पादन गर्न कठीन विषय हो । त्यसैले वि.नि., स्रोतव्यक्ति तथा प्रशिक्षकहरूको रायमा कुनै पनि एक पक्षले मात्र आफ्नो दायित्व पूरा गर्दैमा विद्यालय मैत्रीपूर्ण बन्न सक्दैन । यसका लागि त सम्पूर्ण सरोकारवालाहरू सबैले आ-आफ्नो दायित्व र जिम्मेवारी पूर्ण रूपमा पूरा गर्नु पर्दछ भन्ने भनाइ प्राप्त भयो ।

### ४.४.५. बालमैत्री विद्यालयका समस्यासम्बन्धी धारणा

बालमैत्री विद्यालयका प्रमुख समस्याहरू के के हुन सक्छन् भन्ने सन्दर्भमा वि.नि., स्रोतव्यक्ति तथा प्रशिक्षकहरूलाई प्रश्न सोधिएको थियो र सो प्रश्नहरूका सन्दर्भमा आएका उत्तरका आधारमा बालमैत्री विद्यालयका समस्याहरू केलाउँदा यस प्रकार पाइयो :

**बालमैत्री विद्यालयका समस्या तालिका**

तालिका नं.२३

| क्र.सं. | समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भौतिक व्यवस्थापनमा कठिनाइ | ६ | १०० |
| २. | अभिभावकमा चेतनाको कमी | ६ | १०० |
| ३. | सबै शिक्षकलाई तालिम नहुनु | ६ | १०० |
| ४. | माथिल्ला कक्षामा मैत्रीपूर्ण वातावरण हुन नसक्नु | ६ | १०० |
| ५. | विद्यालयको कमजोर आर्थिक अवस्था | ६ | १०० |
| ६. | नियमित पृष्ठपोषणको अभाव | ६ | १०० |
| | जम्मा | ६ जना | |

स्थलगत सर्वेक्षण, २०६५

सबै वि.नि., स्रोतव्यक्ति तथा प्रशिक्षकहरूले प्रश्नमा दिइएका सबै विकल्पहरूमा सहमती जनाएको पाइयो । त्यसकारण भौतिक व्यवस्थापनमा कठिनाइ, अभिभावकको चेतनाको कमी, सबै शिक्षकलाई तालिम नहुनु, माथिल्ला कक्षामा मैत्रीपूर्ण वातावरण हुन नसक्नु, विद्यालयको आर्थिक अवस्था कमजोर हुनु तथा विद्यालयमा नियमित पृष्ठपोषणको अभाव रहनु बालमैत्री विद्यालयका प्रमुख समस्याहरू हुन् ।

## ४.५. बालमैत्री विद्यालयका सन्दर्भमा विद्यार्थीहरूको धारणा

बालमैत्री विद्यालयका सरोकारवाला पक्षमा विद्यार्थीहरू पनि पर्दछन् । यस अध्ययनका क्रममा विद्यार्थीहरूसँग पनि छलफल, अन्तरक्रिया तथा प्रश्नावलीको प्रयोग गरेर बालमैत्री विद्यालयका सम्बन्धमा राय तथा धारणाहरू लिइएको थियो । बालमैत्री विद्यालयका विशेषताहरू, कक्षा क्रियाकलापहरू वार्षिक शैक्षिक कार्यक्रमहरू, प्रमुख जिम्मेवारी तथा प्रमुख समस्याहरूका सन्दर्भमा विद्यार्थीहरूसँग सोधिएका प्रश्नका आधारमा प्राप्त भएका उत्तरहरूलाई टिपोट गरी विद्यार्थीहरूका धारणाहरू तल प्रस्तुत गरिएको छ :

### ४.५.१. विद्यार्थीहरूले विद्यालयमा पाएको वातावरणसम्बन्धी विश्लेषण

बालमैत्री विद्यालयका बारेमा तथा यसका विशेषताहरू र विद्यार्थीहरूले पाएको शैक्षिक वातावरणका सन्दर्भमा प्राप्त धारणालाई तलको तालिकामा देखाइएको छ :

**बालमैत्री विद्यालयका विशेषतासम्बन्धी तालिका**

तालिका नं.२४

| सि.नं. | विद्यार्थीले विद्यालयमा पाएको वातावरण | प्र.अ./शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरायसी | ६ | ६०% |
| २ | मायालु | १० | १००% |
| ३ | सहयोगी | १० | १००% |
| ४ | दिक्कलाग्दो | १० | १००% |
| ५ | रमाइलो | १० | १००% |
| ६ | कुटपिट नगरिने | ८ | ८०% |
| ७ | सुरक्षित | १० | १००% |
| | जम्मा | १० जना | |

स्थलगत सर्वेक्षण, २०६५

विद्यालयमा घरायसी वातावरण पाउने ६०% उत्तरदाताहरू भए भने कुटपिट नगरिने अवस्था स्वीकार्ने ८०% विद्यार्थीहरू पाइए । अन्य सबै विकल्पहरूमा सत्प्रतिशत विद्यार्थीहरूले सहमती जनाए। खास गरी विद्यार्थीहरूको घरको रूपमा नै विद्यालय स्थापित हुन नसके तापनि आजको बालमैत्री विद्यलयमा विद्यार्थीहरूले मायालु, सहयोगी, रमाइलो वातावरण भने प्राप्त गरेका छन् र उनीहरू दिक्कलाग्दो अवस्थामा भने छैनन् भन्ने निष्कर्ष माथिका विश्लेषणका आधारमा निकाल्न सकिन्छ।

### ४.५.२. बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापसम्बन्धी विद्यार्थीहरूको धारणा

कक्षा क्रियाकलाप खास गरी विद्यार्थीहरूकै लागि हुन्। स्वयम् विद्यार्थीहरूको धारणा यस सम्बन्धमा के छ भनेर प्रश्नहरू सोधिएका थिए । यसका आधारमा प्राप्त भएको विद्यार्थीहरूका धारणा तलको तालिकामा प्रस्तुत गरिएको छ :

कक्षा क्रियाकलापसम्बन्धी तालिका

तालिका नं.२५

| क.सं. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खेलको माध्यमबाट शिक्षण | १० | १०० |
| २. | बालगीत, कविता, कथाको प्रयोग | १० | १०० |
| ३. | पजलहरूको प्रयोग | १० | १०० |
| ४. | अभिनय नाटकीकरण | १० | १०० |
| ५. | परियोजना कार्य | १० | १०० |
| ६. | क्षेत्र भ्रमण | १० | १०० |
| ७. | सिर्जनात्मक कार्य | १० | १०० |
| | जम्मा | १० जना | |

स्थलगत सर्वेक्षण, २०६५

खेलको माध्यमबाट शिक्षण, बालगीत, कविता, कथाको प्रयोग, पजलहरूको प्रयोग, अभिनय नाटकीकरण, परियोजना कार्य, क्षेत्र भ्रमण, सिर्जनात्मक कार्य सबै विकल्पहरूमा सत्प्रतिशत उत्तरदाताहरूले आफ्नो सहमती जनाएको पाइयो । यी सबै कक्षा क्रियाकलापहरू महत्वपूर्ण र अनिवार्य छन् भन्ने धारणा विद्यार्थीहरूले प्रकट गरे । त्यसकारण सम्पूर्ण कक्षा क्रियाकलापहरू विद्यार्थी केन्द्रित हुनुपर्छ तथा विद्यार्थीले रमाइलो वातावरणमा आफै गरेर सिक्ने अवसर पाउने क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक देखिन्छ ।

### ४.५.३. बालमैत्री विद्यालयमा सञ्चालन गरिने शैक्षिक क्रियाकलापसम्बन्धी धारणा

तिम्रो विद्यालयमा कस्ता कस्ता शैक्षिक कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गरिन्छन् भन्ने प्रश्न उनीहरूलाई सोधेर त्यसबाट प्राप्त विद्यार्थीहरूको धारणालाई तलको तालिकामा समेटिएको छ :

**बालमैत्री विद्यालयका शैक्षिक क्रियाकलाप तालिका**

तालिका नं.२६

| क्र. सं. | शैक्षिक क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप गर्ने | १० | १०० |
| २. | गरीव तथा जेहन्दार छात्रवृत्ति दिने | १० | १०० |
| ३. | दलित तथा विछडिएकाका लागि छात्रवृत्ति दिने | १० | १०० |
| ४. | शान्ति शिक्षा दिने | १० | १०० |
| ५. | शैक्षिक भ्रमणमा लैजाने | १० | १०० |
| ६. | निरन्तर मूल्याङ्कनको कार्यान्वयन | १० | १०० |
| | जम्मा | १० जना | |

स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाबाट बालमैत्री विद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूमा छ वटा नै विकल्पहरूमा सत्प्रतिशत उत्तरदाता विद्यार्थीहरूले आफ्नो सहमती जनाएको देखिएको छ । यसप्रकार बालमैत्री विद्यालयमा योजनाबद्ध अतिरिक्त क्रियाकलाप सञ्चालन, छात्रवृत्तिको व्यवस्था शान्ति शिक्षा, शैक्षिक भ्रमण तथा निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवस्थित गरिएको हुन आवश्यक छ ।

### ४.५.४. कस्तो विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ भन्ने सन्दर्भमा विद्यार्थीहरूको धारणा

कस्तो विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ भन्ने सम्बन्धमा विद्यार्थीहरूबाट प्राप्त भएको प्रतिक्रियालाई हेर्दा विद्यार्थीहरूकालागि बढ्ने राम्रो वातावरण र अवसर भएको विद्यालय, रमाइलो वातावरण भएको, शिक्षकले कहिल्यै विद्यार्थीहरूलाई नकुट्ने र खेलेर रमाइलो मान्दै विद्यार्थीहरूले पढ्न पाउने विद्यालय बालमैत्री विद्यालय हो भन्ने उत्तर प्राप्त भयो ।

### ४.५.५. बालमैत्री विद्यालयका समस्याहरूसम्बन्धी धारणा

बालमैत्री क्रियाकलापहरू सञ्चालन गर्न, बालमैत्री विद्यालय स्थापना गर्न, कक्षा व्यवस्थापन तथा विद्यालय सु-सञ्चालन क्रममा देखापर्ने प्रमुख समस्याहरूका बारेमा नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूसँग तिम्रो विद्यालयमा कस्ता समस्याहरू छन् भन्ने प्रश्न सोधेर राय तथा धारणा लिँदा निम्नानुसार प्राप्त भयो :

**बालमैत्री विद्यालयका समस्यासम्बन्धी तालिका**

तालिका नं.२७

| क्र.सं. | बालमैत्री विद्यालयका समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कक्षामा बसाइ अप्ठ्यारो छ | - | - |
| २. | शिक्षकले ध्यान दिएर पढाउनु हुन्न | २ | २० |
| ३. | सबै शिक्षकले राम्ररी पढाउनु हुन्न | ६ | ६० |
| ४. | शैक्षिक सामग्रीहरू थोरै छन् | १० | १०० |
| ५. | विद्यालयमा पैसाको अभाव छ | १० | १०० |
| ६. | विद्यालयमा अभिभावकहरू आउनु हुन्न | ५ | ५० |
| | जम्मा | १० जना | |

स्थलगत सर्वेक्षण, २०६५

बालमैत्री विद्यालयका प्रमुख समस्याहरूमा कक्षामा बसाइ अप्ठ्यारो छ भन्ने विकल्पलाई कुनै पनि उत्तरदाता विद्यार्थीले स्वीकारेनन् भने शैक्षिक सामग्रीहरू थोरै छन् र विद्यालयमा पैसाको अभाव छ भन्ने विकल्पहरूमा सत्प्रतिशत उत्तरदाता विद्यार्थीहरूले सहमती जनाएको पाइयो । यसैगरी सबै शिक्षकले राम्ररी पढाउनु हुन्न भन्ने समस्यामा मत दिने ६०% र विद्यालयमा अभिभावकहरू आउनु हुन्न भनी समस्या देखाउने ५०% विद्यार्थीहरू पाइए । यसबाट बालमैत्री विद्यालयका ज्वलन्त समस्याहरूमा शैक्षिक सामग्रीहरू तथा पैसाको अभाव विद्यालयमा हुनु तथा सबै शिक्षकलाई तालिमको आवश्यकता नै प्रमुख छन् भन्ने बुझिन्छ ।

### ४.६. नमुना विद्यालयहरूको अबलोकनबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण

नमुना विद्यालयहरूको प्रत्यक्ष अवलोकनबाट प्राप्त भएका सूचनाहरू पनि यहाँ महत्वपूर्ण रहेका छन् । किनकि सूचना तथा तथ्याङ्कहरूको सत्यता र विश्वसनीयताका लागि पनि  नमुना विद्यालयहरूको अवलोकन प्रभावकारी रह्यो । एउटा विद्यालयमा ३ दिनदेखि ५ दिनसम्म लगातार अवलोकन गरेर अवलोकनबाट देखिएका र महशुस गरिएका सूचनाहरूलाई टिपोट गरेर सो टिपोटहरूका बारेमा विद्यालयमा समेत छलफल गरेर त्यही नै प्रारम्भिक निष्कर्षसमेत निकालिएको थियो । यसका अतिरिक्त यस शोध समस्यालाई ठोस निष्कर्षमा पुऱ्याउन विभिन्न द्वितीय स्रोतबाट पनि तथ्याङ्कहरू लिएर विश्लेषण गरिएको छ । यसरी गरिएको विश्लेषण अब प्रस्तुत गरिन्छ ।

#### ४.६.१. शिक्षण सिकाइ क्रियाकलाप

बालमैत्री विद्यालय सम्पूर्ण विद्यार्थीहरूको आफ्नै घर (Children's House) हो । त्यसैले विद्यालयमा बालसुलभ सामग्रीहरू तथा बालसुलभ क्रियाकलापहरू सञ्चालित हुनुपर्छ । विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन समुदायमा खेलिने खेल वा अन्य क्रियाकलापहरू विद्यालय सिकाइ क्रियाकलापमा समावेश गरिनु पर्छ (सेरिड, २०६२) ।

शिक्षण-सिकाइ क्रियाकलापको प्रभावकारिता सिकाइमा ज्ञानको थुप्रो मात्र लगाउनेभन्दा व्यवहारमा परिवर्तन गर्ने र जीवनोपयोगी सीप प्रदान गर्ने पक्षसँग सम्बन्धित छ । बाल केन्द्रित सिकाइ पद्धति विद्यालयमा कार्यान्वयन गर्नका लागि शिक्षकमा केही सीपहरू आवश्यक पर्दछन् । यसको तयारीमा विद्यालय र स्वयं शिक्षकले नै ध्यान पुऱ्याउनु पर्छ । कुनै पनि विद्यालयलाई बालमैत्री पूर्ण बनाउन आवश्यक पर्ने प्रमुख आधारस्तम्भ बालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलाप नै हुन् भन्ने मत अधिकांश शिक्षक, प्र.अ., विद्यार्थीहरूले बताए भने सतप्रतिसत प्रशिक्षक, वि.नि. तथा स्रोतव्यक्तिहरूले शिक्षण सिकाइ क्रियाकलापमा नै जोड दिएर विद्यालय बालमैत्रीपूर्ण बन्न सक्छ भन्ने मत राखेको पाइयो । विद्यालयहरूमा हाल सञ्चालन भइरहेका शिक्षण सिकाइ क्रियाकलापहरूका सन्दर्भमा भने वि.व्य.स. पदाधिकारीहरू तथा अभिभावकहरू सन्तुष्ट नै देखिए ।

बालमैत्री विद्यालयका शिक्षण सिकाइ क्रियाकलापका सन्दर्भमा शोधकर्ताको अवलोकनबाट तथा अवलोकन पश्चातको छलफलका क्रममा प्राप्त प्रतिक्रियाहरूबाट देखिएका केही क्रियाकलापहरूको विश्लेषण यहाँ उल्लेख गरिएको छ :

क) खेलको माध्यमबाट सिकाइ

खासगरी प्राथमिक तहका विद्यार्थीहरूको विकासात्मक अवस्थालाई उत्तर बाल्यावस्थाको उमेर समूहका बालबालिकाहरू भनिन्छ । यो अवस्थाको प्रमुख विशेषता “खेलको उमेर”(Play Age) (शर्मा एण्ड शर्मा, २०६१ : २७) हो । बालबालिकाको लागि रुचिअनुसार शिक्षण भन्ने सिद्धान्तको प्रयोग गर्न शिक्षण सिकाइ क्रियाकलाप नै खेल हुन सक्छ तर यस्तो खेलको उद्देश्य शुद्ध रूपमा खेल खेल्नु मात्र नभएर सिकाइ उपलब्धि पूरा गर्नु नै हुनुपर्छ । त्यसकारण खेलविधि प्रयोग गरेर गणित, सामाजिक, विज्ञान तथा भाषाका कक्षाहरू पनि सञ्चालन गर्न सकिन्छ । यसको प्रयोग बालमैत्री विद्यालयले गरेको देखियो । जनता बाल प्रा.वि. बुधनगर र रघुपति प्रा.वि. विराटनगरमा गणित, विज्ञान, सामाजिक तथा भाषासम्बन्धी विषयमा खेलका माध्यमबाट सिकाइ हुने केही खेलका क्रियाकलापहरू निम्नानुसार देखियो । खेल क्रियाकलापका केही नमुना तल प्रस्तुत गरिएको छ :

**खेलको माध्यमबाट सिकाइ तालिका**

तालिका नं. २८

| क्रियाकलाप/खेल | विषय/शीर्षक (पाठ) | प्रक्रिया |
|---|---|---|
| १. Run to the board | गणित; संख्याको ज्ञान | दुई समूहमा विद्यार्थीहरू एक/एक गरी कालोपाटीमा पुगेर संख्या देखाउने । |
| २. लुडो खेल | गणित, जोड घटाउ | लुडोको गोटी गुडाएर पल्टेको संख्या जत्ति नै पाइला हिड्न लगाउने । |
| ३. ढयाक हान्ने ( खोपी) | भाषा, शब्दार्थ शिक्षण गणित, स्थानमान | कठिन शब्दमा ढयाकले हान्ने र सो शब्दको अर्थ भन्न लगाउने र वाक्यमा प्रयोग गर्न लगाउने । |
| ४. कुनामा जाऊ | भाषा, अक्षर चिनारी | शिक्षकले अक्षर उच्चारण गरेपछि गोलघेराका विद्यार्थीहरू आफूसँग भएका सो उच्चारण गरिएका कार्ड देखाएर अक्षर कुनामा जाने । |
| ५. पसले बन्ने | सामाजिक, गणित व्यापार, जोड घटाउ | कुनै एक विद्यार्थी पसले बन्ने र मूल्यको स्टीकर टाँसिएको सामानहरू विद्यार्थीलाई बेच्ने । |
| ६. दुईछेउ कुद्ने (Run to the side) | विज्ञान , रंगको ज्ञान | शिक्षकले रंगको नाम भन्नासाथ दुई समुहमा बसेका विद्यार्थीले दुई छेउबाट सोही रंगको कार्ड टिपेर ल्याउने । |
| ७. शब्द भऱ्याङ | भाषा, शब्द निर्माण | शिक्षकले दिएको कुनै शब्दको एउटा अक्षरको प्रयोग गरेर अर्को शब्द बनाउदै जाने शब्दमाला खेल खेल्ने । |

स्थलगत सर्वेक्षण, २०६५

यसरी खेलको माध्यमबाट शिक्षण-सिकाइ सञ्चालन गर्ने गर्दा विद्यार्थीहरू विद्यालयमा रमाएर सिकाइ लागेको देखियो । यसबाट सिकाइ उपलब्धिहरू सहज रूपमा पूरा भई विद्यालयमा बालमैत्री वातावरण कायम भएको पाइयो ।

ख) बालगीत तथा बालकविताहरूको प्रयोग

गीत गाउनु रमाइलो पनि हो । सबै विद्यालयहरूमा बालगीतहरू गाउन लगाएको पाइयो । विद्यार्थीहरू पनि सामान्य हाउभाउसहित बालगीतहरू तथा गिती कविताहरू गाउन मन पराउने देखियो । यसबाट बालबालिकाहरूको सिर्जनात्मकतामा बृद्धि हुने र सिकाइ पनि सरल र प्रभावकारी हुने देखिन्छ ।

ग) बालपुस्तक निर्माण

नमुना छनौटमा परेका मध्ये ६०% विद्यालयले बालबालिकाहरूकै रचनाहरू समेटेर बालपुस्तक निर्माण गरेर सामुहिक सँगालोको रूपमा बुक कर्नरमा राखेको पाइयो । एकै नापका सफा कागत प्रत्येक विद्यार्थीलाई दिएर त्यसमा विद्यार्थीहरूले आफूलाई मनपरेको वस्तुको चित्र र सो चित्रमुनि चित्रको परिचय लेखेका पानाहरू शिक्षकले सङ्कलन गरेर सामान्य गाता र वैण्डिङ लगाइ जनता बाल प्रा.वि. बुधनगरमा बालपुस्तक निर्माण गरेको पाइयो भने कालिका मा.वि. टाँटीमा विद्यार्थीको परिचयको पुस्तक बनाएको पाइयो । त्यसैगरी नि.मा.वि. कञ्चनवारीमा पनि बाल रचनाबाट पुस्तक निर्माण भएको देखियो । यस क्रियाकलापलाई विस्तार गरेर बालकथा, बालकविता तथा अन्य सिर्जनाहरूको सङ्कलन गरेर सामुहिक रूपमा विभिन्न किसिमका पुस्तक निर्माण गर्न सकिने देखिन्छ ।

घ) पजलहरूको प्रयोग

चित्र पजल (चित्रलाई काटेर टुक्राहरू जोडेर सिङ्गो चित्र बनाउने), गणितीय पजलहरू, भाषाका पजलहरू तथा अन्य बौद्धिक तथा I.Q. सम्बन्धी पजलहरूमध्ये कुनै न कुनै पजलको प्रयोग प्रत्येक विद्यालयमा भएको पाइयो । बौद्धिक विकास तथा सिर्जनात्मकताका लागि यी पजलहरू उपयोगी छन् । केही पजलहरू विद्यार्थीले सहज रूपमा नै समाधान गर्न सकेको अवस्था देखिएको हुँदा यसबाट बालबालिकाहरूको बौद्धिक सक्षमता

प्रदर्शित हुन गएको थियो । मस्तिष्कमन्थन तथा मस्तिष्कझन्झा विधिको समेत प्रयोग यसको सबल पक्ष नै हो ।

ङ) अभिनय तथा नाटकीकरण

नक्कल गर्ने, अभिनय गर्ने, नाटक खेल्ने, सिमुलेसन, Mime Activities मा ८०% बालबालिकाहरू सक्रिय रहेको पाइयो । शिक्षकहरू यस्ता क्रियाकलाप सञ्चालन गर्न सरलता मान्ने तथा अभिभावकहरूले समेत यी क्रियाकलामहरू मन पराएको अवस्था देखियो ।

च) परियोजना कार्य (Project Work)

विद्यार्थीहरूलाई स्व-सिकाइ क्रियाकलापको रूपमा परियोजना कार्य दिइने गरेको देखियो । ४०% विद्यालयमा शहर (धरान, विराटनगर) को बारेमा विवरण लेखेर र चित्रसमेत बनाएर ल्याउन भनी विद्यार्थीहरूको समूह बनाएर काम गर्न प्रोत्साहन गरेको पाइयो । यो परियोजना कार्यको राम्रो उदाहरण हो । यस्तै क्रियाकलापबाट बालबालिकाहरू खोज तथा अनुसन्धानात्मक कार्यमा समेत लाग्न सक्दछन् भन्ने मत प्र.अ. र शिक्षकहरूको रहेको देखियो ।

छ) बुक कर्नरको प्रयोग तथा पुस्तकालय विधि

कक्षामा नै डोरीमा झुण्डयाइएका पुस्तकहरू सामुहिक रूपमा हेर्न/पढ्न समय दिइएको, शब्दकोशको प्रयोग गर्न लगाइएको र कुनै पुस्तकमा कुनै वस्तुको चित्र खोज्न लगाइएको क्रियाकलाप पञ्चायत उ.मा.वि. पथरीका कक्षा १ का विद्यार्थीहरूले सहज रूपमा सम्पन्न गर्न सकेको देखियो । अन्य विद्यालयहरूमा पनि बुक कर्नरको सामन्य व्यवस्था पाइयो । प्र.अ. तथा शिक्षकको भनाइमा यस्ता क्रियाकलापहरू पुस्तकालय विधि अन्तर्गत सञ्चालन गरिएको हुन् भन्ने पाइयो । यी क्रियाकलापमा विद्यार्थीहरू रमेर काम गर्न उत्साहित देखिन्थे ।

ज) छलफल क्रियाकलाप

कुनै पनि विषयमा छलफलका लागि समूह-समूह निर्माण गरी सामुहिक छलफलबाट आएका कुराहरू समूह-समूहबाट टिपोट गर्ने एवम् प्रस्तुत गरी सबै कक्षामा नै जानकारी गराउने र निष्कर्षसमेत निकालेर सिकाइ गराउने विधि उपयोगी मानिएको पाइयो । जिक स विधिबाट एक आपसमा सिक्ने-सिकाउने अवसर मिल्दछ तथा टोली नेता बन्दा नेतृत्व सीपको विकास हुन सक्छ ।

झ) कार्य विभाजन तथा जिम्मेवारी तालिका

स्वयं विद्यार्थीहरूका लागि नै कक्षाकोठा भित्रका तथा विद्यालय हातभित्रका (फूलवारी आदिमा) कार्यसम्बन्धी प्रत्येक दिनका लागि कार्य जिम्मेवारी तोकिएको पाइयो । यस्तो जिम्मेवारी वाडँफाडबाट नै जीवनोपयोगी सीपहरूको सिकाइ गराउन सकिन्छ । त्यसैले कार्य विभाजन तथा जिम्मेवारी बाडँफाड पनि सिकाइ क्रियाकलाप नै हुन् ।

शिक्षण सिकाइ क्रियाकलापमा सामग्रीहरूको महत्व पनि आफैमा उच्च हुन्छ । स्थानीय सामग्रीहरूको सङ्कलन, उपयोगी र संरक्षण गरी शैक्षिक सामग्री निर्माण गर्न शिक्षकमा सीप खुवी, रुचीको साथै सिर्जनाशीलता (Creativity) र केही गरौँ भन्ने भावना (Enthusiasm) हुन जरुरी हुन्छ (पोखरेल, २०६५) । थोरै पैसा पर्ने (Low-cost Materials) तथा खेर गइरहेका सामग्रीको उपयोग गरी बनाइने पैसा नै नपर्ने सामग्री(No-cost Materials ) हरूको शिक्षक-निर्मित तथा विद्यार्थी-निर्मित सामग्रीको रूपमा (पोखरेल, २०६५/०६६) प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ ।

**४.६.२. कक्षामा बसाइ व्यवस्थापन**

नमुना छनौटमा परेका पाँच वटा विद्यालयहरूको अवलोकन गर्दा सबै विद्यालयहरूको कक्षा व्यवस्थापनमा देखियोको विद्यार्थीहरूको बसाइ बालमैत्री विद्यालयमा सञ्चालित क्रियाकलापहरूसँग उपयुक्त हुने किसिमको देखियो । कक्षा कोठामा कार्पेट विछ्याइएको र कार्पेटमाथि चकटीको समेत व्यवस्था पाइनु र सो बसाइमा विद्यार्थीहरू रमाएको देखिनु यो सबल पक्ष हो । यो बसाइ व्यवस्थापनका सन्दर्भमा अभिभावकहरूको राय बुझ्दा समेत मन पराएको पाइयो । जुत्ता चप्पल कोठा बाहिर राख्नु पर्ने व्यवस्थालाई

भने जुत्ता चप्पल सुरक्षित राख्ने ठाउँको सबै विद्यालयले व्यवस्था गर्न नसकेकोले सुधार गर्नु पर्ने देखियो । कक्षाकोठाको चारैपट्टि बालबालिकाहरूको पहुँचमा कालो पाटी राखिएको देखियो । जसमा बालबालिकाहरूले आफूलाई मन परेको कुरा लेख्न सक्षम भएको पाइयो तर यसमा भएको चकको धुलोलाई व्यवस्थित गर्न बाँकी रहेको शिक्षकहरूको मत पाइयो । कक्षा कोठामा भएको भित्ते लेखन पनि शिक्षण सिकाइका लागि तथा विद्यार्थीहरूमा स्वसिकाइको वातावरणका लागि उपयुक्तता प्राप्त भएको पाइयो ।

### ४.७. सैद्धान्तिक ढाँचाका आधारमा विद्यालयको विश्लेषण

यस अध्ययनका क्रममा प्रयोग गरिएका सैद्धान्तिक ढाँचाका आधारमा नमुना छनौट परेका विद्यालयहरूको विविध पक्षमा देखिएका कुराहरूको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

#### ४.७.१. विद्यालय व्यवस्थापन

विद्यार्थीहरूको आवश्यकता, रुची, चाहना र स्तरका आधारमा विद्यार्थी आफैले सिक्न सक्ने गरी स-साना कामहरू तयार गरेर एउटा सानो प्याकेज समाप्त हुनासाथ त्यसको नतिजा सिकारुले पाइहाल्ने र दोस्रो प्याकेजमा जाने पद्धति कार्यक्रम सिकाइ (Programmed Learning) पनि Operent Conditioning Theory र थर्नडाइक (सन् १९३५) को Low of Effect सँग पनि सम्बन्धित (काफ्ले, २०६१) छ र यो बालमैत्री विद्यालयको व्यवस्थापनसँग पनि सम्बन्धित छ । ज्ञानका मुख्य स्रोतहरू Scientific Knowledge (प्रयोगशालाबाट उत्पन्न हुने), Practical Knowledge (व्यवहारिक अनुभवबाट प्राप्त हुने) Empirical Knowledge (Human lab बाट जन्मन्छ) नै हुन् (काफ्ले, २०६१) । यी तीनै प्रकारका ज्ञानका स्रोतहरूको उपयोग गर्ने वातावरण बालमैत्री विद्यालयले प्रदान गर्नुपर्छ ।

"यूनेस्कोले निर्धारण गरेका २१ औं शताब्दीका शिक्षाका चार स्तम्भ जान्नका लागि सिक्ने, गर्नका लागि सिक्ने, बन्नका लागि सिक्ने र सहजीवनका लागि सिक्ने भन्ने निरूपण गरेको छ" (काफ्ले, २०६१ : ३४७-३४८) । यी बालमैत्री विद्यालयका आधार स्तम्भ पनि हुन् । यसका आधारमा बालमैत्री विद्यालयमा हुनुपर्ने आधारभूत कुराहरू जस्तैः मैत्रीपूर्ण भौतिक पूर्वाधार, बालकेन्द्रित शिक्षण विधि, सक्रिय सिकाइ पद्धति, प्रयाप्त सिकाइ सामाग्री, शिक्षक-विद्यार्थी सुमधुरसम्वन्ध, दण्ड/भयरहित वातवरण, सम्मानजनक सिकाइ, स्थानीय

सरोकारवालाहरूको सक्रिय सहभागिता, स्थानीय तहमा सुपरिक्षण र अनुगमन, पारदर्शिता, निरन्तर मूल्याङ्कन, विद्यार्थी प्रगतिको अभिलेख र जानकारी आदिको उचित व्यवस्थापनमा जोड दिनुपर्छ ।

सेरिड (२०६२) ले गरेको अध्ययन अनुसार विद्यालय व्यवस्थापनमा साझा दायित्वको प्रभावकारिता रहन्छ । सरोकारवालाहरूलाई विद्यालयका गतिविधिमा आमन्त्रण गरी उनीहरूलाई काम र जिम्मेवारी दिइनु पर्दछ । यसले सामुहिक काम गर्ने परिपाटि वा संस्कृतिको विकास हुन्छ (सेरिड, २०६२) ।

अधिकांश विद्यालयहरूका विद्यालय सुधार योजनामा विद्यालयको भौतिक व्यवस्थापनमा जोड दिएको पाइन्छ भने शैक्षिक गतिविधिहरूमा नियमितता एवम् प्रशासनिक दुरुस्तता कायम गर्नेतर्फ सचेत रहेको देखिन्छ । समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरूमा यसको अतिरिक्त विद्यालयका स्थानिय सरोकारवालाहरूको सहभागिता र सक्रिय संलग्नतामा बृद्धि भएको पाइन्छ भने बालमैत्री विद्यालयहरूमा भौतिक व्यवस्थापन, शैक्षिक क्रियाकलापको नियमितता तथा प्रशासनिक दुरुस्तता र स्थानीय समुदाय तथा अभिभावकको सहभागिताका अतिरिक्त गुणस्तरीय शिक्षाको समेत सुनिश्चितता गरिएको हुनुपर्दछ । विद्यालय व्यवस्थापनका पक्षमा सोधिएका प्रश्नहरूमा ६५% शिक्षकहरूले शैक्षिक व्यवस्थापनकै पक्षमा जोड दिएको पाइयो र २५% शिक्षकहरूले भौतिक पक्षमा र १०% ले आर्थिक पक्षको प्राधान्यता जनाए तर व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकहरूको भनाइमा ८०% ले भौतिक व्यवस्थापन नै विद्यालय व्यवस्थापन र बालमैत्री विद्यालयका प्रमुख आधार हुन् भन्ने मत राखेको पाइयो र २०% ले मात्र शैक्षिक गतिविधिहरूको व्याख्या विश्लेषण गरेर विद्यालय व्यवस्थापन गर्नुपर्छ भन्ने मत जाहेर गरे । यसबाट बालमैत्री विद्यालयका वि.व्य.स. पदधिकारी, अभिभावकहरूलाई सचेतना आवश्यक देखिन्छ ।

### ४.७.२. निरन्तर विद्यार्थी मूल्याङ्कन

निरन्तर पृष्ठपोषणबाट सुधार गर्न बल पुग्ने पद्धति प्रत्येक सिकारुका लागि आवश्यक हुन्छ । पुनर्बल आफैमा पृष्ठपोषण हो । यो नै सिकारुका लागि अभिप्रेरणा पनि हो अर्को पक्ष विद्यार्थीका लागि निरन्तर मूल्याङ्कन पनि अति आवश्यक छ । सम्पूर्ण विद्यालयले

विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन निरन्तर मूल्याङ्कन आवश्यक छ भन्ने कुरामा जोड दिए । स-साना बालबालिकाहरूका लागि परीक्षा Paper-Pencil Test पनि विद्यालयप्रतिको नकारात्मक सोचको कारक तत्व बनेको पाइयो । परीक्षाको सन्त्रास हटाउन निरन्तर मूल्याङ्कन नै एक प्रमुख औषधि हुनसक्छ । विद्यार्थीहरूलाई शिक्षा दिनुको अर्थ पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू हासिल गराउनु हो र मूल्याङ्कनको अर्थ पनि यही सिकाइ उपलब्धिहरू पूरा गराउन निर्माणात्मक या सुधारात्मक रूपमा बल प्रदान गर्नु नै हो, विद्यार्थीहरूलाई फेल गरेर असक्षम घोषणा गर्नु होइन । त्यसैले निरन्तर मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको कक्षा सहभागिता, गृहकार्य, चालचलन अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित जाँच, परियोजना कार्य, व्यवहार परिवर्तन आदिको अवस्थामा आशातित परिवर्तन कायम गराउन शिक्षकले कक्षा क्रियाकलापमा नै उचित स्थान दिइनुपर्दछ । कक्षा कार्य ( कक्षा सहभागिता), परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरी यी पाँचवटा मापदण्डहरू (पाठ्यक्रम विकास केन्द्र, २०६२) का आधारमा प्रत्येक पाठमा निरन्तर मूल्याङ्कन गर्ने पद्धतिलाई हालको प्राथमिक तहको पाठ्यक्रमले अंगिकार गरेको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिको वास्तविक कार्यान्वयनले बालमैत्री विद्यालयको अवधारणालाई आत्मसाथ गरेको छ । परीक्षा र अनुत्तीर्ण कुनै पनि बालबालिको लागि त्रासको विषय बन्नु हुँदैन भन्ने धारणा मूल्याङ्कन पद्धतिमा स्वीकार गरेर यसको उचित कार्यान्वयन गर्नुपर्दछ ।

मूल्याङ्कन प्रक्रियाबाट पृष्ठपोषण प्राप्त गर्ने प्रसस्त अवसर रहनुपर्छ । सिकारुका सवल तथा दुर्वल पक्षहरूको बारेमा सूचना दिएर सो सम्बन्धमा निराकरणात्मक उपायहरूका सन्दर्भमा सुझावहरू प्रस्तुत गर्न शिक्षकका लागि मार्गदर्शन मिल्छ भने सिकारु स्वयं मूल्याङ्कन पद्धितबाट पनि अगाडि बढ्न बल प्राप्त गर्न सक्छ (Rao, 2003) । निर्माणत्मक मूल्याङ्कनबाट सिकाइमा सुधार गर्न सकिन्छ । यो पनि बालमैत्रीपूर्ण तरिका हो ।

प्रत्येक विद्यार्थीहरूले हासिल गर्नुपर्ने सिकाइ उपलब्धिहरूको लिष्टसहितको फायलमा विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) तयार गरेर राख्ने गर्नुपर्दछ । जव बच्चाले कुनै सिकाइ उपलब्धि पूरा गर्दछ तव मात्र त्यसमा रेजा (√) लगाउने प्रक्रियाबाट बाँकी सिकाइ उपलब्धिहरू हासिल गराउन पनि बल पुग्छ । यो निरन्तर मूल्याङ्कन पद्धति हो । यसबाट एकातर्फ परीक्षाप्रतिको त्रासदी हट्छ भने अर्कातर्फ लक्षित सिकाइ उपलब्धिहरू क्रमशः पूरा

हुँदै जान्छन् । यो नै बालमैत्री विद्यालयमा मूल्याङ्कन प्रक्रिया हो । यसमा कम्तिमा महिनको एक पटक अभिभावकलाई आफ्ना बालबालिकाको उपलब्धि सन्दर्भमा जानकारी गराएर छलफलसमेत गर्नु आवश्यक छ ।

### ४.७.३. मनोवैज्ञानिक छात्रबृत्ति (Psychological Scholarship)

बालबालिकाहरूका लागि केका बारेमा सिकाउने (Learning About) भन्दा पनि सिकेको कुरा प्रयोग गर्नका लागि सिकाउने (Learning to Use) भन्ने तथ्यका बारेमा शिक्षक स्पष्ट हुनुपर्छ  र शिक्षकले वाह्य छात्रवृत्ति (External Scholarship)  भन्दा पनि मनोवैज्ञानिक छात्रवृत्ति (Psychological Scholorship)  मा जोड दिएर (Rao, 2003) सिकाइका लागि दत्तचित्त बनाउनु पर्दछ । सिकारुको आवश्यकता,  इच्छा र सम्भाव्य सन्तुष्टि प्राप्त हुने कार्य गराउन उपयुक्त हुने क्रियाकलाप छनौट गर्नुसँग मनोवैज्ञानिक छात्रवृत्तिको सम्बन्ध रहन्छ । यसमा छात्रवृत्तिका रूपमा अभिभावकले पैसा पाउने पद्धतिलाई निरुत्साहित गर्दै वास्तविक सिकारु उत्साहित र जागरुक हुने वातावरण सिर्जनाका लागि छात्रवृत्तिले कार्य गर्नुपर्दछ भन्ने पक्ष प्रबल छ । मनोवैज्ञानिक तत्परता  (Psychological Fitness)  सिर्जनाका लागि यसले कार्य गर्दछ । मनोवैज्ञानिक तत्परता बालमैत्री विद्यालयले जुनसुकै बेला पनि अनिवार्य रूपमा ख्याल गर्नुपर्दछ । किनकि यो विना सिकइ असम्भव छ । वातावरणीय उपयुक्तता यसको सवल पक्ष हो । सिकारुमा अन्तरनिहित क्षमताको उजागर गर्न अन्तरनिहित तत्परतालाई कुतकुत्याउनु पर्दछ र सक्रिय बनाउनु पर्दछ । यो कार्य सजिलो तर जिम्मेवारपूर्ण छ, जसलाई बालमैत्री विद्यालयका सफल शिक्षकले पूर्णता दिनुपर्दछ ।

### ४.७.४. शान्ति शिक्षा

विद्यालय शान्तिक्षेत्र हो भन्ने कुरा उठिरहेको बेला यस शोध अध्ययनका क्रममा विद्यार्थीहरू शान्ति क्षेत्र हुन् भन्ने प्रतिक्रिया छलफलको क्रममा प्रस्तुत भयो । राज्यमा विद्यमान कुनै पनि द्वन्द्व, कलह र अशान्तिले विद्यालय क्षेत्रलाई टाढै राख्नुपर्दछ भन्ने शिक्षक तथा प्र.अ. र स्वयं विद्यार्थीहरूले उठाउनु भएको तथ्य संयुक्त राष्ट्रसंघको शान्तिमुखी चिन्तन (UNESCO'S Peace Perspective) सँग मिल्दोजुल्दो छ । हाल यूनेस्कोले मानव अधिकार, मानवीय कानुन, बालअधिकार, राष्ट्रका संवेदनशील क्षेत्रलाई द्वन्द्वबाट टाढा

राख्नुपर्ने दृष्टिकोण अगाडि सारेको छ । यी सैद्धान्तिक धरातलबाट हाम्रा विद्यालयहरू सञ्चालन गर्ने क्रममा शान्ति शिक्षा (Peace Education) को अवधारणालाई लागू गर्नु पर्ने देखिन्छ (काफ्ले, २०६१) ।

विद्यालयमा शान्ति शिक्षाका दुई पक्षहरू हुन्छन् । पहिलो पक्ष - हिंसाहत्या तथा द्वन्द्वको विरुद्ध शान्तिसम्वन्धी सैद्धान्तिक पाठहरूको शिक्षण, छलफल, अन्तरक्रिया गर्ने र दोस्रो पक्ष-विद्यालयमा आन्तरिक रूपमा रहेका शिक्षक-विद्यार्थीबीचका बेमेल, प्र.अ.-वि.व्य.स. तथा अभिभावक शिक्षक आदिबीच रहेका कलह तथा बेमेल, विद्यार्थी-विद्यार्थीबीच हुने झगडा, विद्यार्थीमाथि हुने विभिन्न दण्ड आदि विभिन्न अशान्तिाका पाटाहरूलाई पूर्णरूपमा शान्त बनाउनु । विद्यालय परिवारमा सामाजिक विविधिता (Social Diversity) रहेको हुन्छ । यस अवस्थामा बहुसंख्यक र अल्पसंख्यकबीच समन्यायिकता (Equity) का आधारमा वा विभिन्न विचार, अवस्था र कार्यहरूलाई समान महत्व दिएर नयाँ विद्यालय संस्कृतिको विकास गरेर वा विभिन्न विविधताजन्य विचार, अवस्था र कार्यहरूलाई छुट्टा छुट्टै अस्तित्व कायम गरी लेकाली चिमालको फूलझैं एकै रुखमा धेरै प्रकारका फूल फुल्ने (Pluralism) समन्वयात्मक अवस्थाको सिर्जना गरेर स्व-अस्तित्वप्रति सचेत बनाउदै समानताका आधारमा शान्ति शिक्षाको प्रत्याभूति दिलाउने विद्यालय-संस्कृति आवश्यक हुन्छ । विद्यालयमा शान्तिको पाठ विना बालमैत्री विद्यालय बन्न सक्दैन । प्रत्येक विद्यार्थीको मनशान्ति, विद्यालय क्रियाकलापका लागि वातावरण शान्त र बाह्रय द्वन्द्व तथा अशान्तिको प्रभावबाट पूर्णतया मुक्त भएको अवस्था बालमैत्री विद्यालयको लागि आवश्यक छ । विद्यालयका सरोकारवाला समूहहरू (शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स. पदाधिकारी, अभिभावक आदि) सबैमा व्यावहारिक सुधारसहितको शान्तिमय वातावरण शान्ति शिक्षाको आधारभूमि बन्न सक्छ ।

शान्ति शिक्षाले सधै शान्ति मार्गबाट समस्याको समाधान खोज्दछ, अनि अहिंसात्मक परिवर्तनका सोचहरूको विकास र प्रचार गर्दछ । यसबाट विद्यार्थीहरू मानवतावदी बन्दै जान्छन् अनि उनीहरूमा समालोचनात्मक सचेतता अभिबृद्धि हुन्छ । शान्ति शिक्षाले विद्यार्थीहरूमा सामाजिक वास्तविकता तार्किक व्याख्या, विश्लेषण गर्ने तथा सामाजिक विविधतालाई स्वीकार गर्ने क्षमताको बृद्धि गर्छ, समन्वयात्मक श्रृङ्खला आफै निर्माण गर्न सक्दछन् र कुनै पनि मूल्य, मान्यता, संस्कृति खराव वा असल हुदैन, केवल एकबाट अर्को

फरक मात्र हुन्छ (काफ्ले, २०६१) भन्ने सहिष्णुताजन्य भावनाको विकास हुन्छ । विद्यालयमा शान्ति शिक्षा पाठ्यवस्तुमा नै समावेश गरेर वा छुट्टै पाठ्यसामग्रीहरूको अतिरिक्त व्यवस्था गरेर तथा शान्ति शिक्षाको अभियान नै चलाएर व्यवस्थापन गर्न सकिने कुरा विद्वान हरिसले चर्चा गरेका छन् । यसका लागि शिक्षकलाई शान्ति शिक्षा प्रदान गरेर पूर्णतया क्रियाशील बनाउन आवश्यक छ र विद्यालयमा सामुहिक एवम् सहभागितामूलक तथा समालोचनात्मक सचेतता बढ्ने छलफल विधिको प्रयोग अनिवार्य हुन्छ । त्यसकारण बालमैत्री विद्यालयमा वातावरणका हिसावले मात्र नभै शिक्षण सिकाइ क्रियाकलापका हिसावले पनि शान्ति शिक्षा आवश्यक भएको पाइयो ।

### ४.७.५. शिक्षकको भूमिका

बालमैत्री विद्यालयमा शिक्षकको भूमिकाका सम्बन्धमा छलफलका क्रममा शिक्षक पेशाप्रति प्रतिवद्ध र कार्यप्रति लगनशील हुनुपर्दछ भन्ने उत्तर प्राप्त भयो । यसले बालमैत्री विद्यालयमा शिक्षकको भूमिकालाई नै प्रष्ट पार्दछ । शिक्षक उत्साहित नभए सम्म उसको कार्यमा प्रभावकारिता आउन सक्दैन । कुनै पनि व्यक्तिलाई उत्प्रेरणाले नै कार्यमा लगाइरहन्छ । उसको उत्प्रेरणा घटाउने र बढाउने कार्य उभन्दा माथिका अधिकारी एवम् सरकारले गरिरहेको हुन्छ (कोइराला, २०५७) । यसरी हेर्दा बालमैत्री विद्यालयका शिक्षकहरूका लागि माथिल्लो निकायबाट कुनै उत्प्रेरित गर्ने र उत्साहित बनाउने कार्यको आशा राख्दछ । निर्णय प्रक्रियामा सहभागिता, उत्तरदायित्व, चुनौतिपूर्ण कार्यहरू, सामुहिक भावना र क्रियाकलापजस्ता कारणले व्यक्तिको उत्प्रेरणा बढाउन सफल हुन्छ (कोइराला, २०५७) । बालमैत्री विद्यालय सञ्चालन नविनतम कार्य हो । यसमा आफ्नो सक्षमता र सफलता देखाउन प्रत्येक शिक्षकहरू दत्तचित्त छन् भन्ने मत प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरूले बताएको पाइयो । शिक्षकका लागि बालमैत्री शिक्षण-सिकाइ क्रियाकलापसँग सम्बन्धित तालिम अनिवार्य छ । बालमैत्री विद्यालयको अवधारणा, स्थापना तथा शिषण सिकाइ क्रियाकलापहरूको सञ्चालन सम्बन्धमा ज्ञान, सीप र धारणा अभिबृद्धि हुने तालिमको व्यवस्थापनले शिक्षकलाई जिम्मेवार बनाउँछ ।

बालमैत्री विद्यालयका शिक्षकहरू योग्य, तालिमप्राप्त, लगनशील, मेहनती र नियमित हुन्छन्, यसभन्दा बढी त उनीहरू बालकेन्द्रित शिक्षण विधिका प्रयोगकर्ता, अर्थपूर्ण प्रभावकारी र सक्रिय सिकाइका प्रस्तोता, समानता र समन्यायिकताका पक्षपाति र आचारसंहिताका पूर्ण पालनकर्ता हुनुपर्छ । तर यससन्दर्भमा सोधिएका प्रश्नहरूको उत्तरको

विश्लेषण गर्दा यी सबै अवस्थाहरूमा शिक्षकले पूर्ण सफलता पाइसकेको अवस्था भने देखिएन ।

शिक्षकले निर्देशक (Directress) तथा पथ प्रदर्शकको रूपमा आफ्नो भूमिका निर्वाह गर्दछन् । प्रयोगात्मक कार्य र सामुहिक क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूले गरेर सिक्न पाउने वातावरणको सिर्जना गर्ने भूमिका शिक्षकले निर्वाह गर्दछन् । बालबालिकाहरूको विकासात्मक अवस्था अनुसार बैज्ञानिक पद्धतिमा आधारित र व्यावहारिक शिक्षा दिने वातावरणको सिर्जना गर्नु शिक्षकको दायित्व हो । Self–Activities र Self-Education द्वारा बालबालिकाहरूमा सिकाइ उपलब्धि पूरा गराउन शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षक जहिले पनि सिकाइ वातावरणका लागि तयारी अवस्थामा रहन्छन् र आफू जहिले पनि नमुनाका रूपमा प्रस्तुत हुने भूमिका निर्वाह गर्दछन् । शिक्षकले माली (फूलवारीको हेरचाह गर्ने मानिस) को रूपमा भूमिका निर्वाह गर्दछ । बिरुवाका लागि मल, पानी, माटो जुटाइ दिने र गोलमेल गर्ने काम मात्र मालीले गर्दछ तर त्यो जमिनबाट सोसेर लिने, बढ्ने र फुल्ने-फल्ने काम विरुवा स्वयंले नै गर्नुपर्दछ ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष तथा सुझावहरू

### ५.१. प्राप्तिहरू

शोध अध्ययनका लागि उपलब्ध तथ्याङ्कहरूको विश्लेषण र विवेचना गर्ने सन्दर्भमा बालमैत्री विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापहरूको अवस्थासँग सम्बन्धित विविध जानकारीहरू तथा सूचना एवम् तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतहरूको अध्ययन विश्लेषणको आधारमा प्राप्त गरिएको छ । यस्ता सबै प्रकारका स्रोतहरूबाट प्राप्त सान्दर्भिक प्रतिक्रिया तथा सूचनाहरूलाई यस शोध अध्ययनको सूचकको रूपमा स्वीकार गरिएको छ । प्राप्त प्रतिक्रिया, सूचना तथा तथ्याङ्कहरू र सन्दर्भ सामग्रीहरूको अध्ययनको विश्लेषण एवम् विवेचनाका आधारमा निम्न प्राप्तिहरू प्राप्त भएका छन् :

शिक्षण-सिकाइ क्रियाकलापसम्बन्धी प्राप्तिहरू

१. बालमैत्री विद्यालयको प्रमुख आधार स्तम्भ नै मैत्रीपूर्ण र बालकेन्द्रित शैक्षिक क्रियाकलाप नै हुन् । यसबाट विद्यालयका शैक्षिक क्रियाकलापमा विद्यार्थीहरूको सहभागितामा अभिवृद्धि भई सक्रिय सिकाइ भएको पाइएको छ ।
२. बालमैत्री विद्यालयका प्र.अ. तथा शिक्षकहरूमा बालमैत्रीपूर्ण शैक्षिक क्रियाकलाप सञ्चालन गर्न, गराउनमा उत्सुकता र जागरुकता पाइएको छ । तालिम प्राप्त शिक्षकहरू यस्ता क्रियाकलाप सञ्चालन गरेर शिक्षण गर्न उत्साहित छन् ।
३. बालमैत्री विद्यालयका लागि आवश्यक पर्ने पूर्वाधारहरू सबै विद्यालयमा प्रयाप्त मात्रामा सम्पन्न भएको पाइएन । यसले गर्दा उपयुक्त क्रियाकलापहरू सहज र सरल रूपमा सञ्चालन गर्न वाधा पुगेको देखियो ।
४. सबै बालमैत्री विद्यालयहरूमा सबै प्रकारका दण्डहरू पूर्ण रूपमा हटन सकेको छैन । शिक्षकद्वारा विद्यार्थीलाई दिइने शारीरिक दण्ड हटेको पाइए तापनि विद्यालयमा अन्य मानसिक तथा मनोवैज्ञानिक दण्ड, साथीभाइ बीचका र घरपरिवारबाट हुने दण्डहरू हट्न सकेको पाइएन । तर विद्यालयमा हुने दण्डहरू घट्दो अवस्थामा भने रहेका छन् ।

५. हाल सञ्चालित बालमैत्री विद्यालयहरूले कक्षा व्यवस्थापनलाई बढी जोड दिएको पाइयो । कक्षा व्यवस्थापनमा बालसुलभ बसाइ व्यवस्था तथा क्रियाकलापजन्य कक्षाकोठा र  बाल उपयोगी सामग्रीसहितको भित्तेलेखनलाई मुख्य ठानिएको पाइयो ।

६. बालमैत्री विद्यालयका शिक्षक योग्य, तालिम प्राप्त, नियमित, लगनशील र मेहनती हुनका साथै बाल केन्द्रित शिक्षण विधि ायोगकर्ता, अर्थपूर्ण, प्रभावकारी र सक्रिय सिकाइका प्रस्तोता, समानता (Equality) र समन्यायिकता (Equity)का पक्षपाती र आचार संहिताका पूर्ण पालनकर्ता हुनपर्छ भन्ने मान्यता रहेको पाइयो । तर यस मान्यताअनुसार कार्य रूपमा उतार्ने सन्दर्भमा आंशिक सफलता देखिएको छ ।

७. बालमैत्री विद्यालयका शिक्षकहरूलाई थप तालिमको आवश्यकता रहेको छ ।

८. बालमैत्री विद्यालयमा कक्षा व्यवस्थापन एवम् सामग्रीहरूको व्यवस्थापन र प्रयोगमा प्रभावकारिता ल्याउन थप कार्य गर्नु पर्ने देखिन्छ । शिक्षक निर्मित सामग्री एवम् मूल्य नपर्ने तथा कम मूल्य पर्ने सामग्रीको व्यवस्थापन पूर्णतया हुन सकेको पाइएन । सामग्रीको व्यवस्थापन एक पटक गरेर मात्र नहुने विषय पनि हो । त्यसकारण शिक्षकले नियमित रूपमा सामग्रीहरूको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

९. बालमैत्री विद्यालयमा सञ्चालन गरिने कक्षा क्रियाकलापहरूमा खेलको माध्यमबाट शिक्षण, बालगीत, कविता तथा कथाको प्रयोग, अभिनय तथा नाटकीकरण, परियोजना कार्य, क्षेत्र भ्रमण र सिर्जनात्मक कार्य प्रमुख छन् भन्ने मत प्राप्त भयो ।

विविध पक्षसम्बन्धी प्राप्तिहरू

१. बालमैत्री विद्यालयका प्र.अ. तथा शिक्षकहरूमा यससम्बन्धी सैद्धान्तिक ज्ञानको अभाव देखिएको छ । जसले गर्दा बालमैत्री विद्यालय सञ्चालनमा दिगो सैद्धान्तिक आधार प्राप्त भएको पाइएन ।

२. छात्रवृत्ति विद्यार्थीलाई विद्यालयमा नियमित गराउन, सिकाइ कार्यमा लागिरहने बल प्रदान गर्न र सिकाइ उपलब्धि सहज रूपमा प्राप्त गर्न मद्दत पुऱ्याउन प्रयोग हुन्छ । बालमैत्री विद्यालयमा विद्यार्थीमा मनोवैज्ञानिक तत्परता सिर्जनाका लागि छात्रवृत्तिको प्रयोग भएको पाइयो । छात्रवृत्तिका रूपमा सिकाइ सामग्री (झोला आदि ) वितरणले छात्रवृत्ति अभिभावकका लागि नभै वास्तविक विद्यार्थीका लागि भएको देखियो ।

३. प्राथमिक तहमा उदार कक्षोन्नतिलाई पूर्ण रूपमा लागू गरिएको पाइए तापनि निरन्तर मूल्याङ्कनका क्रममा प्रत्येक विद्यार्थीले प्राप्त गरेका सिकाइ उपलब्धिहरूको रेकर्ड सहितको कार्यसञ्चयिका (Portfolio) राख्ने गरेको भने पाइएन ।

४. बालमैत्री विद्यालयहरूमा भौतिक व्यवस्थापन, शैक्षिक क्रियाकलापको नियमितता, बाल सुलभ कक्षा व्यवस्थापन र गुणस्तरिय शिक्षातर्फ उन्मुख भएको पाइयो । खास गरी शैक्षिक क्रियाकलापमा खेल विधिको प्रयोग र रमणीय शैक्षिक वातावरणको सिर्जनातर्फ ध्यान दिएको पाइयो ।

५. विद्यालयलाई बालमैत्रीपूर्ण तरिकाबाट सञ्चालन गर्नाले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा ५% देखि १०% सम्म बृद्धि भएको पाइयो ।

बालमैत्री विद्यालयका विशेषताहरू

बालमैत्री विद्यालयका विशेषताका सन्दर्भमा विद्यालयको अवलोकनबाट प्राप्त सूचनाहरू तथा विद्यालयमा गरिएका छलफलका आधारमा निम्न निष्कर्ष निकालियो :

१. सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय (Welcoming school) :- बालमैत्री विद्यालयले सम्पूर्ण बालबालिकालाई विद्यालयमा स्वागत गर्दछ । बालमैत्री विद्यालय सबैका लागि (School for all) हो ।

२. बालबालिकाहरूको खोजी गर्ने विद्यालय (Child seeking school) :- विद्यालय उमेरका विद्यालय सेवा क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाहरूको खोजी गरेर विद्यालयमा भर्ना गराउने विद्यालय बालमैत्री विद्यालय हो । कोही पनि विद्यालय शिक्षाबाट बञ्चित नहोस् भन्ने सोचेर सोअनुसार खोजी गर्ने विद्यालयले भर्ना गराएर सिकाइ उपलब्धि हाँसिल गराउँछ ।

३. बालअधिकारको सुनिश्चितता :- सबैभन्दा बढी व्यक्तिहरूले बताएको यो प्रमुख विशेषता हो । बालअधिकारको प्रत्याभूति भएको विद्यालय मात्र बालमैत्री हुन सक्छ । सम्पूर्ण शिक्षक, कर्मचारी, प्रकाशनसमेतले विद्यालयमा बालअधिकारको परिपालन गरेको हुनपर्छ ।

४. बालकेन्द्रित क्रियाकलाप :- बालबालिकाहरूको चाहना, रुचि, क्षमतालाई पूर्ण रूपमा ध्यान दिएर व्यवहार गर्ने विद्यालय बालमैत्री हो भन्ने भनाइ सम्पूर्ण शिक्षकहरूको रहयो । अभिभावकहरूले भने  भौतिक अवस्थामा जोड दिने गरेको पाइयो ।

५. सक्रिय शिक्षण सिकाइ क्रियाकलापः- सत्प्रतिशत प्र.अ./शिक्षकहरूले बालमैत्री विद्यालयका विशेषतामा सक्रिय शिक्षण सिकाइमा जोड दिएको पाइयो । सक्रिय सिकाइ अन्तर्गत खेलको माध्यमबाट सिकाइ गर्ने कुरा तथा निस्कृय रूपमा सुनेर मात्र बस्ने अवस्थाको अन्त्य गर्न बालमैत्री विद्यालयले सक्नुपर्छ ।

६. बालसहभागिता :- सिकाइ क्रियाकलापमा आफै संलग्न भएर गरेर सिक्ने अवसर बालबालिकाहरूलाई प्रदान गर्ने विद्यालय बालमैत्री विद्यालय हो । व्यवस्थापन समितिका अध्यक्षहरूमध्ये केहीले विद्यालयका निर्णय प्रक्रियामा विद्यार्थीको समेत सहभागिता गराइएको पाइयो भने अन्य बाँकी विद्यालयमा पनि निर्णयहरू सुनाउने पक्ष भने देखियो ।

७. सबै बालबालिकाहरूको समावेशीकरण :- विविधताजन्य समाजबाट विद्यालयमा प्रवेश गरेर विविधता नै भएका सम्पूर्ण बालबालिकाहरूलाई समान अवसरको सुनिश्चितता दिलाउने विद्यालय बालमैत्री विद्यालय हो भन्ने भनाइ छलफल तथा अन्रक्रियाबाट प्राप्त भयो । ' Respect for diversity' र 'Response to diversity' को परिपालन बालमैत्री विद्यालयले गरेको हुनुपर्दछ ।

८. विभेदरहीत विद्यालय :- सबै प्रकारका विभेदको अन्त्य भएको सामान्यजन्य विद्यालयमात्र बालमैत्री बन्न सक्छ । यो पनि अन्तरक्रिया तथा छलफलबाट आएको अवस्था हो । विना भेदभाव सबै बालबालिकाहरूको आदर, सम्मान र समान व्यवहार गर्न यी विद्यालय लागि परेको देखियो ।

९. दण्डरहीत विद्यालय :- सबै प्रकारका दण्डहरूको अन्त्य भएर सम्मानजनक सिकाइको वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो भन्ने भनाइ शिक्षक, प्र.अ. तथा विद्यार्थीहरूको रहयो । कक्षा क्रियाकलापमा लौरोको प्रयोग भएको देखिएन ।

१०. बालबालिकासित प्रभावकारी प्रस्तुतीकरण :- बालकेन्द्रित पाठ्यक्रम ढाँचा, प्रभावकारी सिकाइ सामग्री, सक्रिय सिकाइ, व्यक्तिगत सिकाइ प्रक्रिया, व्यक्तिगत भिन्नता अनुसारको थप सहयोगसहित पेशाप्रति नैतिकवान र प्रतिवद्ध शिक्षकले बालबालिकाका लागि उपयुक्त हुने शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेर सिकाइ उपलब्धि पुरा गराउन बालमैत्री विद्यालय लागि पर्दछ ।

११. लैङ्गिक सचेतना :- प्रशिक्षकहरूबाट आएको मत अनुसार लैङ्गिक सचेतना पनि बालमैत्री विद्यालयको विशेषता हो । Gender friendly school मा लिङ्गको आधारमा

गरिने भेदभाव पूर्ण रूपमा उन्मूलन भएको हुन्छ र लैङ्गिक समानता कायम हुन्छ । एक अर्कामा मान, मर्यादा, अधिकारको स्थापित गर्दै समन्यायिकता (Equity) पनि विद्यमान भएको विद्यालय बालमैत्री हुनसक्छ ।

१२. बालबालिकाहरूका लागि स्वस्थ र सुरक्षित :- स्वच्छ पिउने पानी सरसफाइ र स्वच्छ वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । शरीरलाई हानी गर्ने वस्तुहरू (चुरोट, खैनी, जाँडरक्सी, लागू औषध आदि ) बाट पूर्ण रूपमा मुक्त भएको र पोषण ज्ञान र स्वास्थ्य सल्लाहसमेत प्रदान गर्ने विद्यालय बालमैत्रीपूर्ण बन्दछ ।

१३. समुदायको संलग्नता :- बालमैत्री विद्यालयप्रति समुदायको चासो रहन्छ । स्थानीय साझेदारी (Local Partnership) लाई प्रोत्साहित गर्ने तथा स्थानीय सामाजिक संघसंस्थासँग सहकार्य गरेर अभिभावकहरूको सहभागिताको वातावरण यस्तो विद्यालयको लागि आवश्यक छ ।

१४. उपयुक्त भौतिक वातावरण :- प्रयाप्त खेल मेदान, फूलवारी, करेसावारी, राम्रा र प्रभावकारी कक्षाकोठा खेलसामग्रीको व्यवस्था र मूल रूपमा कक्षाकोठामा कार्पेट विछ्याएर चकटीको प्रयोग बालमैत्री विद्यालयमा हुन आवश्यक छ । सक्रिय र सहभागितामूलक सिकाइका लागि उपयुक्त किसिमले कक्षा व्यवस्थापन गर्न यसले मद्दत पुऱ्याउँछ ।

## ५.२. निष्कर्ष

यस शोधअध्ययनका प्राप्तिहरू (Findings) का आधारमा निम्नलिखित निष्कर्षहरू निकालिएका छन् । यी निष्कर्ष (Conclusion) हरूमा मन्टेश्वरी (सन् १९४२), फ्रोबेल (सन् १८२७), व्यवहारवादी मनोवैज्ञानिक आदिका धारणालगायत विद्यार्थी-केन्द्रित शिक्षण विधिहरू तथा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, स्रो.व्य., वि.नि., प्रशिक्षकहरूको प्रतिक्रिया र स्वयं यो शोधकर्ताको स्व अध्ययनको निष्कर्षको निचोड छ । वर्तमान समयमा सार्वजनिक रूपमा सञ्चालित बालमैत्री विद्यालयमा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापहरूको अवस्थासम्बन्धी यथार्थतालाई यी निष्कर्षहरूले प्रतिनिधित्व गरेका छन् । यी निष्कर्षहरू यस प्रकार छन् :

शिक्षण-सिकाइ क्रियाकलापसम्बन्धी निष्कर्ष

बालमैत्री क्रियाकलाप मनोरञ्जनका लागि मात्र होइन । बालबालिकाहरूको रुचि, क्षमता अनुसारका खेल, गीत तथा अन्य रमणीय क्रियाकलापभित्र सिकाइ उपलब्धि अनिवार्य रूपमा मिसाइएको हुनुपर्छ । स्लाइन पानी विरामीलाई चढाउँदा शुद्ध पानीले रोग निको हुदैन, त्यसमा नसाबाट दिइने इन्जेक्सन (Vein Injection) औषधी मिसाएको हुनुपर्छ ।

प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो र मनोवैज्ञानिक रूपमा मर्यादित र मनोबल उच्च महसुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । बालमैत्री विद्यालयले बाल सहभागिता, समावेशीकरण, विभेद र दण्डको अन्त्य, सक्रिय र प्रभावकारी सिकाइसहितको रमाइलो विद्यालय वातावरणमा जोड दिन्छ ।

विद्यार्थीहरूको घरको रूपमा नै विद्यालय स्थापित हुन नसके तापनि आजको बालमैत्री विद्यलयमा विद्यार्थीहरूले मायालु, सहयोगी, रमाइलो वातावरण भने प्राप्त गरेका छन् र उनीहरू दिक्कलाग्दो अवस्थामा भने छैनन् । प्रत्येक बालमैत्री विद्यालयहरूको कक्षाकोठा व्यवस्थापनमा डेस्कबेन्च हटाएर कार्पेट र चकटी विछ्याउनाले सक्रिय सिकाइका लागि उपयुक्त कक्षा वातावरण तयार हुन्छ ।

बालमैत्री विद्यालयका कक्षा क्रियाकलापहरूमा खेलको माध्यमबाट कक्षा क्रियाकलापहरू सञ्चालन गरी विषयबस्तुको शिक्षण गर्ने, उपयुक्त किसिमका बालगीत, कथा तथा कविताहरको प्रयोग गरी कक्षा क्रियाकलाप सञ्चालन गर्ने, विषयबस्तुअनुसार अभिनय तथा नाटकीकरणको प्रयोग गरी कक्षा क्रियाकलाप सञ्चालन गर्ने, विद्यार्थीहरूको क्षमता र विषयअनुसार विद्यार्थीहरूलाई परियोजना कार्य गर्न लगाउने, समयसमयमा क्षेत्र भ्रमणको व्यवस्था तथा सिर्जनात्मक कार्य सञ्चालन गर्ने प्रमुख रहेका छन् ।

विविध पक्षसम्बन्धी निष्कर्ष

बालमैत्री विद्यालय व्यवस्थापन र सञ्चालन साझा जिम्मेवारी हो । यो तालिम प्राप्त शिक्षकको मात्र दायित्व होइन । यसका लागि प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी, अभिभावक, स्थानीय निकाय तथा संघसंस्था, सम्पूर्ण सरोकारवालाहरूको संलग्नता र

सहभागिता आवश्यक छ । बालमैत्री विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका विद्यालय उमेरका बालबालिकाहरूको खोजी गर्दछ , विद्यालयमा टिकाइ राख्दछ, नियमित गराउँछ र गुणस्तरीय शिक्षा प्रदान गर्दछ । बालमैत्री विद्यालयहरू बालअधिकारको संरक्षणमा सचेत छन् तर पूर्ण परिपालन र कार्यान्वयन भने आंशिक मात्र छ ।

विद्यालयमा वातावरणको हिसावले शान्तमय, विषयवस्तुका हिसावले शान्ति शिक्षाका पाठहरू, क्रियाकलापका हिसावले सामुहिक एवम् सहभागितामूलक तथा समालोचनात्मक सचेतता बढ्ने छलफल विधिको प्रयोग र अन्तरसम्बन्धका हिसावले सहिष्णुताजन्य वातावरणको सिर्जना बालमैत्री विद्यालयका आधारस्तम्भ हुन । शान्ति शिक्षा बालमैत्री विद्यालयमा अपरिहार्य छ ।

छात्रवृत्ति जहिले पनि विद्यार्थीहरूमा मनोवैज्ञानिक तयारीका लागि उपयोगी हुने किसिमको हुनपर्छ । यस किसिमका मनोवैज्ञानिक छात्रवृत्तिले सिकारुको आवश्यकता, इच्छा र सम्भाव्य सन्तुष्टि प्राप्त गर्न सक्नुपर्दछ । कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण पद्धतिअनुसार सुसञ्चालन गर्न विद्यालयका प्र.अ. तथा शिक्षकहरूको ८०% दायित्व रहन्छ ।

## ५.३ सुझावहरू

यस अध्ययनका प्राप्ति तथा निष्कर्षका आधारमा तहगत रूपमा केही सुझावहरू दिइएको छन् । बालमैत्री विद्यालयमा शैक्षिक क्रियाकलापहरूको सुसञ्चालनका लागि यी सुझावहरू महत्वपूर्ण छन् ।

केन्द्रिय तहका लागि

शैक्षिक नीति निर्माणका क्रममा बालमैत्री विद्यालयको अवधारणाअनुसार रमाइलो र दण्डरहित वातावरणको सीर्जनालाई प्रधानता दिइनुपर्दछ । प्रत्येक विद्यालयको कम्तिमा प्राथमिक तहका लागि बालमैत्रीपूर्ण कक्षा व्यवस्थापनिमा शिक्षा विभागले राष्ट्रिय शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गराउनु आवश्यक छ ।

विद्यालयहरूमा शान्ति शिक्षा (Peace Education) र दण्डरहित वातावरणको स्थापना गर्न अभियान कै रूपमा कार्यक्रम अगाडि सार्नु जरुरी छ । शिक्षक तालिम सम्बन्धी विषयवस्तुमा बालमैत्री अवधारणालाई अनिवार्य रूपमा समावेश गर्नुपर्दछ । शिक्षा शास्त्र

संकायका उच्च शिक्षाका विषयहरूमा बालमैत्री विद्यालय अवधारणालाई पाठ्यक्रममा नै समावेश गरी पठनपाठन गर्दै लैजान आवश्यक छ ।

राष्ट्रिय रूपमा नै एक सञ्चार अभियान समूहको व्यवस्था गरी बालमैत्री विद्यालय अवधारणाको व्यापक प्रचारप्रसार गरी शिक्षा सरोकारवालाहरूलाई सचेत गराउन जरुरी देखिन्छ । अनुगमन तथा सुपरिवेक्षण लाई व्यवस्थित गरी नियमित पृष्टपोषणको , व्यवस्था हुन आवश्यक देखिन्छ । अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गर्दै बालमैत्री विद्यालयको विकासका लागि आवश्यक पहल गर्नु पर्दछ ।

जिल्ला तहका लागि

शिक्षकहरूका लागि बालमैत्री विद्यालयका सम्बन्धी तथा छोटो अवधिका पुनर्ताजगी तालिमहरूको व्यवस्था गर्ने कार्यमा जि.शि.का. ले ध्यान पुऱ्याउन तथा जिल्ला शिक्षा योजना (DEP) मा बालमैत्री विद्यालय अवधारणा अनुसार कक्षा व्यवस्थापनमा जोड दिन आवश्यक छ । विद्यालय सुधार योजनाअनुसारको अनुदान विद्यालयमा निकासा गर्दा विद्यालयका बालमैत्री शिक्षण सिकाइ वातावरण सिर्जनामा खर्च गर्न उत्प्रेरित गर्नु पर्ने देखिन्छ । यसबाट बालमैत्री विद्यालय व्यवस्थापनमा थप व्यापारमा पर्न नजाने यो सजिलो बाटोका रूपमा उपयोग गर्न सकिन्छ ।

जिल्लामा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरूसँग सहकार्य गरी बालमैत्री विद्यालयको स्थापना र विकासमा ठोस कार्ययोजना बनाइ लागू गर्नु जिल्ला तहको नै कार्य हो । त्यसकारण साझा जिम्मेवारीका रूपमा यसकार्यलाई अगाडि बढाउन सरोकारवाला पक्षहरू सँग सहकार्यको आवश्यकता छ । बालमैत्री विद्यालयको दीगो विकासका लागि गा.वि.स., न.पा. तथा जि.वि.स. सँग समन्वयात्मक रूपमा कार्यगर्नु आवश्यक र उपयुक्त हुन्छ ।

विद्यालय तहका लागि

प्रत्येक विषयका विषयवस्तु शिक्षण गर्न विषयवस्तुलाई मनोरञ्जनपूर्ण क्रियाकलापमा रूपान्तरण गरेर शिक्षण गर्नु पर्ने आवश्यकता छ । यसका लागि शिक्षकले विविध मनोरञ्जनपूर्ण क्रियाकलापहरूको सङ्कलन, निर्माण र स्थानान्तरण गनुपर्दछ । स्थानीय सरोरवालाहरूमा बालमैत्री विद्यालयको अवधारणा स्पष्ट पार्न तत्काल कार्य गर्नु पर्ने

देखिन्छ । यसका लागि अभिभावकहरमा जागरण ल्याउने कार्यक्रम बनाइ कार्यान्वयन गर्न आवश्यक छ ।

शिक्षकहरूले आफ्नो भूमिकालाई सुनिश्चित गरी सोही अनुसार निर्वाह गर्न व्यवहार परिमार्जनका साथ अगाडि बढ्नु पर्ने देखिन्छ । बालमैत्री विद्यालयलाई जिवन्तता प्रदान गर्नमा शिक्षकको भूमिका प्रधान हुन्छ । त्यसकारण शिक्षकले आफ्नो भूमिकालाई कार्य रूपमा नउतारेसम्म वास्तवमा बालमैत्री वातावणको सिर्जना हुन सक्दैन । विद्यालयलाई बालबालिकाहरूको घर (Children's house) का रूपमा विकास गर्न वि. व्य. स., प्र.अ., शिक्षक, शिक्षक अभिभावक संघ (PTA) तथा अभिभावकहरूसमेतको सहयोग जुटाउन आवश्यक छ । वि. व्य. स., प्र.अ. र शिक्षकहरूले यसका लागि समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

कक्षा व्यवस्थापन र रमाइला सिकाइ क्रियाकलप सञ्चालनलाई प्रमुखताका साथ महत्व दिएर विद्यालयको शैक्षिक कार्यक्रम सहभागितामूलक बन्न आवश्यक छ । विद्यालयले आफ्नो स्व मूल्याङ्कन गरी त्यसका आधारमा सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजना (SIP) निर्माण गर्ने र उक्त विद्यालय सुधार योजनामा बालमैत्री विद्यालयको विकासका लागि आवश्यक पूर्वाधार र शैक्षिक गतिविधिका योजनाहरू समावेश गर्न आवश्यक छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लागू गर्न विद्यालयले प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयिका (Portfolio) राख्न, आवश्यक छ । यसमा प्राप्त भएका र हुन बाँकी सिकाइ उपलब्धिहरूको विवरण स्पष्ट हुने गरी विद्यार्थीका अन्य व्यवहार परिवर्तनका पक्षहरूको समेत रेकर्ड राख्नु पर्ने देखिन्छ ।

बालमैत्री विद्यालयको कक्षा व्यवस्थापनमा कक्षाकोठाको चारैतर्फ होचो कालो पाटीमा चकले लेख्नु पर्ने ठाउँमा चकको धुलोलाई व्यवस्थित गर्न कालो पाटीको तल बिट बनाएर सफा गर्न सजिलो पार्न आवश्यक देखिन्छ । बालमैत्री विद्यालयको कक्षाकोठामा कार्पेट विछ्याइएको र कार्पेटमाथि बस्नका लागि चकटीको व्यवस्था गरिएकोमा बालबालिकाहरूको जुत्ता चप्पललाई ढोका बाहिर फुकाल्नु पर्ने र सो जुत्ता चप्पललाई व्यवस्थित रूपमा राख्ने उपयुक्त ठाउँको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूचि


Adediran a Taiwo (2000). **Fundamentals of Class Room Testing.** New Delhi : Vikas Publishing House.

Aggarwal, J.C. (2000). **Principles, Methods and Teachniques of Teaching**. New Delhi : Vikas Publishing House.

Aryal, Timothy (1998). **A Psychological Method to Study Better and Improve Memory Power.** Kathmandu : Ekta Books Distributors.

Bhatta, Chandika Prasad (1998). **Classroom English for Teachers.** Kathmandu : Chandika Bhatta.

Kerlingerm F.N. (1998). **Fondation of Behavioural Research.** Delhi : Surjeet Publication.

Kochhar, S.K. (1997). **Secondary School Administration.** New Delhi : Sterning Publishers.

Kochhar, S.K. (2001). **Melhods and Techniques of Teaching.** New Delhi : Sterling Publishers.

Mangal, S.K. (2000). **Advanced Educational Psychology.** New Delhi : Prentice Hall of India.

Montessori, Maria (1942). **Reconstruction in Education.** New Delhi : Vikas Publishing House.

Plan International (2008). **Learn Without Fear, the Global Campaign to End Violence in Schools**. England : Plan limited Chobham House.

Rao, V.K., Reddy, R.S. (2003). **Learning and Teaching.** New Delhi : Commonwealt Publishers.

Save the Children (2008). **Annual Report 2007.** Kathmandu, Nepal.

Thakur, Devendra and Thakur, D.N. (2004). **Educational Planning and Administration.** New Delhi : Deep & Deep Publications.

आचार्य, बलराम (२०६०), **अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन**, भोटहिटी, काठमाण्डौ : नेशनल बुक सेन्टर ।

काफ्ले, बासुदेव र अन्य (२०६१), **शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा**, कमलपोखरी, काठमाण्डौं : विद्यार्थी प्रकाशन ।

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर (२०५७), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार**, भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति**, किर्तिपुर, काठमाण्डौं : स्टुडेण्ट्स् बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

ढकाल, माधवप्रसाद (२०५४), **शैक्षिक सुपरिवेक्षण**, काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

निरौला, डिल्ली (२०६४), **शैक्षिक योजना तथा व्यवस्थापन विषयको व्यवहारिक ज्ञान**, अप्रकाशित प्राक्टिकम, इन्द्रपुर, मोरङ : सुकुना बहुमुखी क्याम्पसमा प्रस्तुत ।

पाठक रिमाल, गङ्गा, लामा श्रेष्ठ, उमा (२०६१), **केटाकेटीको समस्यालाई कसरी बुझ्ने ?**, नयाँ वानेश्वर, काठमाण्डौ : नेसनल इन्स्टिच्युट अफ साइकोलोजी ।

पाठ्यक्रम विकास केन्द्र (२०५९), **प्राथमिक तहमा सामाजिक, वातावरण र स्वास्थ्य शिक्षा शिक्षण**, सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६२), **प्राथमिक शिक्षा पाठ्यक्रम**, सोनोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), **प्राथमिक विद्यालय पाठ्यक्रम, कक्षा ४-५**, सोनोठिमी, भक्तपुर ।

पोखरेल, बाबुराम (२०६५), **वातावरण विज्ञान शिक्षण**, पुतली सडक, काठमाण्डौ : प्रशान्ति प्रकाशन ।

पोखरेल, बाबुराम (२०६५/०६६), **शारीरिक शिक्षा शिक्षण**, पुतली सडक, काठमाण्डौ : प्रशान्ति प्रकाशन ।

शर्मा एण्ड शर्मा, चिरञ्जिवी, निर्मला (२०६१), **कक्षाकोठामा मनोविज्ञान**, भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

शिक्षा विभाग (२०६०), **सिर्जनात्मक तथा अभिव्यक्तिशील कला, शिक्षक स्रोत सामग्री**, सोनोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६२), **बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका**, सानोठिमी, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द (२०६१), **आधारभूत प्राथमिक शिक्षक प्रशिक्षण स्रोत सामग्री भाग-२**, सोनोठिमी, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), **सजायरहित शिक्षण सिकाइ तरिका सम्बन्धी शिक्षक तालिम कार्यक्रम, प्रशिक्षक प्रशिक्षण, निर्देशिका**, सानोठिमी, भक्तपुर ।

शैक्षिक तालिम केन्द्र 'ख' (२०६४), **प्रशिक्षक पुनर्ताजगी तालिम, प्रशिक्षक निर्देशिका तथा प्रशिक्षार्थी स्रोत सामग्री**, विराटनगर, मोरङ ।

सेरिड (२०६२), **फर्मेटिभ अनुसन्धान परियोजना, अनुसन्धान प्रतिवेदनहरूको सारसङ्क्षेप**, त्रि.वि., काठमाण्डौ ।

# अनुसूचिहरू

| | |
|---|---|
| अनुसूचि-१ | मोरङ जिल्लामा सञ्चालित बालमैत्री विद्यालयहरूको नामावली |
| अनुसूचि-२ | प्र.अ./शिक्षकहरूसँग सोधिने प्रश्नावली |
| अनुसूचि-३ | वि.व्य.स. अध्यक्ष तथा अभिभावकलाई सोधिने अन्तर्वार्ता प्रश्नावली |
| अनुसूचि-४ | वि.नि./स्रोतव्यक्ति/प्रशिक्षकसँग सोधिने अन्तर्वार्ता प्रश्नावली |
| अनुसूचि-५ | विद्यार्थीहरूसँग सोधिने अन्तर्वार्ता प्रश्नावली |
| अनुसूचि-६ | विद्यालय अवलोकन फाराम |
| अनुसूचि-७ | नमूना छनौट तालिका |
| अनुसूचि-८ | नमूना छनौटमा परेका विद्यालयका विवरण |

## अनुसूचि-१

### मोरङ जिल्लामा सञ्चालित बालमैत्री विद्यालयहरूको नामावली

| सि.नं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री आदर्श प्रा.वि. | रंगेली |
| २. | श्री जनता बाल प्रा.वि. | बुधनगर |
| ३. | श्री जाँते मा.वि. | जाँते |
| ४. | श्री हिमालय नि.मा.वि. | इटहरा |
| ५. | श्री रघुपति प्रा.वि. | विराटनगर |
| ६. | श्री बखरी प्रा.वि. | विराटनगर |
| ७. | श्री नि.मा.वि. कञ्चनवारी | विराटनगर |
| ८. | श्री ज्योति प्रा.वि., खारजी | विराटनगर |
| ९. | श्री भगवती प्रा.वि. | कटहरी |
| १०. | श्री जनप्रिय मा.वि. | कटहरी |
| ११. | श्री कवीर नि.मा.वि. | बेलावारी |
| १२. | श्री जनसेवा उ.मा.वि. | वयरवन |
| १३. | श्री शिक्षाविकाश मा.वि. | लेटाङ |
| १४. | श्री वेगनलाल प्रा.वि. | लखन्तरी |
| १५. | श्री सृजना नि.मा.वि. | उर्लावारी |
| १६. | श्री प्रभात प्रा.वि. | राजघाट |
| १७. | श्री वीरेन्द्र प्रा.वि. | दर्वेशा |
| १८. | श्री बुद्ध नि.मा.वि. | केरावारी |
| १९. | श्री मच्छिन्द्र उ.मा.वि. | केरावारी |
| २०. | श्री कालिका मा.वि. | टाँडी |
| २१. | श्री पब्लिक उ.मा.वि. | वनीगामा |
| २२. | श्री धनपाल मा.वि. | कसेनी |
| २३. | श्री पञ्चायत उ.मा.वि. | पथरी |
| २४. | श्री जनता मा.वि. | वाहुनी |
| २५. | श्री सरस्वती मा.वि. | बरडंगा |

## अनुसूचि-२

### प्र.अ./शिक्षकहरूसँग सोधिने प्रश्नावली

नाम : पद :

विद्यलाय : जिल्ला : अनुभव वर्ष :

*विकल्पहरू भएका प्रश्नहरूको हकमा एक भन्दा बढी विकल्पहरू उपयुक्त लागेमा उपयुक्त लागेका सबै विकल्पहरूमा (√) चिन्ह लगाउन सकिन्छ ।*

१. बालमैत्री विद्यालयका विशेषताहरू तलका मध्ये कुन कुनलाई तपाईं मान्नुहुन्छ ?
(क) सबै बालबालिकाहरूलाई स्वागत गर्ने विद्यालय
(ख) बालअधिकारको सुनिश्चितता भएको
(ग) बाल केन्द्रीत क्रियाकलाप भएको
(घ) सक्रिय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने
(ङ) बाल सहभागितामा जोड दिइने (च) समावेशीकरणको अवस्था
(छ) दण्डरहीत वातावरण (ज) विभेदरहीत अवस्था भएको
(झ) उपयुक्त भौतिक वातावरण भएको (ञ) अन्य भए उल्लेख गर्नुहोस् ।

२. तपाईंको विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन तपाईंले गर्नु भएका कामहरू के के छन् ?
(क)
(ख)

३. बालमैत्री विद्यालयमा शिक्षकको भूमिका कस्तो रहन्छ ?
(क) शिक्षक सक्रिय हुने । (ख) विद्यार्थीलाई सधैं सक्रिय बनाइ राख्ने ।
(ग) शिक्षक आफू निश्क्रिय हुने । (घ) शिक्षक निर्देशक तथा पथ प्रदर्शक हुने ।
(ङ) अन्य भए उल्लेख गर्नुहोस् ।

४. बालमैत्री विद्यालयमा के कस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गरिन्छ ?
(क) खेलको माध्यमबाट शिक्षण (ख) बालगीत, कविता र कथाको प्रयोग
(ग) पजलहरूको प्रयोग (घ) अभिनय तथा नाटकीकरण
(ङ) परियोजना कार्य (च) क्षेत्र भ्रमण
(छ) अन्य भए उल्लेख गर्नुहोस् ।

५. बालमैत्री विद्यालयमा कस्ता शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिन्छन् ?
(क) वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप
(ख) गरीव तथा जेहन्दार छात्रवृत्ति
(ग) दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति
(घ) शान्ति शिक्षा दिने
(ङ) शैक्षिक भ्रमण कार्यक्रम
(च) निरन्तर मूल्याङ्कन प्रक्रियाको कार्यान्वयन
(छ) अन्य भए उल्लेख गर्नुहोस् ।

६. विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन तपाईंले भोग्नु भएका समस्याहरू कुन कुन हुन् ?

(क) भौतिक व्यवस्थापनमा कठिनाइ
(ख) अभिभावकमा चेतनाको कमी
(ग) सबै शिक्षकलाई तालिम नहुनु
(घ) माथिल्ला कक्षामा मैत्रीपूर्ण वातावरण हुन नसक्नु
(ङ) विद्यालयको कमजोर आर्थिक अवस्था
(च) नियमित पृष्ठपोषणको अभाव

७. कुनै विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन कसको दायित्व सबैभन्दा बढी हुन्छ ?

(क) प्र.अ. को (ख) शिक्षकको
(ग) प्र.अ. र शिक्षकको (घ) जि.शि.का.को
(ङ) सरकारको (च) अन्य संघसंस्थाको
(छ) अभिभावकको

८. बालमैत्री विद्यालयबाट सबैभन्दा बढी कसले फाइदा पाउँछ ?

(क) प्र.अ. ले (ख) शिक्षकले
(ग) प्र.अ. र शिक्षक दुबैले (घ) विद्यार्थीले
(ङ) अभिभावकले (च) समाजले/राज्यले

९. बालमैत्री विद्यालयबाट हुने वेफाइदा केही छन् कि ? छन् भने उल्लेख गर्नुहोस् ।
उत्तर :

१०. बालमैत्री कक्षा सञ्चालन भएपछिको अवस्थामा शैक्षिक उपलब्धिमा कति भिन्नता पाउनु भयो ?

(क) ५% भन्दा कम (ख) ५-१०% सम्म बढी
(ग) १०% भन्दा बढी (घ) पहिले भन्दा न्यून
(ङ) पहिले भन्दा कुनै भिन्नता छैन ।

११. तपाईंको विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया कसरी सञ्चालन गर्नु भएको छ ?

(क) शैक्षिक सत्रको अन्त्यमा निर्णयात्मक रूपमा
(ख) शैक्षिक सत्रको बीच-बीचमा पनि निर्माणात्मक रूपमा
(ग) प्रत्येक पाठसँगसँगै निरन्तर मूल्याङ्कनको रूपमा
(घ) विद्यार्थीको कार्यसञ्चयिका राखेर

१२. तपाईंको विद्यालयको भौतिक अवस्था कस्तो रहेको छ ? भवन, कक्षाकोठा, फार्निचर, शौचालय, खेल मैदानको अवस्था उल्लेख गर्नुहोस् ।

१३. बालमैत्री विद्यालयमा छात्रवृत्ति व्यवस्था कस्तो भए राम्रो हुन्थ्यो ?
उत्तर :

१४. बालमैत्री विद्यालयको परिभाषा कस्तो दिनु उपयुक्त होला ?
उत्तर :

## अनुसूचि-३

## वि.व्य.स. अध्यक्ष तथा अभिभावकलाई सोधिने अन्तर्वार्ता प्रश्नावली

नाम : पद :

विद्यलाय : जिल्ला :

१. कस्तो विद्यालयलाई बालमैत्री विद्यालय मान्न सकिन्छ ?
- (क) सबै बालबालिकाहरूलाई स्वागत गर्ने विद्यालय
- (ख) बालअधिकारको सुनिश्चितता भएको
- (ग) बाल केन्द्रीत क्रियाकलाप भएको
- (घ) सक्रिय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने
- (ङ) बाल सहभागितामा जोड दिइने
- (च) समावेशीकरणको अवस्था
- (छ) दण्डरहीत वातावरण
- (ज) विभेदरहीत अवस्था भएको
- (झ) उपयुक्त भौतिक वातावरण भएको
- (ञ) अन्य भए उल्लेख गर्नुहोस् ।

२. तपाईंका बालबालिकाहरू विद्यालय जान रुचाउँछन् ?
- (क) रुचाउँछन् (ख) रुचाउँदैन

यदि रुचाउँदैनन् भने के कारणले होला भन्ने तपाईंले ठान्नु भएको छ ?
- (क) शिक्षकले पिटेर (ख) गृहकार्य धेरै भएर (ग) विद्यालयमा बस्ने ठाउँ नभएर
- (घ) छात्रवृत्ति नपाएर (ङ) साथीको संगत नराम्रो भएर (च) अन्य :

३. तपाईंको बालबालिकाहरूप्रति विद्यालयका शिक्षकले कस्तो व्यवहार देखाउनु भएको छ ?
- (क) मायालु (ख) साथीको जस्तो व्यवहार
- (ग) पढाउने र जाने अन्य मित्रवत व्यवहार छैन
- (घ) भेदभावपूर्ण
- (ङ) अन्य :

४. तपाईंको विद्यालयमा के कस्ता कक्षा क्रियाकलापहरू सञ्चालन भएको पाउनु भएको छ ?
- (क) खेलको माध्यमबाट शिक्षण (ख) बालगीत, कविता र कथाको प्रयोग
- (ग) पजलहरूको प्रयोग (घ) अभिनय तथा नाटकीकरण
- (ङ) परियोजना कार्य (च) क्षेत्र भ्रमण
- (छ) अन्य भए उल्लेख गर्नुहोस् ।

५. तपाईंको विद्यालयमा कस्ता शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिन्छन् ?
- (क) वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप
- (ख) गरीव तथा जेहन्दार छात्रवृत्ति

(ग) दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति
(घ) शान्ति शिक्षा दिने (ङ) शैक्षिक भ्रमण कार्यक्रम
(च) निरन्तर मूल्याङ्कन प्रक्रियाको कार्यान्वयन
(छ) अन्य भए उल्लेख गर्नुहोस् ।

६. तपाईंको विद्यालयका समस्याहरू के कस्ता पाउन भएको छ ?
(क) भौतिक व्यवस्थापनमा कठिनाइ (ख) अभिभावकमा चेतनाको कमी
(ग) सबै शिक्षकलाई तालिम नहुनु
(घ) माथिल्ला कक्षामा मैत्रीपूर्ण वातावरण हुन नसक्नु
(ङ) विद्यालयको कमजोर आर्थिक अवस्था (च) नियमित पृष्ठपोषणको अभाव

७. कुनै विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन कस्को दायित्व सबैभन्दा बढी हुन्छ ?
(क) प्र.अ. को (ख) शिक्षकको
(ग) प्र.अ. र शिक्षकको (घ) जि.शि.का.को
(ङ) सरकारको (च) अन्य संघसंस्थाको
(छ) अभिभावकको

८. बालमैत्री विद्यालयबाट सबैभन्दा बढी कस्ले फाइदा पाउँछ ?
(क) प्र.अ. ले
(ख) शिक्षकले
(ग) प्र.अ. र शिक्षक दुबैले
(घ) विद्यार्थीले
(ङ) अभिभावकले
(च) समाजले/राज्यले

९. बालमैत्री विद्यालयबाट हुने वेफाइदा केही छन् कि ? छन् भने उल्लेख गर्नुहोस् ।
उत्तर :

१०. बालमैत्री कक्षा सञ्चालन भएपछिको अवस्थामा तपाईंका बालबालिकाहरूको शैक्षिक उपलब्धिमा कति भिन्नता पाउनु भयो ?
(क) ५% भन्दा कम (ख) ५-१०% सम्म बढी
(ग) १०% भन्दा बढी (घ) पहिले भन्दा न्यून
(ङ) पहिले भन्दा कुनै भिन्नता छैन ।

११. तपाईंको विद्यालयमा छात्रवृत्ति व्यवस्था कस्तो भए राम्रो हुन्थ्यो ?
उत्तर :

१२. आफ्नो विद्यालयमा तपाईंले पुऱ्याउनु भएको योगदान उल्लेख गर्नुहोस् ।
उत्तर :

## अनुसूचि-४

## वि.नि./स्रोतव्यक्ति/प्रशिक्षकसँग सोधिने अन्तर्वार्ता प्रश्नावली

नाम : पद : कार्यालय:

जिल्ला : अनुभव वर्ष:

१. तपाईंले कुनै विद्यालयका शिक्षकलाई बालमैत्री सम्बन्धी तालिम दिनु भएको छ ? छ भने त्यो तालिममा कुन कुन विषयवस्तु राखिएको थियो ?
उत्तर :

२. तपाईंले दिनु भाएको तालिमअनुसार विद्यालयहरूमा कक्षा सञ्चालन भएको छ ?
(क) छ (ख) छैन

३. तपाईंले विद्यालयको अनुगमन गर्न जाँदा बालमैत्री विद्यालयको शैक्षिक वातावरण कस्तो पाउनु भएको छ ?
(क) विद्यार्थीहरू रमाइलो वातावरणमा पढेको
(ख) अन्य विद्यालयभन्दा फरक वातावरण नभएको
(ग) विद्यार्थीहरू डर त्रासमा पढ्न बाध्य भएको
(घ) विद्यार्थीहरू खेलेर मात्र रहेको
(ङ) अन्य :

४. बालमैत्री विद्यालयका विशेषताहरू तलका मध्ये कुन कुनलाई तपाईं मान्नुहुन्छ ?
(क) सबै बालबालिकाहरूलाई स्वागत गर्ने विद्यालय
(ख) बालअधिकारको सुनिश्चितता भएको
(ग) बाल केन्द्रीत क्रियाकलाप भएको
(घ) सक्रिय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने
(ङ) बाल सहभागितामा जोड दिइने
(च) समावेशीकरणको अवस्था
(छ) दण्डरहीत वातावरण
(ज) विभेदरहीत अवस्था भएको
(झ) उपयुक्त भौतिक वातावरण भएको
(ञ) अन्य भए उल्लेख गर्नुहोस् ।

५. तपाईंको विचारमा बालमैत्री विद्यालयमा के कस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गरिनुपर्छ ?
(क) खेलको माध्यमबाट शिक्षण (ख) बालगीत, कविता र कथाको प्रयोग
(ग) पजलहरूको प्रयोग (घ) अभिनय तथा नाटकीकरण
(ङ) परियोजना कार्य (च) क्षेत्र भ्रमण

(छ) अन्य भए उल्लेख गर्नुहोस् ।

६. बालमैत्री विद्यालयमा कस्ता शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ ?
(क) वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप
(ख) गरीव तथा जेहन्दार छात्रवृत्ति (ग) दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति
(घ) शान्ति शिक्षा दिने (ङ) शैक्षिक भ्रमण कार्यक्रम
(च) निरन्तर मूल्याङ्कन प्रक्रियाको कार्यान्वयन
(छ) अन्य भए उल्लेख गर्नुहोस् ।

७. तपाईंको विचारमा बालमैत्री विद्यालयमा कुन प्रकारको शिक्षणविधिको प्रयोग राम्रो ठान्नु हुन्छ ?
(क) शिक्षक केन्द्रित (ख) विद्यार्थी केन्द्रित

८. बालमैत्री विद्यालयका समस्याहरू कुन कुन हुन सक्छन् ?
(क) भौतिक व्यवस्थापनमा कठिनाइ (ख) अभिभावकमा चेतनाको कमी
(ग) सबै शिक्षकलाई तालिम नहुनु
(घ) माथिल्ला कक्षामा मैत्रीपूर्ण वातावरण हुन नसक्नु
(ङ) विद्यालयको कमजोर आर्थिक अवस्था (च) नियमित पृष्ठपोषणको अभाव

९. कुनै विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन कस्को दायित्व सबैभन्दा बढी हुन्छ ?
(क) प्र.अ. को (ख) शिक्षकको
(ग) प्र.अ. र शिक्षकको (घ) जि.शि.का.को
(ङ) सरकारको (च) अन्य संघसंस्थाको
(छ) अभिभावकको

१०. बालमैत्री विद्यालयमा दण्डको अवस्था कस्तो पाउनु भएको छ ?
(क) बढी शारीरिक दण्ड दिने (ख) बढी मानसिक दण्ड दिने
(ग) दण्डको घट्दो अवस्था (घ) दण्ड पूर्णतया हटेको अवस्था

११. कुनै विद्यालयमा बालमैत्री कक्षा सञ्चालन भएपछिको अवस्थामा तपाईंले शैक्षिक उपलब्धिमा कति भिन्नता पाउनु भयो ?
(क) ५% भन्दा कम (ख) ५-१०% सम्म बढी
(ग) १०% भन्दा बढी (घ) पहिले भन्दा न्यून
(ङ) पहिले भन्दा कुनै भिन्नता छैन ।

१२. बालमैत्री विद्यालयमा छात्रवृत्ति व्यवस्था कस्तो भए राम्रो हुन्थ्यो ?
उत्तर :

१३. बालमैत्री विद्यालयको परिभाषा कस्तो दिनु उपयुक्त होला ?
उत्तर :

## अनुसूचि-५

## विद्यार्थीहरूसँग सोधिने अन्तर्वार्ता प्रश्नावली

नाम : कक्षा :

विद्यलाय : जिल्ला :

१. तिमीले विद्यालयमा कस्तो वातावरण पाएका छौ ?
(क) घरायसी (ख) मायालु
(ग) सहयोगी (घ) दिक्कलाग्दो
(ङ) अन्य:

२. तिमीलाई विद्यालयमा शिक्षकले कुट्नु हुन्छ ?
(क) कुट्नु हुन्छ (ख) कुट्नु हुन्न
यदि कुट्नु हुन्छ भने के कारणले कुट्नु हुन्छ ?
(क) हल्ला गर्दा (ख) गृहकार्य नगर्दा
(ग) सोधेका प्रश्नहरूको उत्तर नदिँदा (घ) विना कारण
(ङ) अन्य:

३. कक्षाकोठा शिक्षणमा शिक्षकले कुन कुन तरिकाले पढाउनु हुन्छ ?
(क) खेलको माध्यमबाट शिक्षण (ख) बालगीत, कविता र कथाको प्रयोग
(ग) पजलहरूको प्रयोग (घ) अभिनय तथा नाटकीकरण
(ङ) परियोजना कार्य (च) क्षेत्र भ्रमण
(छ) अन्य भए उल्लेख गर्नुहोस् ।

४. तिम्रो विद्यालयमा कस्ता कस्ता शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिन्छन् ?
(क) वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप गर्ने
(ख) गरीव तथा जेहन्दार छात्रवृत्ति दिने
(ग) दलित तथा पिछडिएकाका लागि छात्रवृत्ति दिने
(घ) शान्ति शिक्षा दिने (ङ) शैक्षिक भ्रमणमा लैजाने
(च) निरन्तर मूल्याङ्कन प्रक्रियाको कार्यान्वयन
(छ) अन्य:

५. तिम्रो विद्यालयमा कस्ता समस्याहरू छन् ?
(क) कक्षामा बसाइ अप्ठ्यारो छ (ख) शिक्षकले ध्यान दिएर पढाउनु हुन्न
(ग) सबै शिक्षकले राम्ररी पढाउनु हुन्न (घ) विद्यालयमा पैसाको अभाव छ
(ङ) शैक्षिक सामग्री थोरै छन् (च) विद्यालयमा अभिभावकहरू आउनु हुन्न

६. तिमीलाई शिक्षकले के के गर्न लगाउनु हुन्छ ?
(क) चित्र बनाउन (ख) पढ्नलेख्न

(ग) खेल खेल्न (घ) नपढ्ने साथीलाई पिट्न
(ङ) गीत गाउन (च) अन्यः

७. तिमीलाई विद्यालयमा कस्ले बढी माया गर्नुहुन्छ ?
(क) प्र.अ. ले (ख) शिक्षकले
(ग) प्र.अ. र शिक्षक दुबैले (घ) शिक्षिकाले
(ङ) शिक्षक र शिक्षिका दुबैले

८. तिम्रो विद्यालयमा परीक्षा कसरी सञ्चालन हुन्छ ?
(क) वर्षको अन्तमा एक पटक (ख) वर्षको २ पटक
(ग) एकाई परीक्षा र अन्तिम परीक्षा (घ) २/४ दिनमा परीक्षा भइरहन्छ
(ङ) कुनै परीक्षा नै लिइदैन

९. भर्खरै भएको परीक्षामा तिमीले प्राप्त गरेको प्राप्ताङ्क कति छ ?
(क) अंग्रेजीमा................. (ख) नेपालीमा.......................
(ग) गणितमा..................

१०. तिमीले विद्यालयमा छात्रवृत्ति पाएका छौ ?
(क) छौ (ख) छैनौ
छौ भने कुन छात्रवृत्ति पाएको छौ ?
(क) दलित (ख) बालिका (ग) जान्ने विद्यार्थीलाई दिइने (घ) गरीबका लागि दिइने

११. बालमैत्री विद्यालय भन्ने सुनेका छौ ? छौ भने कस्तो विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ ?
(क) शिक्षकले पढ-पढ मात्र भन्ने र विद्यार्थीहरूले पढिरहने विद्यालय
(ख) विद्यार्थीका लागि पढ्ने राम्रो वातावरण र अवसरको विद्यालय
(ग) रमाइलो वातावरण भएको विद्यालय
(घ) शिक्षकले कहिल्यै नकुट्ने विद्यालय
(ङ) खेलेर रमाइलो मान्दै पढ्न पाइने विद्यालय

## अनुसूचि-६
## विद्यालय अवलोकन फाराम

विद्यालयको नाम र ठेगाना :

जिल्ला : अवलोकन गरिएको कक्षा :

प्र.अ.को नाम : वि.व्य.स. अध्यक्षको नाम :

तालिम प्राप्त शिक्षकको नाम :

१. बालमैत्री तरिकाबाट सञ्चालन भएका कक्षाहरू

१, २, ३, ४, ५

२. कक्षा व्यवस्थापनमा कार्पेट विछ्याइएको छ/छैन ?

३. कक्षा कोठामा चकटी राखिएको छ/छैन ? भित्ता लेखन छ/छैन ?

४. कक्षा १ मा कक्षा शिक्षण गरिएको छ/छैन ?

५. सामग्रीहरू कहाँ राखिएको पाइयो ?

(क) अफिसमा (ख) कक्षाकोठामा नै

(ग) अन्य

६. बालमैत्री रूटिङको प्रयोग गरिएको छ/छैन ?

७. छात्राको लागि छुट्टै शौचालय छ/छैन ?

८. खेल मैदान छ/छैन ?

९. कक्षा शिक्षणमा आज सञ्चालन गरिएका क्रियाकलापहरू क्रमश:

(क)

(ख)

१०. १ घण्टाको समयभित्र विद्यार्थीहरू कति पटक सक्रिय रहे ? वा करिव कति समय सक्रिय रहे ?

११. आजको कक्षामा कुन कुन खेलहरू खेलाइयो ?

१, २, ३, ४,

१२. विद्यालय सुधार योजना बनाइएको छ/छैन ?

१३. वार्षिक शैक्षिक योजना बनाइएको छ/छैन ?

१४. वार्षिक पाठ योजना बनाइएको छ/छैन ?

१५. कक्षामा लौराको प्रयोग गरिएको छ/छैन ?

१६. विद्यार्थी निर्मित सामग्री के के पाइयो ?

(क) (ख)

१७. कुन कुन छात्रवृत्ति विवरण गरिएको पाइयो ?

१८. अतिरिक्त क्रियाकलापको कुनै योजना बनाइएको छ/छैन ?

१९. आज कुनै अभिभावक विद्यालयमा आउनु भयो ?

आउनु भयो भने, नाम :

किन आउनु भयो ?

२०. वि.व्य.स.को बैठक कहिले कहिले बसेको छ ?

उत्तर:

२१. विगत तीनवटा बैठकमा कुन कुन विषयमा छलफल र निर्णय भएको पाइयो ?

उत्तर:

२२. बाल क्लब गठन भएर कार्य गर्ने गरेको छ/छैन ? छ भने कुन कुन कार्य गरेको छ ?

उत्तर:

२३. सुरक्षाको अवस्था कस्तो पाइयो ?

उत्तर:

२४. विद्यार्थी मूल्याङ्कनको अवस्था कस्तो र कसरी गरेको पाइयो ?

उत्तर:

२५. अन्य केही भए

अवलोकनकर्ताको नाम :

हस्ताक्षर :

अवलोकन समय : ........................देखि ............................सम्म

## अनुसूचि-७
## नमुना छनोट ताकि

| क्र. सं. | विद्यालयको नाम | प्र.अ. | शिक्षक | वि.व्य.स. अध्यक्ष | अभिभावक | विद्यार्थी | प्रशिक्षक | वि.नि.स्रो.व्य. | नमुना छनौट प्रक्रिया |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री पञ्चायत | १ | २ | १ | २ | २ | | | उद्देश्यमूलक नमुना छनौट विधि |
| २. | श्री कालिका मा.वि.,टाँडी | १ | २ | १ | २ | २ | | | |
| ३. | श्री कञ्चनवारी | १ | २ | १ | २ | २ | | | |
| ४. | श्री जनता बाल प्रा.वि., | १ | २ | १ | २ | २ | | | |
| ५. | श्री रघुपती प्रा.वि. रानी | १ | २ | १ | २ | २ | | | |
| ६. | श्री शै.ता.के. विराटनगर | – | – | – | – | - | १ | | |
| ७. | श्री जि.शि.का. मोरङ | – | – | – | – | - | – | ४ | |
| ८. | श्री सेभ द चिल्ड्रेन, | – | – | – | – | - | १ | | |
| जम्मा | | ५ | १० | ५ | १० | १० | २ | ४ | |

कूल नमुना जनसंख्या = ४६ जना

## अनुसूचि-८

## नमूना छनौटमा परेका विद्यालयका विवरण

| क्र. सं. | विद्यालयको नाम | प्र.अ.को नाम | शिक्षकहरू | वि.व्य.स. अध्यक्ष | अभिभावक | विद्यार्थीहरू | प्रशिक्षक, वि.नि. र स्रोतव्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १. | पञ्चायत उ.मा.वि. पथरी | चण्डिका प्रसाद राई | मेनुका राई<br>विष्णु भट्टराई | देवराज भण्डारी | अशोक राई<br>विना कु. सेन्चुरी | विमला राई<br>दिलिप कु. राई | प्रशिक्षकहरू<br>दुर्गा चुडाल<br>सुरज पाखीन<br><br>वि.नि. हरू<br>नवराज निरौला<br>जयप्रसाद महत<br><br>स्रोतव्यक्तिहरू<br>हरिनन्दन अच्छामी<br>मुक्तिनाथ निरौला |
| २. | कालिका मा.वि. टाँडी | लोकनाथ दाहाल | वुदुना वराइली<br>टंक माया सङमी | धर्म के.सी. | तिलक ब. मगर<br>विकास पुलामी | सुजता मगर<br>मदन शंकर | |
| ३. | कञ्चनवारी नि.मा.वि. विराटनगर | बद्री पराजुली | सूर्य कुमारी भण्डारी<br>मेनुका घिमिरे | दुर्गा प्रसाद राजवंशी | जयप्रकाश राजवंशी<br>कमला शर्मा | सुखदु कामत<br>रोजिना भट्टराई | |
| ४. | जनता बाल प्रा.वि. बुधनगर | विरेन्द्र मण्डल | धर्म कुमारी नगगाईं<br>उमानन्द राजवंशी | सीताराम सरवरीया | शिव प्रसाद सरवरीया<br>खट्टर सरवरीया | राजेन्द्र सरवरिया<br>अमृता कु. राजवंशी | |
| ५. | रघुपति प्रा.वि. विराटनगर | श्रीमती नीता राई | दीपक राई<br>रेजु सापकोटा | मो. फारुख मियाँ | जय खड्का<br>अशोक खड्का | विकास तामाङ<br>अमृता वि.क. | |